# हाम्रो नीलकण्ठ

# स्थानीय पाठ्यक्रम

धादिङ

वागमती प्रदेश

स्थानीय पाठ्यक्रम -२०७८

प्रकाशक

**पुस्तकः** हाम्रो नीलकण्ठ राम्रो नीलकण्ठ (१-८)

**प्रकाशक** : नीलकण्ठ नगरपालिका ,धादिङ

**पाठ्यक्रम निर्माण कार्यदल :**

**निर्माण संयोजक**

**डा.नवीनबन्धु पहाडी**

**सर्वाधिकार** :(c) प्रकाशकमा

मुद्रण : ५०० प्रति

प्रथम संस्करण : वि.सं. २०७८

# विषयसूची

## १ हाम्रो नीलकण्ठ पाठ्यक्रमको अवधारणा

स्थानीय पाठ्यक्रम स्थानीय आवश्यकता तथा स्थानीय उत्पादन, इतिहास जस्ता सन्दर्भमा केन्द्रित हुने नयाँ अध्ययन अध्यापनको क्षेत्र हो । यसले सकेसम्म स्थानीय जनशक्तिको नै अपेक्षा गरेको छ । नीलकण्ठ नगरपालिकाको इतिहासका पाइलाहरु खोजेर यहाँका कला भाषा संस्कृतिको उन्नयनका खातिर नै स्थानीय पाठ्यक्रमको संरचना तयार भएको हो । नेपालको सन्दर्भमा राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ देखि नै यसको अभ्यास हुँदै आएको थियो । हाल आएर प्रचलित नेपाल अधिराज्यको संविधानले स्थानीय सरकारलाई दिएको अधिकार,स्थानीय सरकार सञ्चालन ऐन, कार्यविधि तथा नीलकण्ठ नगरपालिकाको प्रचलित शिक्षा ऐन,नियमावलसमेतको अधीनमा रही यहाँका प्रकृतिक स्रोत, साधन, इतिहास, कला, साहित्य, जनशक्ति तथा उत्पादनहरुप्रति विद्यार्थीहरुलाई आकर्षण र प्रेम उद्‌बुध्द गर्ने अभिप्राय पाठ्यक्रमको रहेको छ । साथै यस पाठ्यक्रमले यहाँका प्राकृतिक तथा सामाजिक संभावनाहरुको खोजी गर्दै त्यसप्रति बालबालिकाको रुची एवम् अनुसन्धान गर्ने आदत विकास गर्ने लक्ष्य पनि लिएको छ । पाठ्यक्रमलाई सकेसम्म प्रयोगशील शैलीमा अभ्यास गर्ने ढाँचामा तयार गरिएको छ । यसको आन्तरिक अभिप्राय राष्ट्रप्रेम ,संस्कृति र कलाप्रति सम्मान जागृत भएका सभ्य सुशील नागरिक उत्पादनको मार्गचित्र पनि भएकाले त्यसतर्फ परिलक्षित गर्दै प्रशस्त अभ्यास तथा परियोजना कार्यहरु समाविष्ट छन् ।

नीलकण्ठ नगरभित्र प्रशस्त एतिहासिक स्थलहरु, घटनाहरु तथा व्यक्तिहरु जन्मिएका छन् । यहाँका कृषि उत्पादनले जिल्ला तथा देशैभर पहिचान बनाएका छन् । देशभर ख्याति कमाउने यात्रामा पनि छन् । त्यसैले यहाँका एतिहासिक घटना, व्यक्तिहरु, उत्पादन, पेशा, व्यवसाय सबै क्षेत्रलाई समेटेर नै स्थानीय पाठ्यक्रम तयार गरिएको छ । स्थानीय आवश्यकता, परम्परा र संस्कृतिलाई मूल आधार बनाएर यहाँको तत् स्थानिक विषयवस्तुहरुको जगमा हाम्रो नीलकण्ठ पाठ्यक्रम तयार भएको हो । नीलकण्ठ नगपालिको पहिचानको मुल सवालको आधारभूमिमा तयार भएको हाम्रो नीलकण्ठ पाठ्यक्रम जनमनको पाठ्यक्रम बन्न सक्नेछ भन्ने हाम्रो धारणा छ ।

## २ हाम्रो नीलकण्ठ पाठ्यक्रमको महत्व र विशेषता

स्थानीय पाठ्यक्रम प्रारूप, २०७५ ले स्थानीय पाठ्यक्रमको विशेषता एवम् महत्वलाई निम्नलिखित बुँदामा समेटेको छ :

- स्थानीय पाठ्यक्रमले स्थानीय सीप र जनशक्तिको सम्मान गर्छ
- स्थानीय आवश्यकता र त्यसलाई पूरा गर्ने सोचसँग सिकाइलाई जोड्छ ।
- स्थानीय मागमा आधारित हुन्छ ।
- स्थानीय स्रोत, साधन र विज्ञताको उपयोग गर्छ ।

- स्थानीय स्तरमा नै सिक्ने र सिकाउनेको सहभागिताको सुनिश्चितता गर्छ ।
- अपनत्वको भावनाको विकास गराउँछ ।
- यसले स्थानीय स्तरमा रहेका सरोकारवालाको क्षमता अभिवृद्धि गर्छ ।
- रोजगार तथा स्वरोजगारको सिर्जना गर्छ ।
- यसले सैद्धान्तिकभन्दा व्यावहारिक पक्षमा जोड दिन्छ ।
- विद्यार्थी केन्द्रित र प्रयोगात्मक विधिमा जोड दिन्छ ।
- स्थानीय कला,संस्कृति, लोक साहित्य, परम्परा अक्षुण राख्न सहयोग पुग्छ ।
- पुर्खापहरुप्रति सम्मान जागृत हुन्छ ।
- नयाँ र पुराना ज्ञानलाई एकीकरण गर्छ , सहकार्य गराउँछ ।
- समाधानमुखी हुन्छ
- कम खर्चिलो र ज्यादा व्यवहारिक हुन्छ ।

३..स्थानीय पाठ्यक्रम अन्तर्गत **हाम्रो नीलकण्ठ** निर्माणको औचित्य

रष्ट्रिय तथा प्रादेशिक शिक्षा ऐन नियमावली तथा माथिबाट निर्मित पाठ्यकमहरुले स्थानीय आवश्यकता, इतिहास, संभावनाहरुलाई सम्बोधन गर्ने सक्दैन । यहाँका पर्यटकीय केन्द्रहरुको उत्खनन्, इतिहासका केस्राहरुको अनुशीलन तथा उत्पादनको बजारीकरणका लागि मिहिन अन्वेषण माथिबाट निर्देशिक पाठ्यकमबाट संभावना नभएकै कारण पनि स्थानीय आवश्यकता, संभावना र सनातन संस्कृति, साहित्य, कला, भाषा आदिको नवागत पुस्तामा हस्तान्तरणको लागि पनि स्थानीय पाठ्यकम अन्तर्गत हाम्रो नीलकण्ठ पाठ्यकम निर्माण गरि कार्यान्वयनमा ल्याइएको छ ।

## ४. पाठ्यक्रम विकासमा अवलम्वन गरिएका सिद्वान्त तथा प्रक्रिया

**क) बाल मनोविज्ञान**

**ख) शिक्षाका आधारभूत सिध्दान्तहरु**

**ग) पाठ्यकमका निर्देशक मान्यताहरु**

**घ) बालकेन्द्रीत पाठ्यक्रमका प्रक्रियाहरु**

**ङ) नीलकण्ठ न.पा भित्रका एतिहासिक धार्मिक सामाजिक इतिहास र सम्वध्द दस्ताबेजहरु**

**च) नीलकण्ठ नगर शिक्षा ऐन**

## ५. स्थानीय पाठ्यक्रम र नीतिगत व्यवस्था

### क) नेपालको संविधान

नेपालको वर्तमान सम्विधानले तीन तहको सरकारको व्यवस्था गरेको छ । सो व्यवस्था अनुरुप माध्यमिक तहसम्मको शिक्षालाई स्थानीय तहकै जिम्मा लगाइएको छ । सोही भावना अनुसार प्रस्तुत पाठ्यक्रम तयार पारिएको छ । वि.सं. २०७२ सालमा जारी नेपालको संविधानको भाग ३ मा मौलिक हकको व्यवस्थाअन्तर्गत धारा ३२ मा भाषा तथा संस्कृतिको हकको व्यवस्था गरिएको छ । यसको उपधारा (२) मा प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो समुदायको सांस्कृतिक जीवनमा सहभागी हुन पाउने हक हुने छ र उपधारा (३) मा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्द्धन र संरक्षण गर्ने हक हुने छ भन्ने प्रावधान रहेको छ ।

अतः यसलाई व्यवहारतः कार्यान्वयनका लागि स्थानीय पाठ्यक्रममार्फत समाजमा रहेका भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदालाई जगेर्ना गर्ने प्रकृतिको ज्ञान, सीप र प्रविधि विद्यार्थीलाई दिनु जरुरी छ। यसका लागि स्थानीय पाठ्यक्रमको विकास र प्रभावकारी कार्यान्वयन नै एक सशक्त माध्यम रहेको छ ।

### ख) पन्ध्रौं योजना (२०७६/०७७-२०७९/०८०)

प्रत्येक देशलाई गतिशील विकासको यात्रामा प्रवृत्त गराउनका लागि आवधिक योजनाहरुले मार्गनिर्देश गरेको हुन्छ । नेपालको दीगो विकास लक्ष्य हासिल गर्नकै लागि आवधिक योजनाहरु र त्यसको फलिभूत क्रियान्वयनले विकाशील देशको दिशामा आरुढ गराउँदै छ । स्थानीय सरकारलाई माध्यमिक तहसम्मको शिक्षाको जिम्मेवारी प्रदान गर्ने अभिप्राय पन्ध्रौं योजनाको मार्गनिर्देशन पनि हो । पन्ध्रौं योजनाको उद्देश्य प्राप्तिका लागि परिलक्षित मानव संसाधन, पूर्वाधार तथा प्रविधिको विकास र जीवनोपयोगी ज्ञान र सीपमा आधारित पाठ्यक्रममार्फत् सबै

तहको शिक्षामा गुणस्तर सुनिश्चित गर्ने रणनीतिलाई विद्यालय शिक्षाको पाठ्यक्रम र पाठ्यपुस्तक समयानुकूल परिमार्जन गर्नुका साथै आधारभूत तहको कक्षा १ देखि ३ सम्मको एकीकृत पाठ्यक्रम कार्यान्वयन गर्दै आधारभूत तहको शिक्षण सिकाइका लागि आवश्यकताअनुसार माध्यम भाषाको रूपमा मातृभाषा वा स्थानीय भाषा वा नेपाली भाषा प्रयोग गर्ने व्यवस्था मिलाई सङ्घीय तहबाट तोकिएको मापदण्डबमोजिम विद्यालय तहको स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री स्थानीय तहबाट विकास गर्ने गरी स्थानीय तहको क्षमता विकास गरिने छ भन्ने कार्यनीतिमार्फत प्राप्त गर्ने व्यवस्था गरिएको छ ।

**ग) स्थानीय सरकार सञ्चालन ऐन, २०७४**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) (४) मा मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमनसम्बन्धी व्यवस्था गरी स्थानीय पाठ्यक्रमको कार्यान्वयन अवस्थालाई इङ्गीत गरेको छ । यस्तै उक्त ऐनको दफा ११ (ज) (१८) मा स्थानीय स्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण गर्ने कुरा उल्लेख गरिएको छ । यसले पनि स्थानीय पाठ्यक्रम निर्माणको अभिप्राय स्पष्ट भएको हो ।

**घ) राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०६३**

(क) स्थानीय पाठ्यक्रमका सामान्य पथप्रदर्शनका सिद्धान्त तयार गर्ने र त्यसैका आधारमा थप विषयवस्तु स्थानीय तहमा समावेश गर्ने

(ख) केन्द्रीय पाठ्यक्रमको संरचनाका आधारमा निश्चित गरिएको पाठ्यभारका लागि विषय, विषयवस्तु छनोटदेखि सम्पूर्ण प्रक्रिया स्थानीय तहमा नै विकास र व्यवस्थापन गर्ने

(ग) स्थानीय तहमा नै स्थानीय परिवेश, व्यक्ति, समाज, राष्ट्र र विश्वव्यापी परिवेशलाई सम्बोधन गर्ने पाठ्यक्रमको विकास र व्यवस्थापन गर्ने

**ङ) राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६**

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ मा स्थानीय पाठ्यक्रमका लागि कक्ष १–३ मा ५ पाठ्यघण्टा अर्थात् वार्षिक १६० घण्टा र कक्षा ४–८ मा यसका लागि ४ पाठ्यघण्टा अर्थात् वार्षिक १२८ घण्टा छुट्याइएको छ । उक्त प्रारूपमा स्थानीय पाठ्यक्रम सम्बन्धमा निम्नलिखित कुरा उल्लेख गरिएको छ :

(क) स्थानीय आवश्यकताको पहिचानमा स्थानीय तहमा पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गरिने छ ।

(ख) राष्ट्रिय पाठ्यक्रमको ढांचाका आधारमा पाठ्यक्रमको स्थानीय तहमा अनुकूलन गरी स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गरिने छ ।

(ग) स्थानीय पाठ्यक्रममा आवश्यकतानुसार विषयवस्तुहरू परिमार्जन तथा सिकाइ उपलब्धिको मापन गर्ने कार्य स्थानीय तहबाट गरिने छ ।

(घ) स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्दा बालकेन्द्रित, स्थानीय आवश्यकतामुखी हुने गरी लचकता प्रदान गरिने छ ।

(ङ) राष्ट्रिय पाठ्यक्रमको संरचनाभित्र रही स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयनका लागि प्राविधिक तथा व्यवस्थापकीय रूपमा स्थानीय तहलाई सक्षम र जिम्मेवार बनाइने छ ।

(च) स्थानीय पाठ्यक्रम कार्यान्वयन, विद्यालयको वार्षिक कार्यक्रम, कक्षाकोठाको व्यवस्थापन तथा शैक्षणिक विधिका सम्बन्धमा विद्यालयले निर्णय लिने छ ।

(छ) स्थानीय पाठ्यक्रमको स्वीकृति प्रदेश वा स्थानीय तहमा रहने पाठ्यक्रमसम्बद्ध संरचनाबाट हुने छ ।

### च) राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०४९

बि.स. २०४७ साल फागुन १४ गते गठित राष्ट्रिय शिक्षा आयोगले २०४९ सालमा सरकारसमक्ष प्रतिवेदन पेस गरेको थियो । यस प्रतिवेदनले परिवर्तित सन्दर्भलाई अङ्गीकार गरी भावी पाठ्यक्रमका बारेमा देहायबमोजिमको समस्या उल्लेख गर्दै विभिन्न विषयमा सिफारिस गरेको छ :

(क) ग्रामीण परिवेशसंग सान्दर्भिक कार्यकलाप पाठ्यक्रममा नराख्नका कारण धेरैजसो केटाकेटी विद्यालयका शैक्षिक क्रियाकलापमा कुनै चाख दिँदैनन् र विद्यालय छोडिदिन्छन् ।

(ख) जातीय जीवनका विविध पक्षलाई पाठ्यक्रममा समुचित रूपले समायोजन गरी ज्ञान र समझदारीको विकास गर्नुपर्दछ ।

(ग) प्राथमिक तहको पाठ्यक्रमलाई देशको आवश्यकता सुहाउँदो सान्दर्भिक र व्यावहारिक बनाउनुपर्ने आवश्यकता छ । यसलाई क्षेत्रीय वा स्थानीय आवश्यकतालाई सुहाउँदो व्यवस्था गर्नु उपयुक्त हुन्छ ।

(घ) कुनै इच्छुक विद्यालय वा समुदायले आफ्नो क्षेत्रको विद्यालयमा छुट्टै पाठ्यक्रम तयार गरी लागू गर्न चाहेमा त्यस्तो पाठ्यक्रम शिक्षाका उद्देश्य र लक्ष्यसँग तालमेल खानुपर्छ र नेपाल सरकार, शिक्षा मन्त्रालयबाट स्विकृत गरिएको हुनुपर्छ ।

**छ) विद्यालय क्षेत्र विकास योजना**

सन् २०१६ देखि सन् २०२२ सम्मका लागि ल्याइएको विद्यालय क्षेत्र विकास योजनाले सीप सिकाउने सन्दर्भमा परम्परागत तथा स्थानीय ज्ञानको प्रयोग कसरी भइरहेको छ, सोको खोजी गर्ने र मातृभाषा, राष्ट्रिय भाषा तथा अन्तर्राष्ट्रिय भाषा गरी शिक्षण सिकाइका माध्यमका रूपमा त्रैभाषिक नीति अवलम्बन गर्ने व्यवस्था गरेबाट स्थानीय मातृभाषाको जगेर्ना र प्रयोगलाई संवर्द्धन गरेको छ ।

**ज) प्राथमिक शिक्षा पाठ्यक्रम, २०६३ र २०६५**

प्राथमिक शिक्षा पाठ्यक्रम, २०६३ तथा २०६५ ले प्राथमिक तह (१-५) मा स्थानीय विषय/मातृभाषा विषयलाई पाठ्यभार ४ र पूर्णाङ्क १०० कायम गरेको छ । यसमा निम्नानुसार हुनुपर्ने व्यवस्था गरिएको छ :

(क) विद्यालयमा पठन पाठन हुने मातृभाषाको छनोट गर्दा बहुसङ्ख्यक विद्यार्थीले बोल्ने मातृभाषा छनोट गर्नुपर्ने

(ख) मातृभाषाको पठनपाठन गराउन नसकिने विद्यालयमा स्थानीय तहका लागि उपयोगी पेसा व्यवसाय, धर्म, परम्परा, संस्कृति, रीतिरिवाज, स्थानीय सम्पदा, वातावरण संरक्षण, खेतीपाती, स्थानीय प्रविधि, चाडपर्व, सामाजिक व्यवहार आदि स्थानीय विषय छनोट गरी पठन पाठन गराउन सकिने

(ग) मातृभाषा/स्थानीय विषयको पाठ्यक्रम तथा पाठ्यसामग्री स्रोत केन्द्रको सहयोग र जिल्ला पाठ्यक्रम समन्वय समितिको समन्वयमा विद्यालयबाटै निर्माण गर्न सकिने छ । जिल्लाभर एउटै खालको विषय मिल्दो देखिएमा जिल्ला स्तर र स्रोत केन्द्र स्तरमा मात्र मिल्ने विषय भएमा स्रोत केन्द्रस्तरीय रूपमा पाठ्यक्रम निर्माण गर्न सकिने

(घ) पाठ्यक्रममा स्थानीय अंश : सामाजिक अध्ययन, सिर्जनात्मक कला र शारीरिक शिक्षा विषयको २० प्रतिशत पाठ्यभारको पाठ्यक्रम र पाठ्य सामग्री विद्यालय आफैँले निर्माण गर्न सक्ने छन् । यस्तो पाठ्यक्रममा सामाजिक अध्ययनका लागि ३२ घन्टी, सिर्जनात्मक कलाका लागि १९ घन्टी र शारीरिक शिक्षाका लागि १२ घन्टी निर्धारण गरिएको

(ङ) स्थानीय विषयको पाठ्यक्रमअन्तर्गत संस्कृतका विषयवस्तु पनि पठनपाठन गर्न सकिने

**ञ).आधारभूत शिक्षा (कक्षा ६-८) पाठ्यक्रम, २०६९**

आभारभूत तहको कक्षा ६ देखि ८ सम्मको पाठ्यक्रममा विद्यमान प्राथमिक तह कक्षा १-५ को पाठ्यक्रमभन्दा केही फरक व्यवस्था गरिएको छ। यसमा मातृभाषा वा स्थानीय विषय वा संस्कृत वा अन्य विषय भनी यसलाई पाठ्यभार ५ र पूर्णाङ्क १०० कायम गरिएको छ। संस्कृत र गुरुकुल शिक्षातर्फ स्थानीय पाठ्यक्रमका बारेमा व्यवस्था गरिएको छैन भने गोन्पा तथा विहार शिक्षातर्फ स्थानीय विषय वा बौद्ध शिक्षा वा सम्भोटा व्याकरण वा अन्य विषय भनी पाठ्यभार ५ र पूर्णाङ्क १०० कायम गरिएको छ। यी विषयलाई प्रस्ट पार्दै भनिएको छ :

(क) विद्यालयमा पठनपाठन हुने मातृभाषाको छनोट पाठ्यक्रम निर्माण, पाठ्यपुस्तक विकास तथा कार्यान्वयन स्थानीय निकायको परामर्शमा विद्यालय वा सम्बन्धित शैक्षिक संस्था आफैँले गर्ने

(ख) स्थानीय विषयको हकमा स्थानीय तहका लागि उपयोगी सीप, धर्म, परम्परा, संस्कृति, रीतिरिवाज, स्थानीय सम्पदा, वातावरण संरक्षण, स्थानीय प्रविधि, चाडपर्व, सामाजिक व्यवहार आदि विषयवस्तुसम्बन्धी विषय स्थानीय निकायको परामर्शमा विद्यालय आफैँले छनोट गर्न सक्ने । यस्ता विषयको पाठ्यक्रम निर्माण, पाठ्यपुस्तक विकास तथा कार्यान्वयन स्थानीय निकायको परामर्शमा विद्यालय वा सम्बन्धित शैक्षिक संस्था आफैँले गर्ने छ ।

(ग)मातृभाषा र स्थानीय विषयको पाठ्यक्रम तथा पाठ्यसामग्री स्रोत केन्द्रको सहयोग र जिल्ला पाठ्यक्रम समन्वय समितिको समन्वयमा विद्यालय आफैँले निर्माण गर्ने छ। जिल्लाभर एउटै खालको विषय मिल्दो देखिएमा जिल्लास्तरमा र स्रोतकेन्द्रस्तरमा मात्र मिल्ने विषय भएमा स्रोतकेन्द्रस्तरीय रूपमा पाठ्यक्रम निर्माण गर्न सकिने

(घ)अन्य विषयका रूपमा कम्प्युटर तथा सूचना प्रविधि, सामाजिक शास्त्रअन्तर्गतका विषय, भाषा समूहका विषय, गणित तथा विज्ञान समूहका विषय, परम्परागत चिकित्सा पद्धति, सहकारी शिक्षा, सङ्गीत, मूर्तिकला, काष्ठकला, वास्तुकलालगायतका मागमा आधारित विषय पर्ने । उपलब्ध साधन र स्रोतका आधारमा पाठ्यक्रम विकास केन्द्रले यस्ता विषयको पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गर्दै जाने

**झ) आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम, २०७६**

आधारभूत तहमा पाठयक्रम निर्माण तथा कार्यान्वयन गर्दा निम्नलिखित पक्षहरू समावेश गरिने छ :

(क) स्थानीय विषयअन्तर्गत मातृभाषा, स्थानीय ज्ञान, सीप र प्रविधिमा आधारित विषयसँग सम्बन्धितक्रियाकलाप पर्ने छन् । स्थानीय विषयअन्तर्गत मातृभाषा वा मातृभाषा र स्थानीय विषय समावेश गर्नुपर्ने छ । सिर्जनात्मक सीप विकाससम्बन्धी क्रियाकलापलाई अन्य विषय क्षेत्रका क्रियाकलापहरूसँग पनि सम्बन्धित गराउनुपर्ने छ । स्थानीय विषयको पाठ्यक्रम र पाठ्यसामग्री विद्यालयले स्थानीय विज्ञ, अभिभावक तथा स्थानीय तहको सहयोग र समन्वयमा विकास गरी कार्यान्वयनमा ल्याउने छ । संस्कृत, गुरुकुल, गुम्बा/विहार, मदरसा, किरात मुन्धुमजस्ता परम्परागत शिक्षापद्धतिका हकमा नेपाली र सामाजिक विषयबाहेक अन्य विषयहरू परम्परागत शिक्षापद्धतिअनुसार अनुकूलन र विकास गरी कार्यान्वयन गरिने छ ।

(ख) संस्कृत तथा परम्परागत शिक्षाको प्रारम्भिक शिक्षा (कक्षा १-३) लाई एकीकृत सिद्धान्तअनुरूप साधारण शिक्षाकै समकक्षी शिक्षा प्रदान गरिने छ । यस शिक्षामा मातृभाषाका सटट्मा सम्बन्धित भाषा (संस्कृत रचना, भोट भाषा, अरेबिक र उर्दू भाषा, किरात लिम्बू भाषा आदि) का पाठ्यक्रम र पाठ्यसामग्री कार्यान्वयन गरिने छ ।

(ग) कक्षा १–३ को कूल पाठ्यभार २६ पाठ्यघण्टामध्ये ५ पाठ्यभारको मातृभाषा/स्थानीय विषय समावेश गर्नुपर्ने व्यवस्था छ । यसप्रकार स्थानीय पाठ्यक्रमका लागि वार्षिक १६० कार्यघण्टा छुट्याइएको छ भने यस्तो पाठ्यक्रम निर्माण तथा कार्यान्वयन विद्यालयहरूको समेत सहभागितामा स्थानीय तहले नै गर्नुपर्ने छ ।

ट) आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६–८) २०७७

आधारभुत शिक्षा पाठ्यक्रममा कक्षा ६–८ मा भने स्थानीय आवश्यकता तथा मागका आधारमा स्थानीय तहको समन्वयमा विद्यालयले मातृभाषा वा कुनै एक स्थानीय विषय वा संस्कृत विषय अध्यापन गराउन सक्ने व्यवस्था गरेको छ ।

**६ . हाम्रो नीलकण्ठ पाठ्यक्रमको संरचनात्मक पक्ष (ढाँचा)**

क) परिचय

ख) तहगत सक्षमता
ग) कक्षागत सिकाइ उपलब्धि
घ) सिकाइ सहजीकरण प्रक्रिया
ङ) विद्यार्थी मूल्याङ्कन प्रक्रिया
च). विषयवस्तुको विस्तृतीकरण

**७. प्रयोग**

यो स्थानीय पाठ्यक्रम सरकारी र निजी दुवै विद्यालयमा लागू हुनेछ । यस स्थानीय पाठ्यक्रममा तपसील वमोजिमको संख्यामा क्षेत्र राखि विषयवस्तु सिकाई अनुभवलाई संगठित गरिनेछ । आवश्यकता अनुसार यसलाई अनुसन्धाता र नीलकण्ठ नगर सम्वन्धमा चासो राख्ने औपचारिक र अनौपचारिक क्षेत्रका सबैले नगर पालिकाको अनुमति लिएर प्रयोग गर्न सक्नेछन् ।

**विषय क्षेत्र**

१ नीलकण्ठ नगरपालिकाको परिचय,
२ नगरपालिका भित्रका उत्पादन , पेशा व्यवसाय र बजार

३ आफ्ना पुर्खाहरु र नीलकण्ठ नगरपालिकाको ऐतिहा;िक गतिविधि

४ पर्यावरण संरक्षण र प्राकृतिक सम्पदा,स्रोत सुरक्षा

५ नीलकण्ठ नगरपालिकाका सामाजिक मान्यता,समन्वय र सांस्कृतिक पक्ष

६ जनशक्ति र मानव संसाधन

७ भौगोलिक र जनसङ्ख्यिक अध्ययन

८ सुरक्षा, विपद सचेतिकरण र व्यवस्थापन,
९ स्थानीय विकास निर्माण गोरेटो घोडेटो , पुल पुलेसा र सडकहरु

१०. स्वस्थ्य नागरिक सभ्य नीलकण्ठ

११ स्थानीय पर्यटकीय र धार्मिक स्थल

## ८. विद्यालय शिक्षाका राष्ट्रिय उद्देश्यहरु

राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ अनुसार विद्यालय शिक्षाका राष्ट्रिय उद्देश्यहरु निम्नानुसार रहेका छन:

(क) प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गरी व्यक्तित्व विकास गर्ने,

(ख) संघीय लोकतान्त्रिक गणतन्त्रका मूल्य तथा मान्यताप्रति प्रतिवद्ध, राष्ट्र र राष्ट्रियताप्रति वफादार, स्वाभिमानी, सामाजिक तथा सांस्कृतिक विविधतालाई सम्मान गर्ने, चरित्रवान् , नैतिकवान एवम् जिम्मेवार नागरिक तयार गर्ने,

(ग) श्रमप्रति सम्मान एवम् सकारात्मक सवच भएका, रोजगार तथा स्वरोजगारउन्मुख, उत्पादनमुखी, उद्यमशील र सीपयूकत नागरिक तयार गर्ने,

(घ) व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक सद्भाव तथा सहिष्णुता र राष्ट्रिय एकता सुदृढ गर्न सहयोग पुऱ्याउने,

(ङ) प्राकृतिक तथा राष्ट्रिय सम्पदा र पर्यावरणको संरक्षण, संवर्धन र सदुपयोग गर्दै दिगो विकासमा योगदान गर्ने सचेत नागरिक तयार गर्ने,

(च) प्रत्येक व्यक्तिमा शान्ति, मानव अधिकार, समानता, समावेशिता र सामाजिक न्यायका मान्यता अनुरुपको आचरण विकास गरी समतामूलक, समावेशी, न्यायपूर्ण र समाजवाद उन्मुख राष्ट्र निर्माणमा मद्दत गर्ने,

(छ) राष्ट्रियाता तथा अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धी, आधुनिक सूचना तथा सञ्चार प्रविधि प्रयोग गर्न सक्ने विश्वपरिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने,

(ज) वैज्ञानिक अवधारणा, सत्य, तथ्य, सीप, सिद्वान्त तथा प्रविधिको प्रयोग गर्न सक्ने वैज्ञानिक सुझवुझ भएका र खोज तथा अनुसन्धानमूखी जनशक्ति तयार गर्ने,

(झ) रचनात्मक तथा समालोचनात्मक चिन्तन गर्ने, जीवनउपयोगी सिप भएका, सहिष्णु र भाषिक सक्षमतामा निपूर्ण नागरिक तयार गर्ने,

(ञ) नेपाली मौलिक कला, संस्कृति, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यहरुको संरक्षण, संवर्धन र विस्तारतर्फ अभिप्रेरित भई नेपाली पहिचानप्रति गौरव गर्ने नागरिक तयार गर्ने,

(ट) जलवायू परिवर्तन तथा प्राकृतिक एवम् मानव सिर्जित प्रकोप प्रति सचेत रहि सम्भाविक जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापन गर्न सक्षम नागरीक तयार गर्ने,

(ठ) सामाजिक न्यायमा आधारित समृद्ध राष्ट्र निर्माणका निम्ति बवश्यक मानव संसाधनको विकास गर्न ।

## ९) विद्यालय शिक्षाको पाठ्यक्रम संरचना

### क) कक्षा १–३ को क्रियाकलापमा आधारित पाठ्यक्रम संरचना

| क.स. | विषयसम्बन्धी क्रियाकलाप | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १. | भाषिक सिप विकाससम्बन्धी क्रियाकलाप (नेपाली) | ५ | १६० |
| २. | भाषिक सिप विकाससम्बन्धी क्रियाकलाप (अङ्ग्रेजी) | ४ | १२८ |
| ३. | गणितीय सिप विकाससम्बन्धी क्रियाकलाप (गणित) | ४ | १२८ |
| ४. | विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षा, सामाजिक अध्ययन, चारित्रिक विकास तथा सिर्जनात्मक कलासम्बन्धी क्रियाकलाप (सेरोफेरो) | ८ | २५६ |
| ५. | मातृभाषिक तथा स्थानीय विषयका क्रियाकलाप | ५ | १६० |
| | **जम्मा** | **२६** | **८३२** |

**ख) आधारभुत शिक्षा कक्षा ४–५ को पाठ्यक्रम संरचना**

| क्र.सं. | विषय | पाठ्यघण्टा | कार्यघण्टा |
|---|---|---|---|
| १ | नेपाली | ५ | १६० |
| २ | **अंग्रेजी** | ५ | १६० |
| ३ | गणित | ५ | १६० |
| ४ | विज्ञान प्रविधि | ५ | १६० |
| ५ | सामाजिक अध्ययन र मानव मूल्य शिक्षा | ५ | १६० |
| ६ | स्वास्थ शारिरीक र सि.कला | ३ | ९६ |
| ७ | स्थानीय विषय | ४ | १२८ |
| | जम्मा | ३२ | १०२४ |

**ग) आधारभुत शिक्षा कक्षा ६–८ को पाठ्यक्रम संरचना**

| क्र.सं. | विषय | पाठ्यघण्टा | कार्यघण्टा |
|---|---|---|---|
| १ | नेपाली | ५ | १६० |
| २ | **अंग्रेजी** | ५ | १६० |
| ३ | गणित | ५ | १६० |

| | | | |
|---|---|---|---|
| ४ | विज्ञान प्रविधि | ५ | १६० |
| ५ | सामाजिक अध्ययन र मानव मूल्य शिक्षा | ५ | १६० |
| ६ | स्वास्थ शारिरीक ( सिर्जनात्मक कला) | ३ | ९६ |
| ७ | स्थानीय विषय वा  संस्कृत भाषा | ४ | १२८ |
| | जम्मा | ३२ | १०२४ |

**घ) माध्यामिक शिक्षा कक्षा ९–१० को पाठ्यक्रम संरचना**

| क्र.सं. | विषय | पाठ्यघण्टा | कार्यघण्टा |
|---|---|---|---|
| १ | नेपाली | ५ | १६० |
| २ | **अंग्रेजी** | ५ | १६० |
| ३ | गणित | ५ | १६० |
| ४ | विज्ञान प्रविधि | ५ | १६० |

| | | | |
|---|---|---|---|
| ५ | सामाजिक अध्ययन | ४ | १२८ |
| ६ | ऐच्छिक प्रथम | ४ | १२८ |
| ७ | ऐच्छिक दितिय | ४ | १२८ |
| | जम्मा | ३२ | १०२४ |

**ङ) माध्यामिक शिक्षा कक्षा ११–१२ को पाठ्यक्रम संरचना**

| क्र.सं. | विषय | पाठ्यघण्टा | कार्यघण्टा |
|---|---|---|---|
| १ | नेपाली | ३ | ९६ |
| २ | **अंग्रेजी** | ४ | १२८ |
| ३ | सामाजिक अध्ययन र जीवनोपयोगी शिक्षा वा गणित | ५ | १६० |
| ४ | ऐच्छिक प्रथम | ५ | १६० |
| ५ | ऐच्छिक दितिय | ५ | १६० |
| ६ | ऐच्छिक तृतिय | ५ | १६० |
| | जम्मा | २७ | ८६४ |

## १०) हाम्रो नीलकण्ठ पाठ्यक्रम सफल कार्यान्वयनमा सरोकार पक्षको भूमिका

(क) **विद्यार्थी:** हरेक पाठ्यक्रम विद्यार्थी लक्षित हुन्छ र सरकारले समयानुकूल र आवश्यकता अनुरुपका जनशक्ति उत्पादनकै ध्येयले पाठ्यक्रम निर्माण गर्दछ । हाम्रो नीलकण्ठ पाठ्यक्रमको ध्येय पनि यहाँका नागरिकहरु आधारभूत रुपमा यहाँका परम्परा, इतिहास, कला, साहित्य,विकास निर्माणका गतिविधिबाट दीक्षित होऊन् । सभ्य सुसंस्कृत नागरिक उत्पादन होऊन् भन्ने मूल नारा र विशष्ट केही उद्देश्य निर्धारण गरिएको छ । आधारभूत तह कक्षा १- ८ पढने विद्यार्थीको रुची, आवश्यकता र चाहनालाई आधार मानेर स्थानीय पाठ्यक्रम विकास गर्नु पर्दछ । जुन भुगोल र समुदायका वालवालिकाहरुका लागि पाठ्यक्रम विकास गरिएको छ त्यसले उक्त भुगोल र समुदायसंग सम्बन्धित सिकाई अनुभव एवम विषयवस्तुलाई सम्वोधन गरेको हुनु पर्दछ । स्थानीय पाठ्यक्रम विकास र परिमार्जन एवम् कार्यान्वयनको समयमा आफ्नो संलग्नता र क्रियाशिलता हुनु पर्दछ ।

(ख) **शिक्षक:** विद्यार्थीको उमेर, रुचि, क्षमता, शैक्षिक सामग्रीको उपलब्धता, विद्यालयको वातावरण, पाठ्यक्रमबाट प्राप्त उपलब्धि, विषयवस्तु आदिका पक्षमा गहन छलफल गरी विकास गर्नु पर्दछ । शिक्षकले पाठानुकूल, प्रयोगात्मक विधि र बालमैत्री वातावरणमा उद्देश्यमुखी शिक्षणबाट आशातीत उपलब्धी हासिल गराउन क्रियाशील रहनु पर्दछ ।

(ग) **अभिभावक:** विद्यार्थीका अपेक्षा, आवश्यक विषयवस्तु, सिकाइ प्रक्रिया आदि विषयका बारेमा छलफल गरी सुझाव दिनुका साथै पाठ्यक्रममा निदृष्टि भूगोल, संस्कृति तथा विषयवस्तुलाई परिचित गराउन क्रियाशील रहनु पर्दछ । ।

(घ) **शिक्षक-अभिभावक संघ:** बालबालिकाको अध्ययन अध्यापन, सिकाई प्रक्रिया, स्थानीय पाठ्यक्रमका विषयवस्तु र कार्यान्वयनका बारेमा छलफल गरी अपेक्षित सुझाव दिनु पर्दछ ।

(ङ) **विद्यालय व्यवस्थापन समिति:** हाम्रो नीलकण्ठ पाठ्यक्रम विकास र कार्यान्वयनका क्रममा देखा पर्ने वा आइ पर्ने समस्या र सो समाधानका बारेमा छलफल गरी सुझाव दिनुका साथै प्रयोगका लागि अनुकुल वातावराण तयार गरिदिनु पर्दछ ।

(च) **वडा कार्यालय:** वडा शिक्षा समितिले आफ्नो वडावासी विशेषगरी वालवालिका लक्षित स्थानीय आवश्यकता र स्थानीय सिकाइ अनुभवहरु सहित आवश्यक सुझाव दिनु पर्दछ । यसको अतिरिक्त हाम्रो नीलकण्ठ पाठ्यक्रमको विकास र लागू गर्नका लागि क्षमता विकासमा स्रोतको प्रवन्धमा गर्दै आवश्यक तथ्य तथ्यांक उपलब्ध गराउने र अन्य कार्यमा समेत सहजीकरण गर्नु पर्दछ ।

(छ) **गाउँ कार्यपालिकाको कार्यालय:** हाम्रो नीलकण्ठ पाठ्यक्रम स्वीकृत गर्ने, कार्यान्वयमा लैजान निर्देशन गर्ने, शिक्षकहरुलाई प्रशिक्षण दिने, आवश्यकतानुसार र समयानुकूल परिमार्जन गर्ने, पाठ्यपुस्तक, शिक्षक निर्देशिका निर्माण गर्ने तथा समन्वय मूल्यांकन गर्ने आवश्यकतानुसार गाउँपालिका क्षेत्रका सवै सिकाइ अनुभव र सिकाईका क्षेत्र केन्द्रित विषयवस्तु एवम् पाठ्यसामग्रीहरु स्थानीय पाठ्यक्रममा समावेश भए नभएको एकीन गरी र सोको सहज र प्रभावकारी कार्यान्वयनका लागि अनुगमन सुपरीवेक्षण सहित

उपयुक्त राय सुझाव प्रदान गर्नुको अतिरिक्त आवश्यकता अनुसार प्राविधिक कार्यदल गठन र कार्य क्षेत्राधिकार प्रदान गर्नु पर्दछ । यसको विकास र प्रभावकारी लागू एवम् कार्यान्वयनको लागि स्रोत साधनको व्यवस्थाको अतिरक्त विद्यालयमा कार्यरत शिक्षण जनशक्ति क्षमता विकासको अवसर र वातावरण तयार गर्नु पर्दछ ।

ज) नगर शिक्षा शाखा

हाम्रो नीलकण्ठ पाठ्यक्रम कार्यान्वयनका लागि आवश्यक प्रशासनिक र प्रशिक्षणका साथै नगर कार्यपालिकाका तदनुरुपका सबै कार्य गर्नुपर्दछ ।

झ) अन्य (शिक्षाविद्, गैसस,...........)

हाम्रो नीलकण्ठ पाठ्यक्रम कार्यान्वयनका लागि आवश्यक पाठ्यसामग्री, शिक्षण सामग्री उत्पादन, प्रशिक्षणका साथै नगर कार्यपालिका र शिक्षकप्रशिक्षणका लागि सबै सहजिकरणका कार्य गर्नुपर्दछ ।

**११.हाम्रो नीलकण्ठ पाठ्यक्रमको**

**परिचय**

नीलकण्ठ नगरपालिकाको स्थापना .......................... साविक नीलकण्ठ, सुनौला बजार, मुरलीभज्याङ, लगायत गाउँ विकास समिति मिलाएर मन्त्रीपरिषद्को मिति .............................को निर्णयानुसार नीलकण्ठ नगरपालिका स्थापना भएको हो । मिति खाल्टे,ज्यामरुङ्, धुँवाकोट गाउँ विकास समिति पनि यसमा गाभिएर आकार विस्तार भएको छ । यस पालिका भित्र भैरवीकोट, रामकोट, धुँवाकोट लगायत एकीकरणकालीन सामरिक महत्वका कोटहरु रहेका छन् । यहाँ कृषि उत्पादन, पशुपालन, फलफूल खेतीका क्षेत्रहरु पनि पर्याप्त छन् । भैरवी, शङ्खादेवी, खाल्टे कालिका, भँगेरी भैरव आदि सनातन धार्मिक स्थलहरु पनि पर्याप्त छन् । यहाँका कोट, मठमन्दिरहरु पर्यटकीय दृष्टिले राष्ट्रिय गौरवका क्षेत्रहरु हुन सक्छन् । यस पालिकामा विन्दुकेशरा (थोपल) आँखु (नेत्रावती) लगायत नदीहरु जलस्रोत उत्पादन तथा सिञ्चाइका दृष्टिले उपयोगी छन् । कालुपाण्डे मार्ग, दामनपाखिन मार्ग, धादिङ बेसी फोस्रेटार सडक , धादिङ बेसी धुँवाकोट सडक, साँङ्कोस तिप्लिङ सडक पर्यटकीय र कृषिका दृष्टिले अत्यन्त उपयोगी छ । यहाँ उपलब्ध यस्तै एतिहासिक, साँस्कृतिक,पौराणिक, कृषि उत्पादन,व्यापार, व्यवसाय, पेशा, मानव संसाधनको अवस्थालाई अभिलेखन गर्दै ती गौरवशाली परम्पराप्रति आम विद्यार्थीहरुको अन्तस्करणका जिज्ञासा पैदा गर्न आवश्यक छ । हाम्रा सनातन परम्परा, एतिहासिकता, साँस्कृतिक सेरोफेरो, भौगोलिक अवस्थिति अनुसारका उत्पादनप्रति प्रेम र आकर्षण पैदा गरेर राष्ट्रियताको प्रवर्धन गर्न आवश्यक छ ।

**१२.तहगत सक्षमता**

यस पाठ्यक्रमको कार्यान्वयन पछि कक्षा १–८ को अन्त्यमा विद्यार्थीहरू निम्नलिखित कार्यहरूमा सक्षम हुने छन् :

१. नीलकण्ठ नगर पालिकाको भौगोलिक, ऐतिहासिक, पुरातात्विक, सामाजिक एवम् सांस्कृतिक सम्पदाहरूको खोजी, पहिचान र संरक्षणमा सहयोग

२. नीलकण्ठ नगर पालिकाको स्थानीय प्राकृतिक र वातावरणीय महत्वका स्थलहरूको विशेषता बताउन तथा संरक्षण र संवर्धनका लागि स्थानीय निकायका स्थिति

४. स्थानीय पर्यटकीय गन्तव्यहरूको पहिचान, महत्व र सम्भावनाहरूको खोज तथा प्रस्तुति

५. स्थानीय सार्वजनिक सङ्घसंस्था ,एतिहासिक र प्रसिध्द व्यक्ति तथा निकायहरूको परिचय र कार्यसमीक्षा

६. स्थानीय ज्ञान, सिप र प्रविधिको पहिचान एवम् स्थानीय पेसा र आयआर्जनका गतिविधिहरूमा संलग्नता

७. स्थानीय शैक्षिक अवस्था र गतिविधिको बोध तथा प्रस्तुति

८. स्थानीय सरकारको संरचना,गठन प्रक्रिया, सेवा तथा अवसरहरूको खोज तथा प्रस्तुति

९. स्थानीय उत्पादन र आयआर्जनको परिचय तथा अवस्था पहिचान

१०. विपद्सँग परिचित भई त्यसका असर र सावधानीका उपायहरूको पहिचान र अवलम्बन

११. स्थानीय क्षेत्रका जनसाँख्यिक अवस्था, मानव संसाधन, खेतीपाती र पशुपालनसम्बन्धी जानकारीको बोध तथा प्रस्तुति

१२) स्थानीय लोक कला, साहित्य र संस्कृतिप्रति आस्था जागृत

१३) स्वस्थ्य, सभ्य, राष्ट्रियताप्रति उत्तरदायी नागरिकको भूमिका ।

कक्षागत सिकाइ उपलब्धीहरु

| | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|---|---|---|---|
| **१ नीलकण्ठ नगर पालिकाको चिनारी** | १. आफनो गाउँ, नगर वा टोलको नाम बताउन | १. आफूबस्ने गाउँ टोल र त्यहाँ आउजाउ गर्ने बाटोको सामान्य परिचय दिन | १. जिल्लाको नक्सामा पालिका छुट्याउन, पालिकाको क्षेत्रफल, सिमाना र उल्लेख गर्न | १. आफ्नो पालिकाको मुख्य गाउँवस्ती, वन, नदी र बाटाहरुको परिचय दिन र महत्व बताउन २. आफ्नो पालिकाको मैदान, पहाड भूभाग | १. आफू बसेको वडाको नक्सा कोर्न, नक्सातथा सिमाना चिन्न, संरचनार सेवा बताउन | १.आफ्नो पालिकाको नक्सा बनाएर वडाहरु छुट्याउन, २.स्थानीय सरकारको परिचय, काम कर्तव्य र अधिकार बताउन ३. नीलकण्ठ नपाका हालका वडा र साविक | १. नीलकण्ठ नगर कार्यपालिकाको गठन प्रक्रिया उल्लेख गर्न २. नगरपालिकाको वडापत्र सम्बन्धी बताउन । | १. नीलकण्ठ नपाको नक्सामा भौगोलिक, प्राकृतिक र राजनैतिक विभाजन गर्न |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | एवम् टार र बेँसीहरू का नाम बताउन | | गाविस संरचनाको अवस्था पहिचान गर्न<br>४.नीलकण्ठ न.पा. भित्रका विकासका पूर्वाधारहरु बताउन | | |
| **२.नगरपालिका भित्रका उत्पादन , पेशा व्यवसाय र बजार** | २.आफ्नो समुदाय का मानिसक ो काम र पेसा चित्रमा चिन्न | २. आफ्नो वरपरका पेशा र व्यवसाय को नाम भन्न र चित्रमा भर्न | २. स्थानीयपेसा र व्यवसायक ो महत्व बताउन र यहाँ हुने घर पालुवा पशुपालनबाट हुने फाइदा उल्लेख | ३ स्थानीय कृषि उत्पादन हरुको परिचय दिन, उत्पादन को बजारिकण ा बताउन | २. ओरपरका सामाजिक क्षेत्रका जीविकोपार्जनका तरिकाहरु पहिचान गरी श्रम र बजारको महत्व बताउन | ५. श्रम र पेसा तथा उत्पादनको पहिचान गरी महत्व उल्लेख गर्न | ३ परम्परागत र आधुनिक प्रविधि तथा. स्थानीय कला र सिपको परिचय दिन र सम्मान गर्न एवम् सिपको | २. नगरपालिका क्षेत्रको उद्योग तथा व्यापारिक केन्द्रको परिचय र महत्व बताउन |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | गर्न | | | | अभ्यास गर्न<br>४. स्थानीय सहकारीहरु को परिचय दिन | |
| **३. आफ्नो वंश पुर्खा ,तथा नगरपालिकाको इतिहास र महत्वपूर्ण गतिविधि** | ३.आफ्नो परिवारका सदस्यहरु को नाम बताउन | ३. आफ्ना साथीका परिवारका सदस्यहरु को परिचय दिन | ३ नगरपालिकाको इतिहास बताउन<br>४.एतिहासिक स्थलहरूको नाम भन्न | ४. आफूबसेको गाउँ टोलको ऐतिहासिक पक्षहरू खोजी गर्न | ३. नीलकण्ठको इतिहास बताउन र नाम रहनुका कारणहरू पहिचान गर्न | ६. यहाँको बस्ती र इतिहासको सामान्य वर्णन गर्न,<br>७. नगरक्षेत्रभित्रका ऐतिहासिक, साहित्यिक तथा सामाजिक व्यक्तिहरुको चिनारी दिन ।<br>८. पुराना र राम्रा काम | ५. आफ्नो गाउँपालिकाका ऐतिहासिक व्यक्तित्वहरु को परिचय दिन | ३.नीलकण्ठ नगरपालिकाका महत्वपूर्ण पुराना घटनाहरु बारे बताउन, ऐतिहासिक, साहित्यिक, सामाजिक व्यक्तित्वहरुको जानकारी दिन |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | भएका स्थलहरु बारे बताउन । | | |
| **४.पर्यावरण संरक्षण र प्राकृतिक सम्पदा,स्रोत सुरक्षा** | ४.घर,गाउँ, टोल, बगैचा, बारी वरवर रहेका बोट विरुवा र नदीनालको पहिचान गर्न | ४.घर,गाउँ, टोल, बगैचा, बारी वरवर रहेका बोट विरुवा र नदीनालको पहिचन गर्दै चित्र बनाउन | ५. घर,गाउँ,टोल, बगैचा, बारी वरवर रहेका बोट विरुवा र नदीनालाको पहिचान गर्दै उपयोगिता उल्लेख गर्न | ५.घर,गाउँ, टोल, बगैचा, बारी वरवर रहेका बोट विरुवा र नदीनालाको परिचय गराउन | ४. घर,गाउँ,टोल, बगैचा, बारी वरवर रहेका बोट विरुवा र नदीनालाको परिचय सहित संरक्षणको आवश्यकता बताउन<br>५. स्थानीय स्तरमा पाइने जडीबुटीहरूको पहिचान गरी तिनको | ९. घर,गाउँ,टोल, बगैचा, बारी वरवर रहेका बोट विरुवा र नदीनालको उपयोगिता, संरक्षण गराउन र स्थानीय जडीबुटीहरूको पहिचान, महत्व र उपयोगिता खोजी गर्न | ६.स्थानीय तहमा आवश्यक प्राकृतिक सम्पदा र वातावरण संरक्षणका लागि अभ्यासहरूको खोजी गर्न र सुझाव दिन | ४.पर्यावरण संरक्षण र प्राकृतिक सम्पदा र सुरक्षाका लागि स्थानीय सरकारबाट भएका कार्यहरूको सूची तयार पार्न तथा आवश्यक सामान्य योजना बनाउन |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | आवश्यकता र प्रयोगका क्षेत्र बताउन | | | |
| **५. नीलकण्ठ नगरपालिकाका सामाजिक मान्यता,समन्वय र सांस्कृतिक पक्ष** | ५.आफ्नो वडामा मनाइने पर्व र चाडवाडको नाम भन्न<br>६. नीलकण्ठ नगरपालिकाका मुख्य धार्मिक स्थलहरु कोनाम बताउन | ५.नीलकण्ठ नगरपालिकाका धार्मिक तथा ऐतिहासिक स्थलहरुको तस्वीर पहिचान गर्न<br>६.स्थानीय स्तरमा मनाइने मुख्य चाडपर्वको नामको | ६. स्थानीय स्तरमा मनाइने विभिन्न चाडपर्वहरुको नाम, मेला, पर्व लाग्ने स्थल, पर्वहरुमा खाने खाना र प्रयोग गर्नेपहिरनहरु बारे भन्न | ६. कुमाल जातिको परिचय, बासस्थान, गतिविधि र मुख्य मुख्यसंस्कारहरु बताउन<br>७. आफ्नो वरपर बोलिने भाषाहरु बताउन | ६. आफ्नो वरपर बोलिने भाषाका वक्ताहरु र तिनको परिचय दिन<br>७.स्थानीय स्तरमा रहेका विभिन्न जातजातिहरूको स्थानीय परम्परा, रीतिरिवाज र संस्कारसँग | १०. स्थानीय स्तरमा रहेका विभिन्न जातजातिहरूको स्थानीय परम्परा, रीतिरिवाजको पहिचान र सम्मान गर्न<br>स्थानीय स्तरमा लिङ्ग र लैंगिकताको कुरा बुझ्न र प्राकृतिक भिन्नता | ७. स्थानीय स्तरमा रहेका विभिन्न जातजातिहरूको स्थानीय परम्परा, रीतिरिवाजको परिचय दिन र सम्मान एवम् संरक्षण गर्न<br>स्थानीय स्तरमा लिङ्ग र लैंगिकताको कुरा बुझ्न | ५. .स्थानीय स्तरमा हुने विभिन्न जात्राहरूको महत्व बोध गर्न<br>६. नेवार तथा तामाङ जातिहरूको परम्परा, रीतिरिवाज र संस्कारको परिचय दिन र महत्व बोध गर्न<br>स्थानीय स्तरमा लिङ्ग र लैंगिकताको कुरा बुझ्न र प्राकृतिक भिन्नता |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | सूची तयार पार्न | | | परिचित हुन<br>८. स्थानीय स्तरमा बोलिने कुनै एक भाषाको सामान्य परिचय र महत्व उल्लेख गर्न | बाहेकका सबै भूमिकाहरु महिला पुरूष तथा एल्जिब्टि आई ((तेस्रो)सबैले गर्न सक्दछन् भन्ने बुझ्न ।<br><br>समाजमा जातिय बिभेदहरु बुझ्न र बिभेदका कारणहरु पहिचान गर्न ।<br>११.<br>११.आफ्नो | र प्राकृतिक भिन्नता बाहेकका सबै भूमिकाहरु महिला पुरूष तथा एल्जिब्टिअ ाई सबैले गर्न सक्दछन् भन्ने बुझ्न र सोही अनुरुप ब्यबहार गर्न ।<br><br>८. स्थानीय स्तरमा भएका जातिय बिभेदहरु पहिचान गर्न | बाहेकका सबै भूमिकाहरु महिला पुरूष तथा एल्जिब्टिआई सबैले गर्न सक्दछन् भन्ने बुझ्न र परिवारलाई बुझाउन ।<br><br>सबै समुदायको समान अधिकार र अस्तित्व हुन्छ भन्ने कुरा बुझ्न र सबैलाई सम्मानजनक ब्यबहार गर्न ।<br><br>सामाजिक |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पालिकामा बोलिने भाषाको सम्मान र संरक्षण गर्न | र सबै समुदायको समान अधिकार र अस्तित्व हुन्छ भन्ने बुझ्न । | समावेशीकरणको अवधारणा बुझ्न तथा बुझाउन । |
| **६. जनशक्ति र मानव संसाधन** | ७.आफु बसोबास गर्ने ठाउँको विद्यालय हरुको नाम बताउन आफ्ना नजिकका विद्यालय हरुको नाम बताउन | ७.आफु बसोबास गर्ने ठाउँका विभिन्न काम गर्नेहरुको पहिचान गर्न नीलकण्ठ नगरपालिकाका विभिन्न वडाभित्र | ७.नीलकण्ठ नगरपालिका भित्र बसोबास गर्ने विभिन्न पेशाकर्मीहरुको सूचि बनाउन । ८.विभिन्न पेशा र तिनीहरुबाट हुने काम | ८.विभिन्न पेशा र तिनीहरुबाट हुने काम बताउन ९. आफूले चिनेका फरक पेशा र व्यवसायका मानिसहरुका | ९.विभिन्न पेशा र र तिनीहरुबाट हुने कामको महत्व बताउन १०. आफूले चिनेका फरक पेशा र व्यवसायका मानिसहरुका नाम र ठेगानाको | १२.विभिन्न पेशार तिनीहरुबाट हुने काम बताउन १३. आफूले चिनेका फरक पेशा र व्यवसायका मानिसहरुका नाम र ठेगानाको | ८. आफ्नो वरपर विभिन्न पेशार तिनीहरुबाट हुने कामको इज्जत गर्न ९. आफूले चिनेका फरक पेशा र व्यवसायका मानिसहरुले गर्ने | ७ स्थानीय स्तरमा गरिने .विभिन्न पेशा र तिनीहरुबाट हुने सेवाको अवस्था बताउन ८. आफूले चिनेका फरक पेशा र व्यवसायका मानिसहरुले कहाँ कसरी सेवा दिएका छन् तिनीहरुको टिपोट गर्न |

**Commented [AM1]:** All of these purple color contents have been added.

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ८. आफ्नो विद्यालय, त्यहाँका प्र.अ.,शिक्षकहरुको नाम भन्न | काम गर्ने श्रमिकहरुको पहिचान गर्न, ८. आफ्नो विद्यालय, त्यहाँका प्र.अ., शिक्षक र मजदुरहरुको कर्मचारीहरुको नाम तथा काम भन्न | बताउन | नामको सूची बनाउन | सूची बनाउन | सूची बनाउन | कामको विवरण सङ्कलन र वर्गीकरण गर्न<br><br>समाजमा हुने सम्पूर्ण पेशाहरु सबैले गर्न सक्दछन् भन्ने कुरा बुझ्न र सबै पेशा लाई सम्मान गर्नुपर्छ भन्ने बुझ्न । | समाजमा हुने सम्पूर्ण पेशाहरु महिला,पुरुष तथा सबैले गर्न सक्दछन् भन्ने कुरा बुझ्न र सबै पेशा लाई सम्मान गर्नुपर्छ भन्ने बुझ्न । |
| **७ भौगोलिक र जनसङ्ख्य** | ९. आफ्नो गाउँ र छिमेकका | ९. आफ्नो गाउँ र छिमेकका | ९. आफ्नो छिमेकी गाउँ र वडाको | १०. आफ्नो वडा र पालिकाको | ११.स्थानीय तहमा रहेकावन क्षेत्र, | १४. आफ्नो वडाको जनसङ्ख्याको | १०. आफ्नो पालिकाको जनसङ्ख्याको | ९.आफ्नो पालिकाको तथ्याङ्कहरुलाई विश्लेषण गर्न |

Commented [AM2]: This has been added in grade 8th too.

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **क अध्ययन** | गाउँघरको नाम भन्न । वरपरका अग्ला स्थान र बेसीको नाम बताउन १०. आफ्नो परिवारका , साथीका, आफन्तहरुका पारिवारिक सदस्यहरुको गणना गर्न र नाम | गाउँघवरपरका अग्ला स्थान र बेसीको नाम बताउन १०. .आफ्ना गाउँको सिमाना, खोला, वनजङ्गल आदिको सामान्य परिचय दिन | नाम,पहाडहरु र बजारहरुको हावापानी र बसोबास बताउन | विवरण दिन,बस्ती इलाका बारे बताउन । ११. बसोबास गर्ने जात जाति भाषा भाषि बारे बताउन १२.आफन्ो गाउँका विद्यालय जाने र नजाने बालबालिकाहरुको तथ्याङ्क बताउन | उत्पादन हुने छेत्र, खेत पाखो बारीहरु भन्न । १२. खानीहरूको पहिचान र महत्व उल्लेख गर्न १३. मुख्य बजारहरूको गतिविधिहरूको सामान्य जानकारी प्राप्त गर्न | तथ्याङक तालिकामा देखाउन र वडाको जनसंख्याको जातिगत विवरण तयार गर्न १५. धादिङको नक्साको न.पा. भर्न, सिमाहरु छुट्याउन । | तथ्याङक तालिका र बारग्राफमा मा देखाउन ११. मुख्य बजारर स्थानीयबीचको आर्थिक सामाजिक क्रियाकलापको खोजी गर्न १२. बग्ने नदीनाला नक्सामा देखाउन १३. सडक, सिमाले जोडिएका अन्य पालिका भर्न | १०.खानी संरक्षणका उपायहरू खोजी गर्न ११. बसाइसराईको अवस्था बताउन खण्डिकृत तथ्यांकहरु हेरेर बिश्लेषण गर्न । |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | भन्न | | | | | | खण्डिकृत तथ्यांक हरु हेरेर बिश्लेषण गर्न तथा किन हामीलाई खण्डिकृत तथ्यांक चाहिन्छ भनेर हेर्न । | |
| **८. विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन** | ११. आफ्ना घर, टोल वरपर रहेका प्रकोपको नाम बताउन | ११.आफ्ना घर, टोल वरपर रहेका प्रकोपको चित्र बनाउन<br>१२. सडकमा हिड्ने असल तरिकाबा | १०. आफ्ना घर, टोल वरपर रहेका प्रकोपको पहिचान गर्न<br>११. सडक पार गर्दा अपनाउनु पर्ने सावधानी | १३.आफ्ना घर, टोल वरपर रहेका प्रकोपहरु बाट बच्ने उपाय बताउन<br>१४. ट्राफिकका सामान्य नियम | १४. विपद् व्यवस्थापन पूर्व तयारीका लागि आवश्यक साम्रगीहरु बारे बताउन<br>१६. ट्राफिक चिह्न चिन्न र | १६.निलकण्ठ नगरपालिका भित्र हुने प्रमुख प्रकोपहरुबाट हुने जोखिम र यसबाट बच्ने उपायहरु बारे बताउन । | १५.प्रकोप तथा विपद्को भिन्नता बताउन<br>१६. प्रकोपलाई विपद्मा परिवर्तन हुन नदिनका लागि अवलम्बन | १२.विपद् जोखिम चक्र बारे बताउन<br>१३. नगरपालिकाभित्र जोखिममा रहेका वडाहरुको पहिचान र न्यूनीकरण गर्ने उपायहरु बताउन<br>१४. विपद् |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | रे बताउन । | हरू उल्लेख गरी व्यावहारिक अभ्यास गर्न | बताउन | महत्व बताउन<br>१७. सडक दुर्घटनाका कारणहरु बताउन | १७. प्रकोप तथा विपद् बारे बताउन । | गर्ने उपायहरु बताउन ।<br>१७. विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापनका चरणहरुमा (विपद् पूर्व, विपद्को समय, विपद् पश्चात) गर्ने कार्यहरुबारे बताउन ।<br>१८.महामारीका जोखिमहरु (झाडा, पखाला, | व्यवस्थापनमाकाम गर्ने सहयोगी निकायहरुको सूची बनाउन ।<br>१५. बिपदको समयमा सबै भन्दा बढि जोखिममा हुने बर्गको ( बालबालिका, महिला, ज्येष्ठ नागरिक, सुत्केरी, गर्भवती र अति अति गरिब) पहिचान गर्न |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | कोभिड - १९) बारे सचेत हुन र गराउन | |
| **९. स्थानीय विकास निर्माण गोरेटो घोडेटो , पुल पुलेसा र सडकहरु** | १४. आफनो गाउँमा रहेको गल्ली र बाटो तथा सडकको नाम भन्न<br>१५.पुलहरु बरे बताउन | १३. पक्की र कच्ची सडक चिन्न<br>१४. गोरेटो घोडेटोबाटो र गन्तब्यहरु भन्न<br>पुलहरु र तिनका नाम बताउन | १४.स्थानीय सडकको सामान्य परिचय र महत्व उल्लेख गर्न | १८.सडकहरु वर्गीकरण गर्न तथा स्थानीयग्रामीण सडक परिचय र आवश्यकता बताउन | १७.स्थानीय तहका कृषि सडकको परिचय र आवश्यकता बताउन<br>१८. स्थानीय तहमा भएका विकास कार्यहरु बताउन | १९. भ्यू टावर तथा स्थानीय सडकले जीवनमा ल्याएको परिवर्तन बताउन<br>२०.सडकले त्यहाँको जनजीवनमा ल्याएको परिवर्तन खोजी गर्न | १७.विकास निर्माणमा सहभागिता र श्रमदान बारे बताउन, अपनाइने उपाय बताउन<br>१८. स्थानीयग्रामीण सडकले त्यहाँको आयआर्जनमा पारेको प्रभाव उल्लेख गर्न | १४.स्थानीय सडकले समग्र पालिकाको आर्थिक सामाजिक विकासमा पारेको प्रभाव खोजी गर्न<br>१५.बाटो पुल, सडक सुरक्षाका उपाय बताउन |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **१०. स्वस्थ्य नागरिक सभ्य नीलकण्ठ** | १६. हात धुने तरिका बताउन र राम्रोसँग हात धुन<br>१७.आफूले खेल्ने खेलहरु बरे बताउन (छोइडुम, रुमालचोरी)<br>१८. शारीरिक अङ्गकरु को नाम तथा सरसफाई बारे बताउन | १५. हात धुने समय भन्न, र तरिकासँग हात धुन<br>२.आफूले खेल्ने खेलहरुका नियम भन्न<br>अनुलोम विलोम गर्न | १५.शारीरिक व्यायामका सामान्य नियम बताउन र गर्न<br>१६.स्थानीय स्तरका खेलकुदहरु को सूची बनाउन | १९. स्थानीय तहमा खेलिने खेलका नियमहरु बताउन र खेल्न, स्थानीय खेल नियमानुसार खेल्न । | १९.स्थानीय तहमा पाइने नाचहरुको तरिका बताउन<br>२०. अनुलोम विलोम ,प्राणयाम, भ्रामरी ,उद्गित प्राणायाम गर्न तथा योगिक जकिङ गन | २१.स्थानीय तहका सबै खेलकुदहरु को नियम बताउन र नियमानुसार खेल्न<br>२२. योगका आसनहरु बताउन | १९.स्थानीय तहका सबै खेल नियमानुसार खेल्न<br>२०.योगका आसनहरु बताउन<br>२१.शारीरिक व्यायाम गर्न | १६.स्थानीय तहका सबै खेलकुदहरुको नियम बताउन र नियमानुसार खेल्न<br>१७. योगका आसनहरु बताउन र प्रयोग गर्न शारीरिक व्यायाम गर्न<br>तथा लोक नृत्य अभ्यास गर्न |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **११.नीलकण्ठ नगरपालिकाको पर्यटकीय र धार्मिक स्थल** | १९. वरपरका रमाइला ठाउँहरू को नाम र रमाइलो लाग्नाका कारणहरू बताउन | १६.नदी किनारा आफ्नो गाउँ वरपरको वनभोज स्थल र पर्यटकीय स्थलहरू को नाम बताउन | १७. आफ्ना पालिकाका पर्यटकीय स्थलहरूको सामान्य परिचय दिन | २०.ग्रामीण पर्यटकीय स्थलहरू को पहिचान र महत्व बताउन | २१. आफ्ना पालिकाका पर्यटकीय स्थलहरूको परिचय, विशेषता र उपादेयता उल्लेख गर्न | २३.आफ्ना पालिकाका केही पर्यटकीय गन्तव्यहरू को विशेषता र महत्व खोजी गर्न | २२.स्थानीय पर्यटनका सम्भावनाहरूको खोजी गर्न | १८.स्थानीय पर्यटनका सम्भावना र चुनौती उल्लेख गर्न र संरक्षण कार्यमा सरिक हुन |

## १६. विषयवस्तुको विस्तृतीकरण

class 1

**कक्षा १**

| **क्षेत्र** | **विषयवस्तुको विस्तृतीकरण** | **शिक्षणसिकाइक्रियाकलाप** | **मूल्याङ्कन** | **पाठ्यभार** |
|---|---|---|---|---|
| १.नीलकण्ठ नगर पालिकाको चिनारी | • आफ्नो नगरपालिका, वडा र आफूबस्ने गाउँ टोलको नाम भन्न | - विद्यार्थीहरू आफू बसेको पालिकाको नाम भन्न लगाउने<br>- नक्सा देखाइ पालिकाको चार सिमानाहरू भन्न लगाउने<br>- तपाईहरू कुन वडामा बस्नुहुन्छ भनी प्रश्न सोध्ने र सही जवाफ आएमा धन्यवाद दिने,<br>- अरु विद्याथीहरुलाई साथीले भनेको उत्तर दोहो-याउन लगाउने सबैलाई ताली बजाउन लगाउने, प्रोत्साहित गर्ने र नाम भन्न नसक्नेलाई शिक्षकले वडाको नम्बर भन्न सहजीकरण गरिदिने<br>- आफू बस्ने स्थानको नाम पालैपालो भन्न लगाउने | - तपाईंको गाउँपालिकाको नाम के हो ?<br>- साथीको वडा र गाउँको नाम के रहेछ ?<br>- तपाईं कति नम्बर वडामा बस्नुहुन्छ ?<br>- तपाईं बस्ने गाउँ, टोलको नाम भन्नुहोस् । | १५ |
| २.नीलकण्ठ नगरपालिका भित्रका उत्पादन , पेशा व्यवसाय | **आफ्नो समुदायका मानिसको काम र पेसा**<br>• किसान | - धान कसले उत्पादन गर्छन्?<br>- विरामी हुँदा कसले जाच्छन् ?<br>- विद्यालयमा कसले पढाउँछन् ?<br>- सामान कसले बेच्छन् ?<br>- घर कसले बनाउँछन् ? | - तपाईंको बाबा आमाले के के काम गनूहुन्छ ?<br>- तपाईंका छिमेकीले के पेशागर्नु हुन्छ ?<br>- मानिसहरूले गर्ने कुनै | १५ |

| क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | शिक्षणसिकाइक्रियाकलाप | मूल्याङ्कन | पाठ्यभार |
|---|---|---|---|---|
| र बजार | • डाक्टर<br>• व्यापारी<br>• मजदुर<br>• शिक्षक | - जस्ता प्रश्नहरु गर्ने र उत्तर विद्यार्थीबाटै खोजेर पेशाको जानकारी गराउँदै जाने ।<br>- आफ्नो समुदायका मानिसहरू कसले के के काम गरेको देख्नुभएको छ भनी प्रश्न गर्ने । उनीहरूको जवाफलाई जोड्दै उनीहरूले गरेका कामको प्रशंसा गर्ने<br>- कुनै पनि काम सानो ठुलो नहुने कुरा बताउने ।<br>- समुदायमा मानिसहरूले खेतीगर्ने किसान, श्रम गर्ने मजदुर, जागिरे, शिक्षक व्यापारी आदि पेसा गर्ने मानिसहरूको उनीहरूको पेसासम्बन्धमा सामान्य चर्चा गर्ने र महत्व बताउने<br>- समुदायको अवलोकन भ्रमण गराई विभिन्न काम गरिरहेका मानिससँग भेटघाट र छलफल गराउने ।<br>- उनीहरूको परिवारमा कुन कुन पेसा वा काम गर्ने मानिसहरू छन् भन्न लगाउने | पाँचओटा कामको नाम भन्नुहोस् ।<br>- अवलोकन भ्रमणमा विभिन्न मानिसहरूसँग गरेका भेटघाट र छलफलमा आधारित भई मूल्याङ्कन गर्नुहोस् । | |
| ३.आफ्नो विगत तथा नगरपालिकाको | - आफ्नो पुर्खाको विगत<br>- नगरपालिकाको बजारहरु तथा बसोबासको विगतको | - तपाईंका बुबा र हजुरबुबा पहिले कहाँ बस्नुहुन्थ्यो र अहिले कहाँ बस्नुहुन्छ भनी प्रश्न गर्ने<br>- त्यस्तै हजुरबुबा, बुबा, हजुरआमा, | - तपाईंका पुर्खा वा आफन्तहरु पहिले कहाँ बस्नुहुन्थ्यो ?<br>- हामीले हाम्रा पुर्खालाई | १५ |

| क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | शिक्षणसिकाइक्रियाकलाप | मूल्याङ्कन | पाठ्यभार |
|---|---|---|---|---|
| इतिहास र महत्वपूर्ण गतिविधि | चिनारी तथा सडकहरुको इतिहासको चिनारी | आमाले विगतमा के काम गर्नुहुन्थ्यो?जस्ता प्रश्नहरू सोधी जवाफ भन्न लगाउने<br>- हजुरबुबा हजुरआमा, बुबा,आमाले पहिले गर्ने काम र अहिले गर्ने काम सोध्ने र फरक काम भन्न लगाउने<br>- आफ्ना पुर्खाप्रति सम्मान गर्न लगाउने<br>- नगरपालिकाको पूर्वसंरचना र सिमाहरु भन्न लगाउने | किन सम्मान गर्नुपर्दछ ? | |
| ४.पर्यावरण संरक्षण र प्राकृतिक सम्पदा,स्रोत सुरक्षा | आफ्नो घरवरपरका पानीका मुहान, नदीनाला, रुखविरुवाको पहिचान | - विद्यार्थीलाई उनीहरूको घरवरपर पाइने बिरुवाको नाम पालैपालो भन्न लगाउने<br>- ती बिरुवाहरूको पात, फूल तथा फल कस्तो र कत्रो हुन्छ, भन्न लगाउने<br>- विद्यार्थीले सङ्कलन गरेका पातहरू, फुलहरू कुन कुन बिरुवाका हुन्, पालैपालो भन्न लगाउने<br>- वरपरका पानीका मुहान नदी, आदिको अवलोकन गराएर तिनीहरुमा फोहोर गर्न नहुने  र तिनका उपयोगिता सरसफाइबारे जानकारी दिने<br>- विद्यालयबाहिर लगी विभिन्न बोटबिरुवाहरू अवलोकन गरी त्यसका पातहरू सङ्कलन गर्न लगाउने | - तपाईंको घरवरपर भएका बिरुवाहरूको नाम भन्नुहोस् ।<br>- विद्यार्थीले सङ्कलन गरेका पात, फूल र त्यससँग सम्बन्धित बिरुवाको नाम भन्न सके नसकेको हेरी सिकाइ अवस्थाको मूल्याङ्कन गर्नुहोस् । | १० |

| क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | शिक्षणसिकाइक्रियाकलाप | मूल्याङ्कन | पाठ्यभार |
|---|---|---|---|---|
| ५. नीलकण्ठ नगरपालिकाका सामाजिक मान्यता ,समन्वय र सांस्कृतिक पक्ष | स्थानीय स्तरमा मनाइने जात्राको नाम र जात्रा हुने स्थान शिवरात्री, बालाचतुर्दशी, माघेसकान्ति,छठ,जस्ता पर्वहरुको सार्थकता र तिनले दिएका सामाजिक एकता घरमा गरिने पूजा, जन्मदिन पूजा, न्वारन वा नाम राख्ने, पास्नी, सरस्वती पूजा, पाहुना सत्कार, विवाह, व्रतबन्ध,पात्रो घडी पला | - विद्यार्थीहरूले हेरेका वा अनुभव गरेका कुनै जात्रा वा मेलाको नाम भन्न लगाउने<br>- स्थानीय स्तरमा हुने विभिन्न जात्राहरूको चित्र, भिडियो, फोटो देखाई छलफल गर्ने<br>- स्थानीय स्तरमा हुने विभिन्न जात्राहरूको नाम र जात्रा हुने स्थानको नाम र गरिने मुख्य क्रियाकलाप बताइदिने<br>- स्थानीयजात्राको अवसर पारेर जात्रा अवलोकन गराई त्यहाँका मुख्य गतिविधिहरू भन्न लगाउने<br>- | तल दिइएअनुसार मूल्याङ्कन गर्नुहोस् :<br>- तपाईँको समुदायमा लाग्नेजात्राहरूको नाम बताउनुहोस् ।<br>- अवलोकनमा जाँदा विद्यार्थीले पालन गरेको अनुशासन, जिम्मेवारी वहन, स्थानीयसँगको व्यवहार, मुख्य गतिविधि भन्न सके नसकेको आदिको आधारमा मूल्याङ्कन गर्नुहोस् । | १० |
| | स्थानीय पर्व र मेलाको सामान्य परिचय | - विभिन्न स्थानीय पर्वहरूका भिडियो, फोटो देखाई छलफल गर्ने<br>- स्थानीय स्तरमा हुने विभिन्न पर्व र | १.तपाईँको समुदायमा प्रचलित पर्वहरूको सूची तयार पार्नुहोस् । | १५ |

| क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | शिक्षणसिकाइक्रियाकलाप | मूल्याङ्कन | पाठ्यभार |
|---|---|---|---|---|
| | | मेलाहरूको नाम र सो मेला लाग्ने स्थान सम्बन्धमा छलफल गर्ने<br>- स्थानीय पर्व र मेला लाग्ने स्थानको भ्रमण गराई अवलोकन गर्न लगाउने | २.स्थानीय स्तरमा लाग्ने कुनै एक मेलाको छोटो परिचय दिनुहोस् । | |
| ६. नीलकण्ठ नगरपालिका भित्रका जनशक्ति र मानव संसाधन | १.आफु बस्ने ठाउँका विद्यालयहरुको नाम बताउन<br>२. आफ्नो विद्यालय, त्यहाँका प्र.अ., शिक्षकहरुको नाम भन्न<br>परिवारको अभिभावकले गर्ने काम बताउन | १. आफु बस्ने ठाउँका विद्यालयहरुको नाम तथा ठेगाना बताउन<br>२. आफ्नो विद्यालयय, त्यहाँका प्र.अ., शिक्षकहरुको नाम तथा काम भन्न<br>परिवारको अभिभावकले गर्ने काम बताउन | १.तपाईँको विद्यालय रहेको ठाउँ भन्नुहोस् ।<br>२.तपाईँलाई कसले पढाउनुहुन्छ ?<br>३. तपाईंको विद्यालयको प्रधानाध्यापकको नाम भन्नुहोस् ।<br>४. तपाईँलाई नेपाली विषय कसले पढाउनुहुन्छ ?<br>५. तपाईँको अभिभावकले के काम गर्नुहुन्छ ? | १० |
| ७. भौगोलिक र जनसङ्ख्यिक अध्ययन | १. आफ्नो गाउँको नाम र परिचय<br>२. आफ्नो तथा साथीहरुको पारिवारिक संख्या बताउन । | - विद्यार्थीहरूलाई पालैपालो आफ्नो गाउँको नाम भन्न लगाउने<br>- आफ्ना गाउँको सम्बन्धमा अन्य कुराहरू जस्तो गाउँ कस्तो ठाउँमा रहेको छ, गाउँको नजिक रहेका वनजङ्गल, खोला, पहाड सम्बन्धमा प्रश्न सोधी उत्तर भन्न | १. तपाईंको गाउँको नाम के हो ?<br>२.तपाईंको गाउँमा पाइने मुख्य मुख्य वस्तुको नाम भन्नुहोस् । | १५ |

| क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | शिक्षणसिकाइक्रियाकलाप | मूल्याङ्कन | पाठ्यभार |
|---|---|---|---|---|
| | | लगाउने<br>- आफ्नो गाउँका मनपर्ने वस्तु भन्न लगाउने<br>- आफ्नो गाउँको सामान्य स्केच वा आकृति बनाउन प्रोत्साहित गर्ने<br>- गाउँमा हुने मुख्य बाली र तरकारीको नाम भन्न लगाउने<br>- विद्यार्थीहरुलाई आफ्नो तथा साथीहरुको पारिवारिक संख्या भन्न लगाउने । | ३. तपाईँको परिवारमा कति जना हुनुहुन्छ ?<br>४. तपाईँको साथीको परिवारमा कति जना रहेका छन् ? | |
| ८. विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन | - आफ्ना घर, टोल वरपर रहेका प्रकोपहरुको नाम बताउन | - विद्यार्थीहरुलाई प्रकोपको चित्र देखाई तिनीहरुको नाम भन्न लगाउने ।<br>- आफ्ना घर, टोल वरपर यस्ता प्रकारका प्रकोपहरु छन् कि छैनन भनि पालैपालो सोध्ने ।<br>- बिजुलीको तारर पोललाई नछुने ।बिजुलीका सुईचलाई जथाभावी नचलाउने र प्रयोग नभएको अवस्थामा अफ गर्नुपर्दछ भन्ने<br>- नदीनाला, कुलो, खोल्सा तथा खोलाको नजीक नजाने ।<br>- सलाई, लाइटर र आगो जथाभावी नचलाउने ।<br>- धरिला हातहतियारहरु जथाभावी | १. तपाईहरुको घर, टोल वरपर रहेका प्रकोपको नाम भन्नुहोस?<br>२. सलाई लाईटरलाई जथाभावी किन चलाउनुहुदैन?<br>३. पानी, आगो र बिजुलीबाट हुने खतरा के के हुनु ? | १५ |

| क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | शिक्षणसिकाइक्रियाकलाप | मूल्याङ्कन | पाठ्यभार |
|---|---|---|---|---|
| | | नचलाउने ।<br>- यस्ता प्रकोपबाट बच्ने उपायको बारेमा कथा, कविता आदि मार्फत स्पष्ट परिदिने । | | |
| ९. स्थानीय विकास निर्माण गोरेटो घोडेटो, पुल पुलेसा र सडकहरु | आफनो गाउँमा रहेको सडक र बाटोघाटोको नाम र जोडिने गाउँहरू<br>आफ्नो घरमा र टोलमा रहेको खानेपानीको अवस्था | - विद्यार्थीलाई आफ्नो घरबाट विद्यालय आउने बाटो सम्बन्धमा प्रश्न सोध्ने, जस्तै :<br>- तिम्रो घरबाट यहाँ आउन कुन बाटो आउँछौ ?<br>- सो बाटो वा सडकलाई के नामले चिनिन्छ ?<br>- तपाईंको गाउँबाट अन्य गाउँ जोड्ने बाटाहरू कस्ता छन् ?<br>- ती बाटाहरूको नाम भन्नसक्नुहुन्छ ? आदि<br>- बाटो, सडक, गोरेटो बाटो सम्बन्धमा चित्र देखाई परिचय दिने<br>- तपाइँको घरमा र टोलमा खानेपानीको अवस्था कस्तो छ, धाराहरु कति छन् पानीको उपलब्धता कस्तो छ भनी सोध्ने र शुद्ध पानी पिउनु पर्छ भनी बताइदिने | सडक र बाटामा के फरक छ?<br>तपाईको घरको लागि खानेपानी लिन कहाँ जानु पर्दछ ? | १५ |
| १०.स्वस्थ्य | १. शरीरका अङ्गहरुको | - विद्यार्थीहरुलाई शरीरका अङ्गहरु चिनाएर सफाइका तरिकाहरु सिकाउने | - अङ्गहरुको के के छन् ?<br>- हात कसरी धुने | १० |

| क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | शिक्षणसिकाइक्रियाकलाप | मूल्याङ्कन | पाठ्यभार |
|---|---|---|---|---|
| नागरिक सभ्य नीलकण्ठ | नाम<br>अङ्गहरुको सरसफाइ<br>२. स्थानीय खेल<br>लुकीडुम,छोइडुम, रुमालचोरी | - स्थानीय खेलहरु खेल्न लगाउने<br>- छोइडुम तथा रुमालचोरी खेल खेल्ने तरिका बताइदिने । | ?पद्मासनमा कसरी बस्ने ?<br>- तपाईंहरुले खेल्ने खेलको नाम भन्नुहोस् ।<br>- तपाईंको शरीरको अङ्गहरुको नाम भन्नुहोस् । | |
| ११. नीलकण्ठ नगरपालिकाका पर्यटकीय र धार्मिक स्थल | आफ्ना घरवरपरका रमाइला ठाउँहरूको<br>- नाम<br>- रमाइलो लाग्नाका कारणहरू | - आफ्ना घर वरपर भएका रमाइलो ठाउँहरूको नाम पालैपालो भन्न लगाउने<br>- ती ठाउँहरू किन रमाइलो लाग्छन् ? रमाइलो लाग्नाका कारणहरू भन्न लगाउने<br>- विभिन्न चित्रहरू जस्तै स्थानीय खोला नदी, गाडी, वनभोज खाइरहेको चित्र देखाउँदै यी वस्तु वा चित्रहरू कहाँ कहाँ देखेका छौ ?ती ठाउँ वा वस्तु तपाईंलाई कस्तो लाग्यो भनी प्रश्न सोध्ने<br>- विद्यालय वरपरका विभिन्न रमाइला ठाउँहरूमा विद्यार्थीहरूको भ्रमण गराई उनीहरूलाई के के कुरा रमाइलो लाग्यो? भन्न लगाउने | आफ्ना घर वरपरका कुनै दुईओटा रमाइला ठाउँहरूको नाम भन्नुहोस् ।<br>- आफू गएको मन्दिरको नाम भन्नुहोस्<br>- आफू गएको बजारको नाम भन्नुहोस् | १५ |

## Class 2

**कक्षा २**

| क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | शिक्षणसिकाइ क्रियाकलाप | मूल्याङ्कन | पाठ्यभार |
|---|---|---|---|---|
| १.नीलकण्ठ नगर पालिकाको चिनारी | • आफ्नो नगरपालिकाको नक्सा चिनेर नाम भन्न<br>• आफ्नो स्थानको सामान्य परिचय र महत्व बताउन<br>• आफू बस्ने वडा नम्वर र टोलका बारेमा बताउन | - आफ्नो पालिकाको नक्सा देखाएर चिन्न र नाम भन्न लगाउने<br>- आफू बसेको स्थानको नाम भन्न लगाउने<br>- आफ्नो बसोबास गाउँ, बजार, समतल, भिरालो, खोँच कस्तो ठाउँमा पर्छ भन्न लगाउने<br>- सुरुमा शिक्षकले आफूबस्ने वरपरको नदी, वनजङ्गलको, बस्ती आदिका बारेमा बताइदिने<br>- त्यसपछि विद्यार्थीहरूलाई आसपास भएका नदी, वनजङ्गल आदिको नाम भन्न लगाउने<br>- तपाईंहरू कुन वडामा बस्नुहुन्छ भनी प्रश्न सोध्ने र सही जवाफ आएमा स्याबासी दिने र शिक्षकले वडाको नम्बर भन्न सहजीकरण गरिदिने<br>- तपाईं बसेको स्थान केका लागि प्रख्यात छ भनी सोध्ने, जस्तै : खेतीपाती राम्रो हुने, विद्यालय, अस्पतालको सुविधा भएको, मोटर बाटो भएको आदि । यसको आधारमा सो ठाउँको महत्व रहेका सन्दर्भ जोड्ने | - तपाइँ बसेको पालिकाको नाम के हो ?<br>- तपाइँ बसेको पालिका नक्सा हेरेर चिन्नुहोस्<br>- तपाई बसेको ठाउँको नाम के हो?<br>- आफू बसेको स्थानको छोटो परिचय दिनुहोस् ।<br>- तपाईंबस्ने स्थानको कुनै एक महत्व उल्लेख गर्नुहोस् । | १५ |
| २.नगरपालिका भित्रका उत्पादन , पेशा व्यवसाय | -स्थानीय पेसा र व्यवसायको नाम | - विद्यार्थीहरूलाई आफ्नो समुदायमा कसले के के काम गरेको देख्नुभएको छ भनी प्रश्न गर्ने<br>- उनीहरूको जवाफलाई जोड्दै उनीहरूले गरेका कामको | - तपाईंको समुदायका मानिसहरूले गर्ने कुनै चार ओटा पेसा वा | १५ |

| | | | | |
|---|---|---|---|---|
| र बजार | - किसान<br>- शिक्षक<br>- डकर्मी, सिकर्मी<br>- डाक्टर<br>- व्यापारी | प्रशंसा गर्ने<br>- कुनै पनि काम सानो ठुलो नहुने कुरा बताइदिने<br>- समुदायको अवलोकन भ्रमण गराई विभिन्न काम गरिरहेका मानिससँग भेटघाट र छलफल गराउने<br>- कामको महत्व झल्कने गीत वा कविता सुनाउने र त्यसको सन्देश अनुमान गर्न लगाउने र अन्त्यमा शिक्षकले सन्देशसमेत प्रवाह गर्ने | व्यवसायको नाम भन्नुहोस् ।<br>- अवलोकन भ्रमणमा विभिन्न मानिसहरूसँग गरेका भेटघाट र छलफलमा आधारित भई मूल्याङ्कन गर्नुहोस् । | |
| ३. आफ्नो विगत तथा नगरपालिकाको इतिहास र महत्वपूर्ण गतिविधि | - आफ्नो साथीको पुर्खाको विगत बताउन<br>- नगरालिकाका केही पूर्वस्थिति बताउन | - तपाई बसेको स्थानमा पहिले के थियो ? बस्ती कहिलेदेखि बसेको होला ?<br>- अहिले बजार भएको स्थानमा पहिले के थियो भन्ने प्रश्न गर्ने र त्यसको उत्तर दिँदै इतिहासको अवधारण दिने<br>- तपाईंको मिल्ने साथीका बुबा, हजुरबुबा पहिले कहाँ बस्नुहुन्थ्यो र उहाँहरू के काम गर्नुहुन्थ्यो भनी प्रश्न गर्ने<br>- त्यस्तै मिल्ने साथीका हजुरबुबा, बुबा, हजुरआमा, आमाले के काम गर्नुहुन्थ्यो आदि प्रश्नहरू सोधी जवाफ भन्न लगाउने<br>- साथीका हजुरबुबा, हजुरआमा, बुबा,आमाले पहिले गर्ने काम र अहिले गर्ने काम सोध्ने र फरक काम भन्न लगाउने<br>- आफ्ना साथीका पुर्खाप्रति सम्मान गर्न लगाउने | - अहिले शहर भएको स्थानमा पहिले के थियो ?<br>- सदरमुकाम भएको बजार कहिलेदेखि बसेको रहेछ ?<br>- तपाईंको साथीको बुबा पहिले कहाँ बस्नुहुन्थ्यो ?<br>- हामीले पुर्खालाई किन सम्मान गर्नुपर्दछ ? | १५ |
| ४.पर्यावरण संरक्षण र प्राकृतिक सम्पदा,स्रोत | आफ्नो घर वरपर रहेका बोटबिरुवाहरू र नदीनालाको | - विद्यार्थीलाई उनीहरूको घरवरपर पाइने बिरुवाको नाम पालैपालो भन्न लगाउने<br>- ती बिरुवाहरू के के काममा प्रयोग हुन्छ, सोधखोज गर्न लगाई महÎव पहिचान गर्न लगाउने | - तपाईंको घर वरपर भएका बिरुवाहरूको नाम भन्नुहोस् ।<br>- आफ्नो घरवरपर | १५ |

| | | | | |
|---|---|---|---|---|
| सुरक्षा | पहिचान गर्दै चित्र निर्माण गर्न | - विद्यालयबाहिर लगी विभिन्न बोटबिरुवाहरू अवलोकन गर्न लगाउने र ती बिरुवाहरूको आवश्यकता बताई महत्व स्पष्ट पारिदिने<br>- वरपरका नदीनालाको नाम भन्न लगाउने र चित्र बनाउने | रहेकाबोटबिरुवाहरूको महत्व उल्लेख गर्नुहोस् ।<br>- विद्यार्थीले अवलोकन गरेका बिरुवाहरूको निम्नलिखित आधारमा मूल्याङ्कन गनुहोस् ।<br>• सक्रियता<br>• महत्व को पहिचान प्रस्तुत गर्न लगाउनुहोस् । | |
| ५. नीलकण्ठ नगरपालिकाका सामाजिक मान्यता,समन्वय र सांस्कृतिक पक्ष | • स्थानीय धार्मिक स्थलहरूको नाम<br>- भैरवी मन्दिर, पशुपती मन्दिर<br>- रामकोट<br>•<br>• स्थानीय चाडपर्वको नाम | - दशै तिहार छठ ल्होसारका चित्र देखाएर त्यसका बारेमा बताउने<br>- विभिन्न धार्मिक स्थलहरू, जस्तै : भैरवी मन्दिर पशुपती मन्दिर<br>• रामकोटको फोटो प्रदर्शन गरी धार्मिक स्थलहरूको नाम अनुमान गर्न लगाउने र त्यहाँ हुने धार्मिक गतिविधि बताउने<br>- विद्यालय वरपर रहेका धार्मिक स्थलको अवलोकन भ्रमण गराई छलफल गराउने<br>- स्थानीय समुदायमा जातजाति, उनीहरूले मनाउने चाडपर्व र धार्मिक अवस्था बताउने तथा छलफल गर्ने<br>- चाडपर्व मनाएको भूमिका अभिनय गर्न लगाउने र राम्रो अभिनय गर्ने समूह वा व्यक्तिलाई प्रोत्साहित गर्ने | तल दिइएअनुसार मूल्याङ्कन गर्नुहोस् :<br>- तपाइँको समुदायमा मनाइने चाडपर्वको नाम र त्यस चाडपर्वमा गरिने क्रियाकलापहरु बताउनुहोस् ।<br>- विद्यार्थीले गरेको भूमिका अभिनयलाई निम्नलिखित आधारमा मूल्याङ्कन गर्नुहोस् : | १५ |

| | | | | |
|---|---|---|---|---|
| | | | - हाउभाउ<br>- संवाद<br>- विषयवस्तु आदि | |
| ६. नीलकण्ठ नगरपालिका भित्रका जनशक्ति र मानव संसाधन | आफु बसोबास गर्ने ठाउँका श्रमिकहरुको पहिचान गर्न<br>निम्न जनशक्तिका बारेमा बताउन<br>• शिक्षक<br>• मजदुर<br>• डाक्टर<br>• वाद्यवादक<br>• | • तपाइँका छिमेकका मानिसहरुले के के काम गर्नुहुन्छ भनी सोध्ने र शिक्षकले पनि आफ्नो छिमेकका मानिसहरुले गर्ने काम बताउँदै छलफल गराउने<br>• शिक्षकले के के काम गर्छन् ? सोध्ने र शिक्षक हुन कसरी पढ्नुपर्छ धारणा दिने<br>• डाक्टरले के काम गर्छन् ? स्थलगत भ्रमण गराउने<br>• मजदुरहरुले घर, सडक, कारखानामा काम गरिरहेका तस्विर देखाउने र उनीहरुप्रतिको सम्मानको धारण विकास गर्ने | - तपाइँको कुनै एक छिमेकीले गर्ने काम बताउनुहोस् ।<br>- बिरामी भएमा कसले उपचार गरिदिन्छन् ?<br>- विद्यालयमा क-कसले पढाउँछन् ?<br>- मजदूर कसलाई भनिन्छ ? | १५ |
| ७. भौगोलिक र जनसङ्ख्यिक अध्ययन | १. आफ्नो गाउँको सिमाना, अग्ला स्थान र बेंसी आदिको नाम बताउन ।<br>२. आफ्नो परिवार र छिमेकी परिवारको | - विद्यार्थीलाई आफ्नो गाउँको परिचय पालैपालो दिन लगाउने<br>- जस्तै मेरो गाउँको नाम ध्वाँकोट हो । यो ठाउमाँ अहिले सानो बजार छ । यसको उत्तरमा थोपल खोला छ भने बजारका बिचबाट सानो सडक गएको छ । बजारको उतरपट्टि सेमजोङ पर्दछ ।<br>- आफ्नो गाउँ किन मनपर्छ भनी प्रश्न गर्ने र उनीहरूबाट उत्तरलाई जोड्दै गाउँको महत्व स्पष्ट पारिदिने<br>- विभिन्न चित्र, फोटाहरू देखाउँदै विभिन्न गाउँहरूको छलफल गराउने | - आफू बसेको गाउँको छोटो परिचय दिनुहोस् ।<br>- हामीलाई आफ्नो गाउँ मनपर्छ, किन?<br>- तपाइँको घरमा कति जना छन् ?<br>- तपाईको साथीको परिवारमा कति जना मानिस छन् ? | १५ |

| | | | | |
|---|---|---|---|---|
| | पारिवारिक संख्या गणना गर्न । | - आफ्नो घरमा कतिजना छन् सोध्ने<br>- छिमेकको घरमा कतिजना छन् सोध्ने र गाउँमा कतिजना हुने रहेछ भनी हिसाब गरेर देखाइदिने र जनसङ्ख्याको धारणा दिने । | - | |
| ८. विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन | ● आफ्ना घर, टोल वरपर रहेका प्रकोपका पहिचान<br>● सडकमा हिड्ने असल तरिका | - प्रकोप (आगलागी, हावाहुरी, डुबान र बाढी पहिरोजस्ता) चित्र देखाई बालबालिकालाई तपाई घर वरपर, स्कुल वा कतै जाँदा यि चित्रमा भए जस्ता कुराहरु देख्नुभएको छ भनि सोध्ने र नाम भन्न लगाई कथा वा कविताको माध्यमबाट यसबारे प्रष्ट पार्ने र यसबाट बच्ने उपायहरु पनि बताई दिने ।<br>- आगलागी कसरी हुन्छ तथा यसलाई कसरी रोकथाम गर्न सकिन्छ भन्नेबारे बताउने<br>- यसै गरि सुख्खा तथा गर्मी मौसममा आगलागी बढी हन्छ भनि जानकारी दिने यसबाट हुने जोखिम र बच्ने उपायबारे पनि बताईदिने जस्तैः जथाभावी सलाई, लाईटर नचलाउने, आगो जथाभावी नखेलाउने,<br>- सुख्खा तथा गर्मी मौसममा हावाहुरीको समयमा बढी हावाचल्ने हुदा हावाहुरीबाट कसरी बच्ने भन्ने कुरा सिकाउने जस्तैः बगैचामा नजाने, ठुला रुख मुनि नबस्ने, बिजुलाका खम्बाहरु नछुने, नजीक नबस्ने ।<br>- ताल, कुलोनहर, खोल्सा, पोखरी, कुवा नदीनालामा नजाने ।<br>- आफु सधै हिड्ने सडकर विद्यालय जाँदा आउँदा प्रयोग गर्ने सडकको नाम बताउन लगाउने ।<br>- बाटामा हिँड्दा ख्याल गर्नुपर्ने कुरालाई विभिन्न चित्र, | १.तपाईको घर वरपर रहेको प्रकोपको नाम भन्नुहोस?<br>२. आगलागी र हावाहुरीबाट कसरी बच्न सकिन्छ ?<br>३. कुन मौसममा सवैभन्दा बढी हावाहुरी आउँदछ ?<br>४. तपाईहरु विद्यालय आउँदा जाँदा प्रयोग गर्ने सडकको नाम के हो ?<br>५.सडकमा हिड्ने असल तरिका के के हुन् ? | १५ |

| | | | | |
|---|---|---|---|---|
| | | उदाहरण, कथा वा खेल आदिमार्फत स्पष्ट पारिदिने<br>- सडकमा हिड्दा सधै सडक पेटीबाट हिड्ने, सडक पार जेव्रा क्रसिङ्गबाट मात्र गर्ने जस्ता कुरा सिकाई दिने ।<br>- सडक पार गर्दा अवलम्बन गर्नुपर्ने सन्दर्भ झल्कने चित्र प्रस्तुत गरी सडक पार गर्दा ठुला मानिसको सहयोग लिनुपर्ने कुरा बताइदिने, जस्तै : चिनेका ठुला मानिसको हात समाउने,ठुला मानिस सँगसँगै बाटो काट्ने वा पार गर्ने | | |
| ९ स्थानीय विकास निर्माण गोरेटो घोडेटो , पुल पुलेसा र सडकहरु | आफ्नो पालिका हुँदै जाने राष्ट्रिय सडकको परिचय दिन<br>-कालुपाण्डे मार्ग<br>-दामन पाखिन मार्ग<br><br>आफ्नो टोल र गाउँमा रहेको खानेपानी जानकारी दिन | - आफ्नो गाउँबाट कुन कुन सडक जान्छ भनी सोध्ने र सो सडक कहाँ कहाँ पुग्छ भनी प्रश्न गर्ने<br>- विद्यार्थीहरूलाई आफ्नो पालिका हुँदै अन्त जाने सडकहरू, जस्तै : कालुपाण्डे मार्ग सम्बन्धमा छोटो परिचय दिने<br>- कालुपाण्डे राजमार्गमा गाडी गुडेका चित्र वा भिडियो देखाई सो राजमार्गले यहाँका मानिसलाई के फाइदा पुर्‍याएको छ, सो सम्बन्धमा छलफल गर्न लगाई भन्न लगाउने<br>- दामन पाखिन मार्गको परिचय दिने<br>- आफ्नो टोल र गाउँमा रहेको खानेपानीको अवस्था कस्तो छ धाराहरु कति छन् पानी प्रशस्त छ वा छैन भनी विद्यार्थीलाई पालैपालो सोध्ने र शिक्षकले यसको महत्व थप बताइदिने<br>- | १. कालुपाण्डे राजमार्गले कुन ठाउँदेखि कुन ठाउँ जोड्छ ?<br>२. दामन पाखिन मार्गले कुन कुन ठाउँ जोड्छ ?<br>३. आफ्नो टोल र गाउँमा खानेपानीका धाराहरु घरघरमा छन् कि टोल टोलमा मात्र छन् लेख्नुहोस् । | १६ |
| १०.स्वस्थ्य | स्वस्थ्य रहने | - हप्तामा कतिपटक नुहाउनुहुन्छ सोध्ने<br>- नुहाउने तरिका ,हातधुने समय र तरिका बताइदिने | १. स्नान कसरी र कति | |

| | | | | |
|---|---|---|---|---|
| नागरिक सभ्य नीलकण्ठ | उपायहरु<br>- नुहाइ धुवाइ<br>- कसरत<br>- योगासन | - प्रत्येक दिन कति कसरत गर्नुपर्छ सम्झाउने<br>- योगका आसनहरु पद्यासन मकरासन, कुर्मासन प्रयोग गर्न लगाउने<br>- भ्रामरी अनुलोम विलोम उद्‌गीत आदि प्राणायाम गराउने | कति बेलागर्नुपर्छ<br>२. कसरत भनेको के हो ?<br>३. प्राणायाम किन गर्नुपर्छ ? | |
| ११. नीलकण्ठ नगरपालिकाका पर्यटकीय र धार्मिक स्थल | आफ्नो गाउँ वरपरको वनभोज स्थल र पर्यटकीय स्थलहरूको नाम बताउन<br>- भैरवी मन्दिर<br>- पौवादरबार<br>- वि.पि. पार्क, वनभोज स्थल<br>• स्थानीय धार्मिक स्थलहरूको नाम<br>- भैरवी मन्दिर, पशुपती मन्दिर<br>- रामकोट | - तपाईंहरू वनभोज जाँदा कहाँ कहाँ जानुहुन्छ भनी प्रश्न गर्ने<br>- उनीहरू जाने गरेका बाहेक वनभोज जाने ठाउँहरूको नाम बताइदिने, जस्तै : भैरवी मन्दिर<br>- पौवादरबार<br>- आफ्ना गाउँ वरपर रहेका रमाइला र पर्यटक आउने ठाउँहरूको नाम भन्न लगाउने, जस्तै :<br>- ती ठाउँहरूको महत्व बताइदिने/वि.पि. पार्कको चिनारी<br>- पायक पर्ने ती ठाउँहरूमा आवश्यकताअनुसार भ्रमण गराई त्यहाँ भएका र देखेका कुराहरू कक्षामा भन्न लगाउने<br>- विभिन्न धार्मिक स्थलहरू, जस्तै : भैरवी मन्दिर पशुपती मन्दिर<br>• रामकोटको फोटो प्रदर्शन गरी धार्मिक स्थलहरूको नाम अनुमान गर्न लगाउने र त्यहाँ हुने धार्मिक गतिविधि बताउने<br>- विद्यालय वरपर रहेका धार्मिक स्थलको अवलोकन भ्रमण गराई छलफल गराउन | १. आफ्नो गाउँ वरपरका पर्यटकीय स्थलहरूको नाम लेख्नुहोस् । | १७ |

| | | | | |
|---|---|---|---|---|
| | - | | | |
| | | - | | |

## Class 3

**कक्षा ३**

| क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | शिक्षणसिकाइ क्रियाकलाप | मूल्याङ्कन | पाठ्यभार |
|---|---|---|---|---|
| १.नीलकण्ठ नगर पालिकाको चिनारी | १. आफ्नो पालिकाको भौगोलिक स्वरूप, क्षेत्रफल र सिमाना बताउन | - नीलकण्ठ नगर पालिकाको भौगोलिक स्वरूप झल्कने फोटाहरू प्रदर्शन गर्ने<br>- नीलकण्ठ नगर पालिको नक्सा देखाउँदै यसको क्षेत्रफल बताइदिने<br>- यस पालिकाको पूर्व, पश्चिम, उत्तर र दक्षिणमा पर्ने गाउँपालिका वा नगरपालिकाको नाम अनुमान गर्न लगाउने, नमिलाएमा शिक्षकले सहजीकरण गरिदिने | - नीलकण्ठ नगर पालिकाको क्षेत्रफल लेख्नुहोस् ।<br>- नीलकण्ठ नगर पालिको सिमानामा पर्ने पालिकाहरूको नाम लेख्नुहोस् । | १५ |
| २.नगरपालिका भित्रका उत्पादन , पेशा व्यवसाय र बजार | स्थानीय पेसा र व्यवसायको महत्व स्थानीय उत्पादनको उपयोग | - स्थानीयपेसाहरूको नाम भन्न लगाउने<br>- स्थानीयपेसाहरूको महत्व सम्बन्धमा छलफल गर्न लगाउने<br>- स्थानीयपेसाका कारण गाउँघरमा के के काममा सहयोग पुगेको छ, भन्न लगाउने<br>- स्थानीय पेसाको महत्व झल्कने गीत वा कथा वा घटना बनाई कक्षामा प्रस्तुत गर्ने र त्यसैमा आधारित<br>- भई प्रश्नोत्तर गर्ने | - तपाईंको समुदायमा गरिने पेसाहरूको सूची तयार पार्नुहोस्<br>- विद्यार्थीले तयार पारेका गीत वा कथालाई निम्नानुसार मूल्याङ्कन गर्ने | १५ |

| | | | | |
|---|---|---|---|---|
| | | - दुग्धजन्य पदार्थको उत्पादन र बिक्रीमा कतिजना संलग्न छन्<br>- डेरी उद्योगहरु कति छन् ? त्यहाँ लगेर अवलोकन गराउने<br>- के के उत्पादन हुने रहेछन् ? दैनिक कति आत्दानी हुने रहेछ ? सकारात्म धारणा विकास गर्ने<br>- गाई वा कृषि फर्म अवलोकन गराई महत्व बताउने । | ✓ विषयवस्तु<br>✓ सन्देश<br>✓ सहभागिता<br>✓ प्रस्तुति<br>✓ एक डेरी उद्योगको प्रोफाइल तयार गर्न लगाउने | |
| ३. आफ्नो विगत तथा नगरपालिकाको इतिहास र महत्वपूर्ण गतिविधि | – नीलकण्ठ नगर पालिको नामकरण तथा ऐतिहासिक स्थलहरूको नाम<br>– पाँचधारे<br>– रामकोट गढीको बारेमा बताउने | – नीलकण्ठ नगरको नामककरकण बारे बताइदिने र नगरपालिकमा रहेका पुराना भवन, पाटी पौवा सतल, गढी, मन्दिर, र आदिको अवस्थिति रहेको स्थानको नाम भन्न लगाउने<br>- पाँचधारे, रामकोट गढीको बारेमा छोटकरी बताइदिने<br>- विभिन्न ऐतिहासिक स्थलको सामान्य परिचय र महत्व स्पष्ट पार्ने, | - नगरपालिकाका भित्र रहेको प्रसिद्ध ऐतिहासिक स्थलको नाम लेख्नुहोस् ।<br>- पाँचधारे तथा रामकोट गढीको बारेमा बताउनुहोस् | १५ |
| ४.पर्यावरण संरक्षण र प्राकृतिक सम्पदा,स्रोत सुरक्षा | स्थानीय बोटबिरुवाको सामान्य परिचय | - विद्यार्थीलाई आफ्नो घरवरपर पाइने विभिन्न बिरुवाहरूको नाम भन्न लगाउने<br>- यीबिरुवा कहाँ पाइन्छन्, के काममा प्रयोग | १. स्थानीय स्तरमा पाइने बोटबिरुवाहरूको सूची | २० |

| | | | | |
|---|---|---|---|---|
| | - घोडताप्रे<br>- साल<br>- सल्लो<br>- काप्रो<br>- खयर<br>- कटुस<br>- सिसौ<br>- चाँप | हुन्छन् जस्ता प्रश्नका उत्तर बताउन लगाउने<br>- शिक्षकले साल, सल्लो, काप्रो र खयर, चिउरी जस्ता स्थानीय स्तरमा पाइने बिरुवाहरूका चित्र र वास्तविक बिरुवा प्रदर्शन गरी स्थानीय बिरुवाहरूको परिचय दिने<br>- विद्यार्थीहरूलाई कक्षा बाहिर लगी स्थानीयबोटबिरुवाहरू अवलोकन र सङ्कलन गर्न लगाउने र तीबिरुवाहरूको नाम तथा काम भन्न लगाउने<br>- स्थानीय जडिबुटी घोडताप्रेबारे जानकारी गराउने । | तयार पार्नुहोस्<br>२. कटुस तथा चाँपको उपयोगिता लेख्नुहोस् । | |
| ५. नीलकण्ठ नगरपालिकाका सामाजिक मान्यता,समन्वय र सांस्कृतिक पक्ष | ● स्थानीय चालचलन र रीतिरिवाजमा गरिने मुख्य मुख्य गतिविधि<br>– ठुली एकादशी,जनै पूर्णिमा<br>– छोनाम ल्होसार<br>– छठ<br>– कुलपूजा | - स्थानीय रीतिरिवाज झल्कने चित्र वा भिडियो प्रदर्शन गरी प्रश्नोत्तर गर्ने<br>- स्थानीय स्तरमा मनाइने ठुली एकादशी, छोनाम ल्होसार, कुलपूजा आदिका विद्यार्थीले अनुभव गरेका वा देखेका कुराहरू भन्न लगाउने<br>- यी चालचलनको महत्व सम्बन्धमा छलफल गर्ने<br>- छठ सम्बन्धमा विद्यार्थीलाई जानकारी भए नभएको बुझ्ने र यी चालचलन सम्बन्धमा छोटो व्याख्या गरिदिने र नेवार समुदायमा यो प्रचलनमा रहेको तथ्यसमेत स्पष्ट पारिदिने<br>- स्थानीय स्तरमा मनाइने पर्वहरुमा खाने परिकारका नाम भन्न लगाउने ।<br>- विद्यार्थीहरूलाई आफूले घरमा बोल्ने नेपालीबाहेकको अरू कुनै भाषा छ भने कुन | १. ठुलो एकादशी पर्वमा के के गरिन्छ ?<br>२. छठमा कुन समुदायमा प्रचलित संस्कार हो ?<br>३.आफूबसेको स्थानमा बोलिने कुनै २ भाषाहरूको नाम लेख्नुहोस् ।<br>४. स्थानीय स्तरमा मनाइने पर्वहरुमा खाने परिकारका नाम लेख्नुहोस् । | २२ |

| | | | | |
|---|---|---|---|---|
| | ● स्थानीय स्तरमा मनाइने पर्वहरुमा खाइने खाना र लगाइने कपडाहरुबारे भन्न | भाषा हो भन्न लगाउने ।<br>- स्थानीय रुपमा विभिन्न जातजातिहरुले लगाउने कपडा, भेषभूषाबारे भन्न तथा लेख्न लगाउने ।<br>- स्थानीय स्तरमा बोलिने विभिन्न भाषाहरूको नाम भन्न लगाउने<br>- आफ्ना मातृभाषामा कुराकानी गर्न आउँछ कि आउँदैन, सोध्ने र आउने भए कुराकानी गर्न प्रोत्साहित गर्ने | ५. स्थानीय रुपमा विभिन्न जातजातिहरुले लगाउने कपडा, भेषभूषाबारे लेख्नुहोस् । | |
| ६. नीलकण्ठ नगरपालिका भित्रका जनशक्ति र मानव संसाधन | ● स्थानीय पेशा व्यवसायको नाम (पशु चिकित्सक, वकिल, डकर्मी) र तिनीहरुको काम बताउन | - कक्षामा पशु चिकित्सकलाई उपस्थित गराएर आफ्नो पेशाबारे बताउन लगाउने<br>- वकिलको काम बताइदिने र संभव भए निजलाई नै बोलाएर बताउने<br>- डकर्मीलाई बोलाएर कामबारे बोल्न लगाउने<br>- डकर्मीका लागि आवश्यक सामग्री बताइदिने | पशुवस्तु बिरामी भए कसले उपचार गरिदिन्छन् ?<br>वकिलको काम के हो ?<br>डकर्मीका लागि के के सामान आवश्यक पर्ने रहेछन् ? | |
| ७. भौगोलिक र जनसङ्ख्यिक अध्ययन | ●वडाको भूगोल, यसको आकार, नक्सा, टार, बेंसी,पहाड बारेमा<br>आफ्नो गाउँ र वडाको र | - विद्यार्थीलाई घरमा छिमेकमा र गाउँ टोलमा कति जनसंख्या छ टिपोट गर्ने तरिका सिकाउने<br>- वडामा पाइने मौसम र हावापानी बारे जानकारी गराउने ।<br>- आफ्नो छिमेकी गाउँको नाम भन्न लगाउने<br>- छिमेकी गाउँ आफ्नो गाउँबाट कता पर्छ, सो भन्न लगाउने<br>- छिमेकी गाउँको कुनै एक विशेषता भन्न | तपाईंको छिमेकी गाउँको नाम बताई सो गाउँ कुन पालिकाको कति नम्बर वडामा पर्दछ, लेख्नुहोस् ।<br>आफ्नो र छिमेकी ४ | १३ |

| | | | | |
|---|---|---|---|---|
| | पेशागत जनसङ्ख्या बताउन<br>●वडाको जनसङ्ख्या बताउन<br>●वडाको मौसम र हावापानी बताउन | लगाउने<br>- आफ्नो वडाको नाम भन्न लगाउने<br>- सो वडा कहाँदेखि कहाँसम्म पर्दछ, अनुमान गर्न लगाउने नमिलाएमा शिक्षकले बताइदिने<br>- आफ्नो वडामा पर्ने गाउँहरूको नाम भन्न लगाउने<br>- वडाको नक्सा कोर्न सिकाउने | परिवारको घरमा कति जनसङ्ख्या छ, लेख्नुहोस् । | |
| ८. विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापनव्यवस्थापन | • स्थानीय स्तरमा हुने प्रकोपकोपहिचान (बाढी पहिरो, खहरे आगलागी र सडक सुरक्षा)<br>• नदी तथा खहरेको भिन्नता र यिनीहरुमा बाढी आउने समयअवस्था | - स्थानीय स्तरमा कस्ता कस्ता प्रकारका प्रकोपहरु हुन सक्छन् भनि सोध्ने र नाम भन्न लगाउने ।<br>- नदी तथा खहरेमा बाढी आउने कारणहरु र यी दुई बीचको भिन्नताका बारेमा पनि बताईदिने । यसमा आउने बाढीको प्रकृतिको बारेमा व्याख्या गरिदिने  जस्तै: नदीमा सधै पानी रहन्छ र विस्तारै बाढी आउँदछ । खहरेमा पानी नहुन पनि सक्छ तैपनि नजीक वा माथिल्लो भेगमा पानी आएमा एक्कासि बाढी आउन सक्छ भनि बताउने ।<br>- पहिरो जाने कारणहरु बताउने र उनीहरुलाई पनि  भन्न लगाउने जस्तै: जथाभावी बनफडानी, जथाभावी बाटो खन्ने, डोजर लगाउने, ठाडो भिरालो जमीनमा खेतीपानी गर्ने | १.स्थानीय स्तरमा के कस्ता प्रकोपहरु छन् नाम भन्नुहोस ?<br>२. नदी तथा खहरेको भिन्नता बारे बताउनुहोस ?<br>३. बाढीपहिरो जाने र रोकथाम गर्ने उपायहरु भन्नुहोस्<br>४. सडकमा दुर्घटना हुने कारणहरू उल्लेख गर्नुहोस् । | २० |

| | | | | |
|---|---|---|---|---|
| | र सम्भावित जोखिमबाट बच्ने उपायहरु<br>• आगलागी तथा बनडढेलो हुने कारण र बच्ने उपायहरु<br>• पहिरो जाने कारण र यसबाट जोगिने उपायहरु<br>• सडक पार गर्दा अपनाउनु पर्ने सावधानीहरू | आदि ।<br>- पहिरो रोकथामका उपायहरु बताउने जस्तैः रुखविरुवा रोप्ने, बनको संरक्षण गर्ने, बाटो खन्दा पहिरो नजान दिनका लागि गर्ने उपायहरु गर्ने जस्तै जथाभावी डोजर नलगाउने, पानीको निकासका लागि नाला बनाउने, ग्याबियन जाली पर्खाल, गरा सुधार जस्ता कार्यहरु ।<br>- आगलागी भएको अवस्थामा दमकल प्रयोग गरिन्छ भनि बताईदिने । दमकल बोलाउनको लाीग टोल फि नम्बर (१०१) मा फोन गर्नुपर्दछ भनि बताईदिने<br>- सडकदुर्घटनाका कारणहरु के के होलान भनि प्रश्न गर्ने<br>- सडकमा दुर्घटना हुनाका कारणहरू झल्कने चित्रहरू प्रदर्शन गर्ने र कारणहरूमा छलफल गर्ने<br>- जनावरहरूलाई सडकमा छाडा छोड्न नहुने सन्दर्भ स्पष्ट पारिदिने, त्यसले निम्त्याउने दुर्घटना सम्बन्धमा सचेत गराउने<br>- दुर्घटना हुने अन्य कारणहरू, जस्तैः विभिन्न निर्माण सामग्रीहरू सडकमा थुपार्दा साथै सवारी साधनको गति तीव्र हुँदासमेत सडकमा दुर्घटना हुने कारणहरू हुन् भनी उदाहरणसहित स्पष्ट पार्ने<br>- सडक पार गर्दा अपनाउनुपर्ने सावधानीहरु जस्तै | | |

| | | | | |
|---|---|---|---|---|
| | | ट्राफिक लाइटको पालना गर्ने, सडकमा हिड्दा सडक पेटी प्रयोग गर्ने, सडक पार गर्दा जेब्राक्रसिङ्ग, आकासे पुलआदि प्रयोग गर्ने, दौडेर सडक पार नगर्ने, व्यस्त चोकबाट बाटो नकाट्ने आदि बारे बताईदिने ।<br>- सम्भव भए सम्म कम्तीमा एक पाठ ट्राफिकहरुबाट लिन लगाउने ।<br>- | | |
| ९ स्थानीय विकास निर्माण गोरेटो घोडेटो , पुल पुलेसा र सडकहरु | ●स्थानीय ग्रामीण सडकको सामान्य परिचय र महत्व बताउन तथा धादिङ सल्यानटार<br>धादिङबेसी-धुवाँकोट सडक पुल पुलेसा<br>आफ्नो वडामा रहेको खानेपानीका मुहान, ट्याङ्कीको | - धादिङबेसी-धुवाँकोट सडक तथा धादिङ सल्यानटार सडकको चित्र प्रदर्शन गरी सो सडकको सामान्य वर्णन गरिदिने<br>- धादिङ सल्यानटार सडकको परिचय र महत्व उदाहरणसहित स्पष्ट पार्ने<br>- विद्यार्थीले देखेका सुनेका झोलुङे तथा पक्की पुलहरुको टिपोट गर्दै यसको महत्व बुझाइदिने<br>- ती सडक पुल पुलेसाहरुले स्थानीय जनजिवनमा पारेका प्रभावहरुबारे छलफल गर्ने गराउने ।<br>- तपाइँको घरबाट खानेपानीका मुहानसम्म पुग्न कति समय लाग्दछ, पानी संकलनका ट्याङ्कीहरु कति छन् भनी विद्यार्थीसँग कुराकानी गर्ने<br>- | १. धादिङबेसी-धुवाँकोट सडकको महत्व उल्लेख गर्नुहोस् ।<br>२. स्थानीय सडक तथा पुल पुलेसाहरुले हाम्रो जनजिवनमा पुऱ्याएका फाइदाहरु लेख्नुहोस् ।<br>३. तपाइँको वडामा खानेपानीको अवस्था कस्तो छ ? बताउनुहोस् । | १५ |

| | | | | |
|---|---|---|---|---|
| | विवरण दिन | | | |
| १०.स्वस्थ्य नागरिक स्वस्थ्य नीलकण्ठ | स्थानीय खेल<br>हुतुतु<br>लक्कुढाल<br>कवाज<br>योगासन | - स्थानीय खेलहरु नियम अनुसार खेल्न लगाउने जस्तै लक्कुढाल<br>- हुतुतु<br>- हात गोडाको चाल मिलाएर लहरमा हिंड्न र कवाज खेल्न लगाउने<br>- पद्मासा, मयुरासन, भृङ्गासन लगायत आसनहरु गराउने<br>- भस्त्रृका, अनुलोम विलोम, भ्रामरी,आदि प्राणायामहरु गराउने | १. मयुरासन गर्नुहोस् ।<br>२. लक्कुढाल कसरी खेलिन्छ भन्नुहोस् ।<br>३. तपाईंको घर, गाउँ, टोलमा खेलिने खेलहरुको सूचि बनाउनुहोस् । | |
| ११. नीलकण्ठ नगरपालिकाका पर्यटकीय र धार्मिक स्थल | आफ्ना पालिकाका पर्यटकीय स्थलहरूको सामान्य परिचय<br>– चमेरे गुफा<br>– वागेश्वरी मन्दिर<br>– पशुपति | – आफ्ना पालिकाका पर्यटक आउने ठाउँहरूको नाम भन्न लगाउने, जस्तै : चमेरे गुफा, वागेश्वरी मन्दिर, पशुपति मन्दिर, भानु वाटिका आदिको चित्र वा भिडियो प्रदर्शन गरी ती ठाउँहरूको छोटो परिचय दिने<br>- ती ठाउँहरूको महत्वबारे छलफल गर्ने<br>- ती ठाउँहरूमा आवश्यकताअनुसार भ्रमण गराई देखिएका कुराहरू टिपोट गर्न लगाउने । | १.चमेरे गुफाको सामान्य परिचय दिनुहोस् ।<br>२. वागेश्वरी मन्दिर कुन ठाउँमा पर्दछ ?<br>३. जुरेथुम भ्युटावरको के महत्व छ ?<br>४. भानुबाटिका कहाँ पर्छ ? | २५ |

## Class 4

**कक्षा ४**

| क्षेत्र | **विषयवस्तुको** | **शिक्षणसिकाइ क्रियाकलाप** | **मूल्याङ्कन** | **पाठ्यभार** |
|---|---|---|---|---|

| | विस्तृतीकरण | | | |
|---|---|---|---|---|
| १.नीलकण्ठ नगर पालिकाको चिनारी | - आफ्नो नगरपालिकाको मुख्य गाउँ वस्तीहरुको चिनारी<br>●धादिङबेसी,<br>●साँखु,<br>●साँङ्कोस<br>●ज्यामरुङ<br>●खाल्टे<br>●सुनौलाबजार<br>●मुरली भञ्याङ धुवाकोट,काउले,<br>यहाँका नदीनालाहरु<br>●नेत्रावती<br>●थोपल<br>●आरुङ<br>●कोशीखोला<br>- आफ्नो गाउँपालिकाका अग्लो र होचो भूभाग भन्न<br>- आफ्नो | - विद्यार्थीहरूलाई आफ्नो नगरपालिकाको मुख्य वस्तीहरुको चिनारी दिने<br>- उक्त वस्तीमा बसोबास गर्ने मुख्य समुदाय,जात जातीको चिनारी गराउने<br>- धादिङबेसी,<br>- साँखु,<br>- साँङ्कोस<br>- ज्यामरुङ<br>- खाल्टे<br>- मुरली भञ्याङ धुवाकोटको<br>यहाँका नदीनालाहरु<br>-नेत्रावती<br>थोपल<br>-आरुङ<br>-कोशीखोलाको परिचय र उपयोगिता बताउने<br>- अग्ला र होचो भूभागको नाम बताइदिने र ती ठाउँ समुद्र सतहबाट कति उचाइमा पर्दछन्, सोसमेत उल्लेख गर्ने<br>- आफ्नो नगर पालिकाका टार बँसीहरूको नाम महत्व चित्र वा उदाहरणद्वारा स्पष्ट पार्ने<br>- विभिन्न टार र बँसीहरूको नाम भन्न लगाई ती टार वा बँसीहरूको छोटो चिनारी दिने<br>- ती टार वा बँसीको महत्वको तालिका प्रस्तुत गरी छलफल गराउने | १. आफ्नो नगरपालिकाको मुख्य नदीहरूको नाम लेख्नुहोस् ।<br>२. आफ्नो नगरपालिकाको मुख्य होचो र अग्लो भूभागको नाम लेख्नुहोस् ।<br>३. नगरपालिकाभित्र पर्ने विभिन्न टार बेंसीहरुको नाम लेख्नुहोस् ।<br>४. आफु बसोबास गर्ने गाउँको नक्सा कोर्नुहोस् । | १५ |

| | | | | |
|---|---|---|---|---|
| | गाउँपालिकाका टार बेँसीहरूको नाम बताउन<br>- आफु बसेको गाउँको नक्सा बनाउन, गाउँमा रहेका टोल सुधार समितिको नाम र काम बताउन | - विद्यालय रहेको गाउँको नक्सा बनाइदिने र उक्त ठाउँमा रहेको टोल सुधार समितिको नाम र काम बताइदिने<br>- | | |
| २.नगरपालिका भित्रका उत्पादन, पेशा व्यवसाय र बजार | • स्थानीय कृषि व्यवसायको परिचय दिन<br>– कृषि<br>– पशुपालन<br>– बजारीकरण<br><br>विद्यालय रहेको गाउँको मुख्य उत्पादनको परिचय दिन | - स्थानीय स्तरमा सञ्चालित विभिन्न व्यवसायहरूको सूची तयार पार्न लगाउने<br>- कृषि व्यवसायको परिचय र महत्व उदाहरणसहित स्पष्ट पार्ने<br>- स्थानीय कृषिको महत्व सम्बन्धमा साथीहरूसँग संवाद तयार गरी संवाद प्रस्तुत समेत गर्न लगाउने<br>- आफ्नो गाउँठाउँमा रहेका सिँचाइका कुलो वा नहरको नाम र परिचय भन्न लगाउने<br>- कृषि उत्पादन बढाउन कुलो र नहरको भूमिका परिवारका सदस्यलाई सोधपुछ गर्न लगाई कक्षामा भन्न लगाउने<br>- आफ्नो बसोबास रहेको क्षेत्रको मुख्य उत्पादन बताउने, फिल्डमा नै भ्रमण गराउने | - तपाईंको समुदायमा कृषिको महत्व उल्लेख गर्नुहोस् । | १५ |
| ३. आफ्नो विगत तथा | – नीलकण्ठको ऐतिहासिक | - नगरपालिकाभित्र रहेका पौवाघर पूराना भवन,जस्तै ज्यामरुङ दरबार पाँचधारे पतेनीको | – नीलकण्ठ नगरपालिका | १५ |

| | | | | |
|---|---|---|---|---|
| नगरपालिकाको इतिहास र महत्वपूर्ण गतिविधि | स्थलहरूको नाम | पाटी भैरवी गढी, मन्दिर आदिको अवस्थिति रहेको स्थानको ऐतिहासिक पक्ष र नाम भन्न लगाउने<br>- विभिन्न ऐतिहासिक स्थलको सामान्य परिचय र महत्व स्पष्ट पार्ने, जस्तै : ऐतिहासिक व्यक्तिहरू | को ऐतिहासिक स्थलहरूको नाम लेख्नुहोस् ।<br>– ज्यामरुङ दरबारको छोटो परिचय लेख्नुहोस्/ बताउनुहोस् । | |
| ४.पर्यावरण संरक्षण र प्राकृतिक सम्पदा,स्रोत सुरक्षा | – आफूबसेको गाउँ बस्तीको आसपास रहेका पानीका स्रोतहरु, वनजङ्गलको चिनारी पक्षहरू<br>– निम्न जडिबुटीहरुको परिचय (निम, अमला, बोभ्रो, तुलसी) | - आफू बसेको गाउँबस्ती सम्बन्धमा निम्नलिखित प्रश्न गर्ने<br>- सो ठाउँमा रहेका पानीका स्थायी र अस्थायी मुलहरुको नाम टिपोट गर्न लगाउने<br>- ती ँस्रोतहरु संरक्षण भए नभएको उल्लेख गर्न लगाउने<br>- संरक्षण भएका भए अझ राम्रो गर्न र नभएका भए संरक्षणको योजना बनाउन लगाउने<br>- जडिबुटीको महत्व बुझाइदिने | - तपाईंको गाउँघरमा पाइने जडिबुटीहरु को सूचि बनाई तिनीहरुको महत्व उल्लेख गर्नुहोस्/ लेख्नुहोस् । | १५ |

| | | | | |
|---|---|---|---|---|
| ५. नीलकण्ठ नगरपालिकाका सामाजिक मान्यता,समन्वय र सांस्कृतिक पक्ष | • स्थानीय जात्रा र संस्कार<br>- लाखेजात्रा<br>- न्वागी खाने<br>- दाइँ गर्ने<br>- कुमालहरुको बसोबास, चाडपर्व, पोसाक,<br>- स्थानीय स्तरमा बोलिने भाषाहरूको सामान्य परिचय<br>- धार्मिक स्थल ज्यामरुङको शंखादेवी र धुवाकोटको भँगेरी भैरवको चिनारी | - स्थानीय जात्रा र संस्कार झलकने चित्र, जस्तै : लाखेजात्रा, न्वागी खाएको वा दाइँ गरेको चित्र प्रदर्शन गरी जात्रा र संस्कारको छोटो परिचय दिने<br>- लाखेजात्रामा गरिने क्रियाकलापको भूमिका अभिनय गर्न लगाउने<br>- दाइँ गर्दा गाइने गीत समुदायमा जानकार व्यक्तिसँग सोधखोज गरी कक्षामा भन्न लगाउने<br>- असारमा हुने खेत रोपाइ र त्यहाँ लगाइने बेठी गीत को महत्व जोडी जोडीमा छलफल गरी कक्षामा प्रस्तुत गर्न लगाउने<br>- कुमाल जातिको बसोबास क्षेत्र, चाडबाड, पोसाक र संस्कारको चित्र, भिडियो, कथामार्फत जानकारी प्रदान गर्ने<br>- कुमाल अगुवासँग भेटघाट र छलफल गराई उनीहरूको संस्कार र संस्कृति सम्बन्धमा जानकारी प्रदान गर्ने र ती संस्कार संस्कृतिको सम्मान र संरक्षण गर्नुपर्ने कुरा बताइदिने<br>- स्थानीय स्तरमा बोलिने भाषाको नाम, त्यसको महत्व, त्यो भाषा कतिले बोल्छन्, परिवारमा छलफल गरी कक्षामा प्रस्तुत गर्न लगाउने | १. न्वागी खानेस्थानीय संस्कारको चर्चा गर्नुहोस्<br>२.रोपाइँको महत्व उल्लेख गर्नुहोस् ।<br>३. कुमाल जातिको कुनै दुई संस्कारहरू उल्लेख गर्नुहोस् ।<br>४ भँगेरी भैरव मन्दिरको परिचय दिनुहोस् | १५ |
| ६. नीलकण्ठ नगरपालिका भित्रका जनशक्ति र | • नगरपालिका भित्र भएका निम्न पेशागर्ने जनशक्तिहरुको परिचय दिन | • विद्यार्थीहरुलाई नगरपालिकाभित्र भएका निम्न पेशा गर्ने जनशक्तिहरुको परिचय दिने<br>• तपाईहरुले प्रहरी देख्नुभएको छ ?<br>• उनीहरुको पोशाक कस्तो हुन्छ ? के के काम गर्छन् ? हामीलाई के सहयोग गर्छन ? सोध्ने र | प्रहरीले हामीलाई के सहयोग गर्छन ?<br>नर्सहरु भनेका | |

| | | | | |
|---|---|---|---|---|
| मानव संसाधन | • सुरक्षाकर्मी<br>• नर्स<br>• कृषिफर्म सञ्चालक | आफूले पनि भनिदिने<br>• नर्सहरु भनेका को हुन् ? उनीहरुको काम के हो ? हामीलाई के के काममा सघाउँछन् सोध्ने र आफूले पनि बताइदिने<br>- कृषिफर्म सञ्चालकहरुले कस्ता कस्ता काम गरेका हुन्छन् एक फर्म अवलोका गराउने र त्यसबारे धारण बसाउने । | को हुन् ? उनीहरुको काम के हो ? | |
| ७. भौगोलिक र जनसङ्ख्यिक अध्ययन | नगरपालिकाको वस्तीसहितको नक्सा र परिचय<br>आफ्नो नगरपालिकाको प्राकृतिक स्रोतहरु परिचय र वडाको सामान्य जानकारी र भाषिक र साँस्कृतिक जनसङ्ख्या टिपोट गर्ने । | - आफ्नो पालिकाको जमीनको स्वरुप नक्साको प्रयोग गरी बताइदिने<br>- घना बस्ती र पातलो बस्ती भएका ठाउँहरु कहाँ कहाँ छन्, तपाइँको गाउँको जनसङ्ख्या कति छ कुन कुन थरका, जातिका मानिसहरु बसोबास गर्दछन् भनी प्रश्न सोध्दै अवस्था बताइदिने<br>- आफ्नो पालिकाको प्राकृतिक स्रोतहरुको टिपोट गर्ने<br>- पालिकाको नक्सामा वन जङ्गल र स्रोतहरु भर्ने<br>- विद्यार्थीलाई कक्षामा पालैपालो आफूलाई थाहा भएका आफ्नो वडाको सामान्य जानकारी भन्न लगाउने<br>- त्यो वडा कति ठुलो छ, कति जनसङ्ख्या छ, पढेलेखेका मानिसहरू कति छन् आदि प्रश्न गर्दै जाने र अन्तिममा शिक्षकले जवाफसमेत बताइदिने<br>- वडामा रहेका विद्यालय, स्वास्थ्यचौकी आदि सम्बन्धमा समेत प्रश्न गरी छलफल गर्ने<br>- वडाको जानकारी खुल्ने चार्ट, नक्सा आदि प्रदर्शन | तपाइँको वडाको बाक्लो र पातलो बस्ती भएका ठाउँहरु कुन कुन हुन् ?<br>१.तपाइँको वडाको जनसङ्ख्या कति छ ?<br>२. आफ्नो वडाको छोटकरीमा वर्णन गर्नुहोस् ।<br>३. आफ्नो नगरपालिकाको नक्सा कोरेर वडा भर्नुहोस् । | १५ |

| | | | | |
|---|---|---|---|---|
| | | गरी छलफल गराउने<br>- वडाको नक्सा कोर्ने अभ्यास गराउने<br>- फरक भाषाभाषीको टिपोट गर्न लगाउने | ४. आफ्नो वडाको नक्सा कोर्नुहोस् । | |
| ८.विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन | ● स्थानीय स्तरमा हुने प्रकोपहरुबाट बच्ने उपाय<br>● भूकम्पको बारेमा सामान्य जानकारी तथा यसबाट बच्ने उपायउन<br>● चटयाङ्गबारे सामान्य जानकारी तथाचटयाङ्ग पर्दा अपनाउनु पर्ने सावधानीहरु<br>● ट्राफिकका सामान्य नियम तथा चिन्हहर् बताउन | - स्थानीय स्तरमा हुने प्रमुख प्रकोपहरुको बारे बताउने जस्तैः आगलागी, बाढी पहिरो, डुवान, भुकम्प, चट्याङ्ग आदि । घर वा विद्यालय वरपर हुने यस्ता किसिमका प्रकोपहरुका घट्नाहरु भएका छन् कि भनि विद्यार्थीलाई सोध्ने र त्यस्ता घटनाबाट बच्ने उपायहरुबारे बताउने ।<br>- भूकम्प सम्बन्धी जानकारी दिई भुकम्प आउदा जोगिने उपायहरुबारे बताईदिने जस्तैः कौसी अथवा बरण्डामा राखेको गमलालाई नखसन्ने तरिकाले राख्ने, भुईतलामा भएमा खुला ठाँउतिर जाने, माथिथ्लो तलामा भएमा भर्याङ्गतिर नदौड्ने, खस्न वा पल्टन सक्ने समानको नजीक नबस्ने, बिम्व वा खाट मुनि बस्नेबारेजस्ता व्यवहारिक अभ्यास गराउने<br>- चट्याङ्ग सम्बन्धी जानकारी दिने र यसबाट बच्ने उपायहरु बताई दिने जस्तैः ठूला रुख मुनि नबस्ने, बिजुलीको पोल नछुने, गड्याङ्ग गुडुङ्ग गर्दा घर बाहिर ननिस्कने, पानीको धाराहरु नछनु, विद्युतीय उपकरणहरु नचलाउने आदि ।<br>- बालबालिकाहरुलाई सडक पार कसरी गर्ने गरेका छौ भनि सोध्ने र सडक पार गर्ने तरिकाबारे बताउने । | १. स्थानीय स्तरमा हुने प्रमुख प्रकोपहरु के के हुन् ?<br>२. प्रकोपबाट बच्ने उपायहरु बताउनुहोस ?<br>३. भूकम्पबाट बच्ने उपायहरु लेख्नुहोस् ।<br>४. चट्याङ्ग बाट बच्ने उपायहरु बताउनुहोस?<br>३. सडक पार गर्दा अपनाउनुपर्ने सावधानीको सूची तयार पार्नुहोस् । | १४ |

| | | | | |
|---|---|---|---|---|
| | | - सडक पार गर्दा अपनाउनुपर्ने सावधानीहरू ( जेब्रा कसिङ्ग) को सूची देखाई छलफल गर्ने<br>- सडक पार गर्दा अपनाउनुपर्ने विभिन्न व्यावहारिक अभ्यासमा आधारित भई भूमिका अभिनय गर्न लगाउने<br>- सडक संकेतहरुको बारेमा बताईदिने ।<br>- सडक क्षेत्रको भ्रमण वा अन्य सहर जाँदा विभिन्न सावधानीका उपायहरू अवलम्बन गरी सडक पार गर्ने नियमहरूमा सचेत गराउने | | |
| ९ स्थानीय विकास निर्माण गोरेटो घोडेटो, पुल पुलेसा र सडकहरु | स्थानीयग्रामीण सडकको परिचय र आवश्यकता<br>– नीलकण्ठ पौवा सडक<br>– निगालपानी भ्युटावर<br>– पालिका जोड्ने अन्य पुल पुलेसा<br>वडा भित्रको भौतिक विकासका सूची तयार पार्न | - विभिन्न ग्रामीण सडकहरूको चित्र वा फोटा प्रदर्शन गर्ने<br>- ती सडकहरूको आवश्यकता सम्बन्धमा कक्षामा समूहगत छलफल गराउने<br>- नीलकण्ठ पौवा सडकको विस्तृत विवरण तालिकामा देखाई स्पष्ट गर्ने<br>- सडकको महत्व सम्बन्धमा एक अनुच्छेद लेख्न लगाई मूल्याङ्कन गर्ने<br>- नगरपालिकामा बनाइएका सडक, सडक पेटी, पार्क, सामूदायिक अध्ययन केन्द्रको बारेमा बताइदिने | १ नीलकण्ठ पौवा सडकको महत्व लेख्नुहोस् ।<br>२ निगालपानी भ्युटावरको परिचय दिनुहोस्। | ११ |
| १०.स्वस्थ्य नागरिक सभ्य नीलकण्ठ | स्थानीय खेल खेल्न<br>-गट्टा<br>-पिङ | विद्यार्थीहरुलाई समुह समुहमा स्थानीय खेल गट्टाको नियम बनाएर खेल्न लगाउने<br>-डोरे पिङको अभ्यास गराउने | १. डोरे पिङको परिचय दिनुहोस्<br>२. योगासनका | |

| | | | | |
|---|---|---|---|---|
| | योगासन<br>लहरमा कवाज<br>खानामा मिसावट र जङ्कफुडबाट बच्ने तथा स्वस्थ खानाको महत्वमा जोड दिने अनुशासित आदत | योगासनका सबै अभ्यासहरु गराउने<br>लहरमा कवाज र परेड खेल्ने दैनिक अभ्यास गराउने<br>- हामीले खाने खाजा, खाना तथा पिउने पदार्थमा हानीकारक चीजहरु मिसाएको हुनसक्छ, सकेसम्म घरमै बनाएको ताजा र साधारण परिकारहरु खानु पर्दछ, आफैले बिषादीरहित उब्जाएको फलफूल, तरकारी खानु पर्दछ भनी विद्यार्थीका आहारका बारेमा बताउँदै जानकारी दिने र व्यवहारमा लागु गर्न लगाउने<br>- अनुशासित आदत र खराब आदत बारे बताउने | फाइदाहरु लेख्नुहोस् ।<br>३. हामीले तयारी र पत्रुखाना नखाई किन घरमै बनाएको साधारण परिकार खानुपर्दछ ? लेख्नुहोस् ।<br>अनुशासित नागरिक कसरी बन्न सकिन्छ ? | |
| ११. नीलकण्ठ नगरपालिकाका पर्यटकीय र धार्मिक स्थल | ग्रामीण पर्यटकीय स्थलहरूको पहिचान र महत्व<br>– रक्तकालि मन्दिर<br>– कृष्ण मन्दिर तथा<br>– मनकामना मन्दिर | - विभिन्न रमाइला ठाउँहरूको नाम भन्न लगाउने<br>- रक्तकालि मन्दिर, कृष्ण मन्दिर र मनकामना मन्दिरको चित्र वा फोटो देखाई सो ठाउँको सामान्य परिचय दिने र महत्व बताउने<br>- सम्भव भएका ती ठाउँको अवलोकन भ्रमण गराई त्यहाँको वास्तविक अवस्थिति र गतिविधिहरू सोधखोज गर्न लगाई विवरण सङ्कलन गर्न लगाउने | १. रक्तकालि मन्दिर र कृष्ण मन्दिर धार्मिक मात्र नभईपर्यटकीय स्थल पनि हो । यस भनाइलाई पुष्टि गर्नुहोस् । | १३ |
| • | | - | | |

## Class 5

**कक्षा ५**

| क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | शिक्षणसिकाइ क्रियाकलाप | मूल्याङ्कन | पाठ्यभार |
|---|---|---|---|---|
| १.नीलकण्ठ नगर पालिकाको चिनारी | ● आफू बसेको वडाको संरचना र सेवाक्षेत्र तथा सिमाना बताउन<br>● वडा अध्यक्ष र सदस्यहरुको नाम बताउने<br>● वडाको नक्सा बनाई महत्वपूर्ण ठाउँहरु भर्न लगाउने<br>●वडा स्तरीय कार्यालयहरुको परिचय गराउने । | - आफू रहेको वडाको सिमाना थाहा छ भनि प्रश्न गर्ने, वडामा काम गर्ने कुन कुन कार्यालयहरु छन् भनि प्रश्न गर्ने<br>- आफू रहेको वडाका वडाध्यक्ष र वडा सदस्यहरूको नाम थाहा छ भनी प्रश्न गर्ने<br>- वडाको संरचनाको चार्ट बनाई कक्षामा देखाउने र वडा अध्यक्ष, सदस्यको सङ्ख्या बताइदिने र नक्सा कोर्ने र कोर्न लगाउने ।<br>- हाल वहाल रहेका वडा प्रतिनिधिहरुको नाम भन्ने<br>- वडाले गर्ने सेवाहरूको सूची बनाई कक्षामा प्रस्तुत गर्ने<br>- वडा अध्यक्ष वा सदस्यलाई बोलाई कक्षामा निजको कामबारे छलफल गर्न लगाउने<br>- विद्यार्थीहरूलाई वडा कार्यालयमा लगि वडाको संरचना र सेवा सम्बन्धमा त्यहाका वडा पदाधिकारी वा कर्मचारीसँग सोधपुछ गर्न प्रश्नावली बनाउन लगाउने र त्यसैमा आधारित भई छलफल गर्न लगाउने | १.तपाईँ बसेको वडाको वडाध्यक्षको नाम लेख्नुहोस् ।<br>२.तपाईँ बसेको वडा कार्यालयले प्रदान गर्ने सेवाहरूको सूची तयार पार्नुहोस् ।<br>३. आफ्नो वडाको नक्सा कोरी महत्वपूर्ण ठाउँहरु भर्नुहोस् । | १५ |
| २.नीलकण्ठ नगरपालिका | स्थानीय व्यवसाय र बजार | - स्थानीय मानिसहरूले गर्ने विभिन्न व्यवसायको नाम पालैपालो भन्न लगाउने | १.श्रमको किन सम्मान गर्नुपर्दछ | १५ |

| | | | | |
|---|---|---|---|---|
| भित्रका उत्पादन , पेशा व्यवसाय र बजार | – मजदूरी<br>– पशुपालन र दुग्ध व्यवसाय<br>– दही, दुध, घ्यू, मही, पनिर, खुवा, मिठाइ, छुर्पी निर्माण सम्बन्धी तरिका र हुने आयआर्जन<br>– नगरपालिकाले अघि बढाएको एक वडा एक उत्पादनको बारेमा बताउने | - स्थानीय व्यवसायले जीविकोपार्जनमा पुऱ्याएको फाइदाहरूका सम्बन्धमा समूह समूहमा छलफल गर्न लगाउने<br>- मजदूरी गरिरहेका विभिन्न चित्रहरू देखाउँदै यहाँका मानिसको जीविकोपार्जनको आधार मजदुरी रहेको सन्दर्भ उल्लेख गर्ने<br>- धेरै मानिसले गर्ने मजदुरी र जीविकोपार्जनको सम्बन्ध स्पष्ट पारिदिने र श्रमलाई सम्मान गर्नुपर्ने कुरा बताउने<br>- दुग्धजन्य पदार्थ निर्माणबारे जानकारी गराउने<br>- दुग्ध विक्रीबाट हुने फाइदा बताउने<br>- गाई, भैंसी फर्म अवलोकन गराउने<br>- विद्यालय रहेको वडाको उत्पादन क्षेत्र भ्रमण गराई तथा कृषकलाई नै विद्यालयमा आमन्त्रण गरी अन्तरक्रिया गराउने | ?<br>२. मजदुरी र जीविकोपार्जन बिचको अन्तरसम्बन्ध स्पष्ट पार्नुहोस् ।<br>३. दुग्ध व्यवसाय अन्तर्गत केके गर्न सकिन्छ ?<br>४. आफु बसोबास गर्ने वडाको मुख्य उत्पादनको नाम लेख्दै यसका विशेषता पनि बताउनुहोस् । | |
| ३.आफ्नो विगत तथा नगरपालिकाको इतिहास र महत्वपूर्ण गतिविधि | – नीलकण्ठ न.पा.का. साविक गाविसहरुको परिचय भन्न<br>– नीलकण्ठ न.पा.का ऐतिहासिक व्यक्तित्वहरुको जिवनी र योगदान भन्न | - नीलकण्ठ नगरपालिकामा भएका सामाजिक सुधारका गतिविधि र प्रजातन्त्रमा योगदान दिने ऐतिहासिक व्यक्तित्वहरूको चित्र, भिडियो प्रदर्शन गरी जानकारी प्रदान गर्ने<br>- साहित्यसेवा र समाजसेवा गर्ने व्यक्तिहरुको योगदान सम्बन्धमा जानकार व्यक्तिलाई बोलाई छलफल अन्तरक्रिया | १. नीलकण्ठ नगरपालिकाको नामाकरण कसरी भएको रहेछ, भन्नुहोस् । | १५ |

| | | | | |
|---|---|---|---|---|
| | – लेखक (डिल्लीरमण अर्यालं)<br>– समाजसेवी (भीमसेन कुमार श्रेष्ठ) | गर्न लगाउने<br>- नीलकण्ठ न.पा.को नामाकरण तथा साविक गाविसहरुको छोटो परिचय प्रस्तुत गराउने । | | |
| ४.पर्यावरण संरक्षण र प्राकृतिक सम्पदा,स्रोत सुरक्षा | स्थानीय वनजङ्गलको परिचय जडीबुटीहरूको पहिचान, महत्व र उपयोगिता<br>- तुलसी<br>- निम<br>- घोडताप्रे<br>- असुरो<br>- गुर्जो | - विद्यार्थीहरूलाई स्थानीय वन जङगल र त्यहाँ पाइने जडिबुटी रुखविरुवाको परिचय र उपयोगिता बताइदिने  विभिन्न जडीबुटीहरूको नाम भन्न लगाउने<br>- तीजडीबुटीहरू कहाँ पाइन्छन् भनी सोध्ने<br>- तुलसी, निम, घोडताप्रे, असुरो र गुर्जोको पात र डाँठ सङ्कलन गरी कक्षामा प्रदर्शन गर्ने र ती जडीबुटीको महत्व तथा उपयोग गर्ने तरिका बताइदिने<br>- विद्यार्थीलाई यी बिरुवाका पातहरू सङ्कलन गर्न लगाउने<br>- यी वनस्पतिको घरेलु उपचारमा बढीभन्दा बढी प्रयोग गर्न अभिप्रेरित गर्ने | १. तुलसीको महत्व उल्लेख गर्नुहोस्<br>२. गुर्जोको उपयोगिता कुनै दुई बुँदामा उल्लेख गर्नुहोस् ।<br>३. असुरोको चित्र बनाई त्यसको अङ्गहरु देखाउनुहोस् । | १५ |
| ५. नीलकण्ठ नगरपालिकाका सामाजिक मान्यता ,समन्वय र सांस्कृतिक पक्ष | • स्थानीय स्तरमा बोलिने भाषाको सामान्य परिचय र महत्व (मगर घाटु नाचको परिचय)<br>• स्थानीय स्तरमा रहेका विभिन्न | - स्थानीय समुदायमा रहेका विभिन्न जातजातिको नामको सूची तयार पार्न लगाउने<br>- तीमध्ये मगर जातिका मानिसहरूले लगाउने लुगा, मान्ने रीतिरिवाज र संस्कार सम्बन्धमा छलफल चलाउने<br>- मगर जातीका विभिन्न थरहरूको सम्बन्धमा छलफल गर्ने<br>- मगर जातीले गर्ने पुर्ख्यौली पेसाका सम्बन्धमा | १. मगर भाषाको महत्व उल्लेख गर्नुहोस् ।<br>२.मगर जातीका मुख्य मुख्य संस्कारहरूको | १५ |

| | | | | |
|---|---|---|---|---|
| | जातजातिहरूमध्ये मगर जातीको स्थानीय परम्परा, रीतिरिवाज र संस्कार | चर्चा गर्ने<br>- स्थानीय स्तरमा बोलिने विभिन्न भाषाहरूको सूची तयार पार्न लगाउने<br>- ती भाषाहरूका बारेमा थाहा भएका कुरा पालैपालो भन्न लगाउने<br>- मगर भाषा बोल्ने परिवार ककस्को छ भनी प्रश्न गर्ने<br>- ती भाषा बोल्न जान्ने व्यक्तिलाई कक्षामा सो भाषा बोल्न लगाउने<br>- मगर भाषाको महत्व, सो भाषा बोल्ने व्यक्ति वा विद्यार्थीमा बढी हुने कुरा स्पष्ट पारिदिने<br>- मगर भाषाको लिपि सम्बन्धमा सामान्य जानकारी प्रदान गर्ने<br>- सो भाषा जान्ने व्यक्तिलाई ल्याई कक्षामा सो भाषासम्बन्धी वर्ण र अक्षर चिनारी गराउने र लिपिसमेत सिकाउने | सूची तयार पार्नुहोस् । | |
| ६. नीलकण्ठ नगरपालिका भित्रका जनशक्ति र मानव संसाधन | निम्न पेशा र तिनीहरुको दायित्व तथा भूमिका बताउन<br>• यातायात मजदुर<br>• पशुपंक्षी फारम<br>• कार्यालय कर्मचारी | - यातायातमा काम गर्ने व्यक्तिहरुका लागि आवश्यक योग्यता, प्रमाण गुणहरुका बारेमा बताइदिने<br>- कुनै पशुपक्षी फारमसम्म भ्रमण लैजाने<br>- विद्यार्थीहरुलाई पशुपक्षी फारमबाट हुने आम्दानी, तरिका बताइदिने<br>- वडा कार्यालय वा अन्य कार्यालय भ्रमण गराएर सरकारी सेवाको बारेमा जानकारी गराउने | १. कार्यालय कर्मचारीले के कस्ता सेवा दिन्छन् ?<br>२. पशुपंक्षी फारमबाट के कस्तो आम्दानी हुने रहेछ ? | |

| | | | | |
|---|---|---|---|---|
| ७. भौगोलिक र जनसङ्ख्यिक अध्ययन | ● .स्थानीय तहमा रहेका खानीहरू<br>- बालुवा<br>- ढुङ्गाा<br>- नक्सामा ती वस्तुहरुको उल्लेख गर्न<br>● स्थानीय उत्पादनका क्षेत्रहरु र उत्पादित वस्तुहरुबारे बताउन र नक्सामा भर्न ।<br>● वडागत विद्यार्थीको लैङ्गिक विवरण भर्न । | - स्थानीय स्तरमा रहेका विभिन्न खानीहरूका नाम भन्न लगाउने<br>- ती खानीहरूमध्ये बालुवा खानी र ढुङ्गा खानी र ती रहेका स्थानको सम्बन्धमा छलफल गर्ने<br>- बालुवा निकालिरहेको, ढुङ्गा काटिरहेको वा बोकिरहेको चित्र प्रदर्शन गरी सो को सम्बन्धमा थप स्पष्ट पारिदिने<br>- ती खानीहरूको महत्व सम्बन्धमा उदाहरणसहित स्पष्ट पारिदिने<br>- गाउँपालिकामा रहेका मुख्य बजारमा उत्पादन तथा विक्रीहुने वस्तुहरुका नाम र महत्व खोजी गर्न लगाउने<br>- उत्पादन हुने क्षेत्रको महत्व बताउने ।<br>- विभिन्न बजारका चित्र र त्यहाँ भएका गतिविधिका चित्र वा फोटा सङ्कलन गर्न लगाउने<br>- आफ्नो वडाका कक्षागत विद्यार्थीको जातिगत, लैङ्गिक आधारमा विवरण तयार पारी चार्ट बनाई टाँस्ने । | १.तपाइँ गाउँपालिकामा रहेका बालुवा खानी कहाँ छ र त्यसको के महत्व छ उल्लेख गर्नुहोस् ।<br>२) तपाइँको नगरपालिकाका मुख्य उत्पादनका वस्तुहरु के के छन्, लेख्नुहोस् ।<br>३. नगरपालिकाको नक्सा बनाइ नक्सामा तरकारी उत्पादन क्षेत्र भर्नुहोस् । | १५ |
| ८. विपद् जोखिम | ● विपद् व्यवस्थापन पूर्व तयारीका लागि | - विपद् व्यवस्थापन पूर्व तयारीका साम्रगीहरु (जस्तै टर्चलाइट, डोरी,टेन्ट, खाद्य साम्रगी, औषधी, कुटो | १.विपद व्यवस्थापनका | १४ |

| | | | | |
|---|---|---|---|---|
| न्यूनीकरण तथा व्यवस्थापन | आवश्यक साम्रगीहरु<br>● आफ्नो गाँउघर, टोल वरपर हुने जंगली जनावरको सूची बनाउन र आतंक बारे बताउन<br>● पहिरो जाने कारण तथा यसलाई न्यूनिकरण गर्ने उपाय बताउन ।<br>● भुकम्पबाट बच्ने उपाय तथा भुकम्पबाट हुने असर बारे बताउन ।<br>● टाफिक चिह्न चिन्न र महत्व बताउन<br>● सडक दुर्घटनाका कारणहरु बताउन | कोदालो आदि) सूची बनाउने र तयारी अवस्थामा राख्ने ।<br>- आफ्नो टोल वरपर हुने जंगली जनावरको सूची बनाउन लगाउने ।<br>- कस्ता कस्ता जनावरहरुको आतंक बढी देखिएको छ सो को बारेमा छलफल गर्न लगाई यसले पारेका असरहरुबारे बताईदिने ।<br>- पहिरो जाने कारण बारे छलफल गर्ने तथा यसलाई न्यूनिकरण गर्ने उपायहरुबारे जानकारी दिने जस्तैः पहिरो जाने ठाँउ नजीक रुखविरुवा रोप्ने, भिरालो जमीनमा घर नबनाउने तथा खेतीपाती नगर्ने, जथाभावी डोजरले नखन्ने, खोलाबाट जथाभावी बालुवा, ढुङ्गा ननिकाल्ने ।<br>- भुकम्पबाट बच्ने उपायहरु बताईदिने तथा भुकम्प पछि हुने असरहरुका बारेमा बताउने ।<br>- चित्र वा पोष्टरको माध्यमबाट ट्राफिक चिन्हबारे बताईदिने, कुन अवस्थामा कुन चिन्ह प्रयोग हुन्छ भन्ने पनि बताईदिने<br>- ट्राफिक नियमको पालना सम्बन्धी भिडियो वा डकुमेन्ट्री देखाउने<br>- ट्राफिक नियमको पालना गरौ भन्ने नारा लगाई विद्यालय आसपासमा ऱ्याली निकाल्न लगाउने । | पूर्व तयारीका साम्रगीहरु के के होलान?<br>२. तपाईको घरवरपर के कस्ता जंगली जनावरहरु छन् उल्लेख गर्नुहोस ?<br>३. पहिरो जाने कारण तथा यसबाट बच्ने उपायहरु बारे लेख्नुहोस ?<br>४. भुकम्पबाट बच्ने उपायहरु लेख्नुहोस?<br>५. ट्राफिक नियमबारेमा बताउनुहोस ? | |
| ९. स्थानीय विकास निर्माण | ● स्थानीय कृषि सडक<br>- परिचय | - नीलकण्ठ नगरपालिकाका रहेका विभिन्न स्थानीय कृषि सडकको नाम भन्न लगाउने | १. साङ्कोस तिप्लङ मार्गको | ११ |

| | | | | |
|---|---|---|---|---|
| गोरेटो घोडेटो, पुल पुलेसा र सडकहरु | - आवश्यकता<br>● साङ्कोस तिप्लङ मार्गको परिचय र महत्व<br>● नगरपालिकामा कलकारखानाको परिचय र महत्व | - साङ्कोस तिप्लङ मार्गको परिचय र महत्व सम्बन्धमा छलफल गराउने<br>- आफ्नो वडामा यस वर्ष भएका विकासका कामहरुको सूचि बनाउन लगाउने ।<br>- यी सडकले त्यहाँको जीवनस्तरमा पुऱ्याउने फाइदाहरूको सूची तयार पार्न लगाउने<br>- ती सडक जोड्ने गाउँ र बजारबिचको सम्बन्ध बताइदिने<br>- नगरपालिको नक्सामा ती ठाउँहरूलाई जोड्ने सडकको चित्र बनाई कक्षामा प्रस्तुत गर्न लगाउने<br>- तपाइँको वडामा रहेका कलकारखाना र उद्योग कुन कुन हुन् र यसले कसरी हाम्रो जनजीवनमा प्रभाव पारेको हुन्छ छलफल चलाउने<br>- नजिकमा रहेको कलकारखाना र उद्योग भ्रमण गराउने | छोटो परिचय दिनुहोस् ।<br>२.स्थानीय कृषि सडकले त्यहाँको जीवनस्तरमा सुधार ल्याउन के के योगदान पुऱ्याउँछ ?<br>३. तपाईंले देख्नुभएको कुनै एक उद्योगको परिचय दिनुहोस् । | |
| १०.स्वस्थ्य नागरिक स्वस्थ्य नीलकण्ठ | ● खैजडी भजनको अभ्यास गर्न<br>● स्थानीय खेलकूद कपर्दीको नियम बताई अभ्यास गर्न<br>● रुमाल लुकाई खेल अभ्यास गर्न<br>● योगासनका सबै आसनहरुको अभ्यास | ● खूल्ला चौरमा विद्यार्थीहरुलाई लिएर जाने<br>● विद्यार्थीहरुलाई आवश्यकता अनुसार समुह बनाउने र आरम्भमा कपर्दी र रुमाल लुकाइका नियमहरु भनिदिने र खेल्न लगाउने<br>● योगाभ्यास सबै आसन तथा प्राणायाम गर्न लगाउने<br>● योग प्रशिक्षकलाई आवश्यकता अनुसार प्रदर्शन र अभ्यास गराउने ।<br>● शरीर स्वस्थ राख्न, मन स्वस्थ राख्नु आवश्यक | १. कपर्दी, रुमाल लुकाइ खेलको नियम भन्नुहोस् ।<br>२. मर्कटासन तथा मयुरासन देखाउनुहोस्<br>३. स्वस्थ रहन आवश्यक पर्ने | |

| | | | | |
|---|---|---|---|---|
| | गर्न<br>● स्वस्थ रहन सन्तुलित भोजनको आवश्यकता बताउन<br>● मानवातावादी आचरण | छ, यसका लागि हामीले सन्तुलित भोजनको अभ्यास गर्नुपर्दछ भन्दै विद्यार्थीहरुको खानाका तालिका, सूची तथा विवरण लिदै छलफल गराउने र सात्विक आहारको आवश्यकताको वर्णन गराउने<br>● मानवातावादी आचरणबारे सूची तयार गर्न लगाउने | सन्तुलित खानामा के के तत्वहरु पर्दछन् ? लेख्नुहोस् ।<br><br>कस्तो आचरणलाई मानवतावादी आचरण भनिन्छ ? | |
| ११. नीलकण्ठ नगरपालिकाका पर्यटकीय र धार्मिक स्थल | आफ्ना पालिकाका पर्यटकीय स्थलहरूको परिचय, विशेषता र महत्व<br>– भुलभुले कालिका मन्दिर<br>– भैरवी बास्तल डाँडा वनभोजस्थल | - नीलकण्ठ नगरपालिकाका मुख्य पर्यटकीय स्थलहरूको सूची तयार पार्न लगाउने<br>- भुलभुले कालिका मन्दिरको अवस्थिति र महत्व सम्बन्धमा चित्र वा फोटो प्रदर्शन गर्ने र छलफलसमेत गराउने<br>- भैरवी वास्तलडाँडा वनभोज स्थल लैजाने र त्यहाँको सौन्दर्य अवलोकन गराउने । | १. भैरवी बास्तल डाँडा वनभोजस्थलको विशेषताहरू उल्लेख गर्नुहोस् ।<br>२. भुलभुले कालिका मन्दिरको महत्व उल्लेख गर्नुहोस् । | १३ |
| ● | | - | | |

Class 6

**कक्षा ६**

| क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | शिक्षणसिकाइ क्रियाकलाप | मूल्याङ्कन | पाठ्यभार |
|---|---|---|---|---|
| १.नीलकण्ठ नगर पालिकाको चिनारी | ●नीलकण्ठ नगर पालिकाका वडाहरुको सङ्ख्या स्थापना, क्षेत्रफल, र संरचना,जनसङ्ख्या, भौगोलिक बनावट र सीमाहरुबारे बताउने र आवश्यकता अनुसार क्षेत्रभ्रमण विधिको प्रयोग गरेर परिचय गराउने<br>●स्थानीय सरकारको काम, | - स्थानीय सरकारको परिचय दिने<br>- पहिलाको स्थानीय तह र अहिलेका वडाबिचको सम्बन्ध स्पष्ट पारिदिने<br>- हालका १४ वडामध्ये साबिकको गाविसका वडाहरूबाट मिलाइएको सन्दर्भ स्पष्ट पार्ने<br>- नक्सामा ती वडाहरू कहाँ कहाँ पर्दछन् ?खोज्न लगाउने<br>- नक्सा बनाएर वडा भर्न लगाउने<br>- स्थानीय सरकारको गठन विधि उल्लेख गरिदिने ।<br>- स्थानीय सरकार सम्बन्धी संवैधानिक व्यवस्थाबारे चर्चा गर्ने र काम, कर्तव्य र अधिकार बताइदिने ।<br>- स्थानीय सरकार सञ्चालन ऐन र कार्यविधिका सामान्य बुँदा टिपोट गराउने ।<br>- नीलकण्ठ नगरपालिकाको नक्सा बनाएर वडा र सिमाना भर्न लगाउने<br>- हालका वडा र साविकका गाविस पहिचान गराइदिने<br>- नगरपालिका भ्रमण गराई छलफल गराउने | १. नीलकण्ठ नगर पालिकाको चिनारी गराउनुहोस्<br>२. वडा नं १,२ र ३ मा पहिले कुन गा.वि.स. पर्दथ्यो ?<br>३. नक्सामा विद्यार्थीहरूले वडा खोजेको अवस्थाको अवलोकन गरी सोही वडा खोज्न सके नसकेका आधारमा मूल्याङ्कन गर्नुहोस् ।<br>पलिकाको नक्सा बनाएर वडाहरु भर्नुहोस् ।<br>४. नगर प्रमुख र वडा अध्यक्षको काम, कर्तव्य र अधिकारको सूची बनाउनुहोस् । | १५ |

| | | | | |
|---|---|---|---|---|
| | कर्तव्य र अधिकार बताउन । | | | |
| २.नीलकण्ठ नगरपालिका भित्रका उत्पादन, पेशा व्यवसाय र बजार | य पेसा र दन<br>- अन्नपात<br>- तरकारी<br>- फलफूल<br>- पशुपालन<br>- दुग्धजन्य उद्योग<br>- व्यापार<br>- सेवाक्षेत्रको पहिचान<br><br>नगरपालिकाभित्रका प्रमुख फलफूल परिचय दिने | - स्थानीय स्तरमा अपनाइने विभिन्न पेसाहरूको चार्ट वा तालिका प्रदर्शन गर्ने<br>- स्थानीय स्तरमा हुने विभिन्न उत्पादनको सूची तयार पार्न लगाउने<br>- स्थानीय स्तरमा उत्पादन हुने विभिन्न अन्नहरूको नाम र तिनीहरूको उत्पादन हुने क्षेत्रहरूको नाम भन्न लगाउने, जस्तै : धान, गहुँ कुडुले कोसीखोला फाँट,विर्ताबेसी,धुवाँकोट,पोखेलफाँट<br>- मकै कोदो  साविक सबै क्षेत्र र वस्ती आदि<br>- तरकारी उत्पादन हुने विभिन्न ठाउँहरूको नाम र तरकारीको नाम एवम् फलफूल खेती हुने क्षेत्र समेटिएको चार्ट वा तालिका प्रस्तुति र छलफल गर्न लगाउने<br>- पशुपालनका लागि मुख्य स्थानहरू र पशुहरूको नाम बताउने<br>- व्यवसायिक पशुपालन गरिएका क्षेत्रहरू र त्यसले आयआर्जनमा पुऱ्याएको योगदानको चर्चा गर्ने<br>- स्थानीय दुध डेरी र दुग्ध सङ्कलन केन्द्रहरूको नाम र त्यसले स्थानीय स्तरमा आयआर्जनमा दिएको योगदान सम्बन्धमा चर्चा गर्ने<br>- व्यापार क्षेत्र धादिङबेसी, टारीबेसी, ज्यामिरे, सुनौला बजारका सम्भव भएका क्षेत्रहरु भ्रमण गराएर होटल ,किराना सामान आदिको व्यापार बारे बताउने | - स्थानीय स्तरमा हुने विभिन्न उत्पादनको सूची तयार पार्नुहोस् ।<br>- तपाईंको पालिकामा पशुपालनका लागि बढी प्रख्यात ठाउँहरू कुन कुन हुन् ?<br>- उद्योग र व्यापारका क्षेत्रहरु नगरपालिका भित्र कहाँ कहाँ रहेका छन् ?<br>- सेवाको व्यवसाय भन्नाले के बुझिन्छ ?<br>- नगरपालिका भित्र हुने फलफूल उत्पादनको उल्लेख गर्दै फाइदा समेत लेख्नुहोस् । | १५ |

| | | | | |
|---|---|---|---|---|
| | | - उद्योगका लागि धादिङ बेसीका कङ्क्रिट, इट्टा आदि देखाउने<br>- सेवा क्षेत्र जागिर तथा मजदुरीका क्षेत्रहरु बरे बताउने<br>- नगरपालिकाभित्र फलफूल उत्पादनहरुको बारेमा बताउँदै यसका लागि आवश्यक जनशक्ति, उत्पादन प्रक्रिया र बजारीकरणको छलफल गराउने | | |
| ३.आफ्नो विगत तथा नगरपालिकाको इतिहास र महत्वपूर्ण गतिविधि | – नगरपालिकाको ऐतिहासिक बस्ती र इतिहासबारे जानकारी<br>– ऐतिहासिक तथा साहित्यिक र प्रशासनिक व्यक्तित्व ( राममणि दुवाडी र नवराज लम्साल)<br>– | - नगरपालिकाको इतिहास विभिन्न ऐतिहासिक बस्तीहरूको नाम बताउने, जस्तै सुनौला बजार ,रामकोट, जुरेथुम ज्यामरुङबारे परिचय गराउने ।<br>- नयाँ बस्तीहरूको जानकारी दिने, जस्तै : धादिङ बेसी,रायटार आदि<br>- नयाँ बस्तीहरू बढ्नका कारणहरू छलफल गर्ने<br>- ती ठाउँका चित्र वा फोटा प्रदर्शन गर्ने आदि<br>- साहित्यिक व्यक्तित्व नवराज लम्सालबारे परिचय गराउने ।<br>- ऐतिहासिक धरोहर तथा प्रशासनिक व्यक्तित्व राममणि दुवाडीको परिचय गराउने । | १. नगरपालिकाको इतिहास पुराना बस्तीहरूको नाम उल्लेख गर्नुहोस् ।<br>२. पछिल्लो समयमा नगरपालिकाको इतिहास नदी किनार र मुख्य सडक आसपासमा बस्ती विस्तार हुनुका कारणहरू खोजी गर्नुहोस् ।<br>३ | १५ |

| | | | | |
|---|---|---|---|---|
| ४.पर्यावरण संरक्षण र प्राकृतिक सम्पदा,स्रोत सुरक्षा | स्थानीय जडीबुटीहरूको पहिचान, महत्व र उपयोगिता चिनाउने र बताउने<br>- चिराइतो<br>- हर्रो, बर्रो र अमला<br>- ज्वानो<br>- दही कमला<br>- गुर्जो<br>- आकासबेली -पँहेलो लहरा)<br>- अरुण खोला, आँखु खोला, थोपल खोला आदिको महत्व<br>विद्यालय सरसफाइ र हरित विद्यालयको | - विभिन्न स्थानीय जडीबुटीहरूको चित्र वा फोटो प्रदर्शन गर्ने<br>- विभिन्न स्थानीयजडीबुटीहरूको वास्तवित नमुना प्रदर्शन गरी ति वस्तुहरूको परिचय दिने र महोव बताउने<br>- ज्वानो<br>- दही कमला<br>- गुर्जो<br>- आकासबेली र अमलाको उपयोगिता सम्बन्धमा प्रश्नोत्तर गर्दै स्पष्ट पार्ने<br>- थोपल, आँखु, अरुण खोला संरक्षण बारे स्थानीय क्षेत्र भ्रमण गराई योजना निर्माण गराउने ।<br>- यी खोला नदीको उपयोगिता बताउने ।<br>- भूक्षय, कटान, वृक्षरोपण आदिको जानकारी गराउने ।<br>- विद्यालय सरसफाइमा विद्यार्थी, शिक्षक नै परिचालन गराउने<br>- विद्यार्थीहरुकै सक्रियतामा विद्यालय कम्पाउन्डमा विरुवा रोप्ने, फुलबारी बनाउने, गोडमेल गराउने<br>- शिक्षकको समन्वयमा वातावरण क्लब गठन गर्ने र विद्यालयको सरसफाइमा सहभागिता गराउने | १.गुर्जोको उल्लेख गर्नुहोस् ।<br>२. हर्रो वर्रो र आमला कुन प्रयोजनका लागि बढी उपयोगी हुन्छ ?<br>२. थोपल खोला संरक्षणमा भएका कार्यहरु लेख्नुहोस् ।<br>३. अरुङ खोलाको उपयोगिता कुनकुन क्षेत्रमा भएको छ ?<br>४. विद्यालयमा फुलबारी निर्माण गर्न आफ्नो कक्षाको भूमिका लेख्नुहोस् । | १५ |

| | | | | |
|---|---|---|---|---|
| | जानकारी | | | |
| ५. नीलकण्ठ नगरपालिकाका सामाजिक मान्यता,समन्वय र सांस्कृतिक पक्ष | गुरुङ जातीका मुख्य बस्तीहरू, सोरठी नाच, जन्म, विवाह, मृत्यु, संस्कारको पहिचान, जनसंख्या र भाषा<br>• आफ्नो पालीकामा बोलिने भाषाको सम्मान र संरक्षण | - विद्यार्थीहरूलाई गुरुङ जातीको जन्म, मृत्यु र विवाह संस्कारको तालिका प्रस्तुत गरी छलफल गर्ने<br>- यो जातिको विवाह संस्कार झल्कने चित्रहरू प्रदर्शन गरी छलफल गराउने ।<br>- आफ्नो पालिकामा बोलिने विभिन्न भाषाहरूको नाम भन्न लगाउने<br>- ती भाषाहरूको सम्मान गर्ने तरिका बताइदिने<br>- शिक्षकले भाषाको संरक्षण गर्ने तरिकाहरू बताइदिने, जस्तै : मातृभाषामा पठनपाठन, भाषाको लिपिको पहिचान र प्रयोग, भाषालाई सरकारी कामकाजमा प्रयोग आदि<br>- अन्य समुदायसँग उनीहरुको सम्पर्क समन्वय बारे बताइदिने<br>- साझा चाडपर्वबारे छलफल गर्ने | - गुरुङ जातिको मृत्यु संस्कार उल्लेख गर्नुहोस् । | १५ |
| ६. नीलकण्ठ नगरपालिका | -कृषि विशेषज्ञका अध्ययन र उपयोगिता | - कृषि विशेषज्ञसँग अन्तक्रिया गराउने र कसरी बन्न सकिन्छ ? केके कामहरु गर्न सकिन्छ ? अन्तरवार्ताबाट निचोडमा पुग्ने ।<br>- काष्ठकलाका मिस्त्रीहरुसँग अन्तक्रिया गराउने | - कृषि विशेषज्ञ कसरी बन्न सकिन्छ ?<br>- काष्ठकलाकर्मीहरुको काम के रहेछ ? | |

| | | | | |
|---|---|---|---|---|
| भित्रका जनशक्ति र मानव संसाधन | -काष्ठकलाका सामान तयारी र पेशाको चिनारी<br>-सिमेन्ट लगाउने मिस्त्रीका काम र आवश्यक सामानको परिचय | - सामान बनाउन आवश्यक सरसामानको जानकारी गराउने<br>- सिमेन्ट लगाउने मिस्त्रीसँग अन्तक्रिया गराउने र त्यसका लागि आवश्यक सामानको ज्ञान दिने<br>- स्थानीय पेशाहरुको सूची निर्माण गराउने | - सिमेन्ट मिस्त्रीको लागि के के सामान चाहिने रहेछ ? | |
| ७.नीलकण्ठ नगरपालिकाका भौगोलिक र जनसङ्ख्यिक अध्ययन | - आफ्नो पालिकाको सिमानाका क्षेत्रहरु बताउन<br>- वडाहरुको विभाजन र जनसंख्या बताउन<br>- जातिगत जनसङ्ख्या वितरण भन्न ।<br>- नक्सामा ती क्षेत्रहरु | - आफ्नो पालिकाको सिमानाका क्षेत्रहरु नक्सा देखाएर बताउने<br>- मुख्य बस्तीहरु द्येखाउने र जातिगत आधारमा रहेका वस्ती र वडा गत जनसङख्या बताउने बताउन<br>- नक्समा वडाहरुको विभाजन देखाउने र नक्सा बनाएर वडा विभाजन गर्न लगाउने<br>- नक्सा बनाएर जातिगत जनसङ्ख्या वितरण भर्न लगाउने ।<br>- नक्सामा ती क्षेत्रहरु देखाउन भर्न लगाउने<br>- खाल्टे कालिका मन्दिर र स्थानीय बस्तीको भौगोलिक अध्ययन गराउने ।<br>- जिल्लाको नक्सामा आफ्नो स्थानीय तहको नाम भर्न । | १. तपाईंको पालिकाको नक्सा बनाउनुहोस् ।<br>२. नक्सा बनाएर वडागत तथा जातिगत विवरण भर्नुहोस् ।<br>३. धादिङको नक्सामा आफ्नो पालिका भर्नुहोस् । | १५ |

| | | | | |
|---|---|---|---|---|
| | देखाउन<br>- खाल्टे कालिका अवलोकन | | | |
| ८. विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन | ● निलकण्ठ नगरपालिका भित्र हुने प्रमुख प्रकोपहरुबाट हुने जोखिम र यसबाट बच्ने उपायहरु बारे बताउन ।<br>● प्रकोप तथा विपद् को अवस्था र यसका भिन्नता<br>● नगरपालिका भित्र | - नगरपालिका स्तरमा के कस्ता किसिमका प्रकोपहरु छन् भनि सोध्ने र विद्याथीलाई यसको सूची बनाउन लगाउने ।<br>- नगरपालिका भित्र रहेका सम्भावित जोखिमहरु छुटाउन लगाउने ।<br>- यसबाट बच्ने उपायहरुबारे छलफल चलाउने ।<br>- प्रकोप र विपद् भनेको के हो सो बारे बताउने ।<br>- सवै प्रकोप विपद् नहुन सक्छन् तर कस्तो अवस्थाका प्रकोपहरु विपद् हुन्छन् भनि छलफल गराउने  रयसका भिन्नताबारे पनि व्याख्या गरिदिने ।<br>- नगरपालिका भित्र विगतमा कुन कुन वडाहरु कस्ता किसिमका विपद्बाट प्रभावित भएका थिए प्रभावित वडाहरुको बारेमा बताईदिने । यसबाट परेका असरहरु बारे पनि छलफल गर्ने । | १. प्रकोप तथा विपद्का भिन्नताहरु बताउनुहोस ।<br>२. नगरपालिका भित्र विगतमा भएका मुख्य मुख्य विपद्का घटनाहरुलाई सूचीकृत गर्नुहोस ?<br>३. विपद् हुन नदिने उपायहरु बताउनुहोस ? | १४ |

| | | | | |
|---|---|---|---|---|
| | विपद्‌बाट प्रभावित वडाहरुको पहिचान तथा तथ्यांक संकलन | | | |
| ९. स्थानीय विकास निर्माण गोरेटो घोडेटो, पुल पुलेसा र सडकहरु | • निगालपानी भ्यू टावर अवलोकन<br>• ग्रामीण सडक - धादिङबेसी फोस्रेटार सडक)<br>• धादिङबेसी - भ-याङभुरुङ<br>• परिचय<br>– जनजीवनमा पारेको प्रभाव निर्माणाधीन चक्रपथको परिचय र महत्व | - निगालपानी भ्यू टावर अवलोकन र वर्णन गराउने<br>- स्थानीय ग्रामीण सडकको चित्र वा फोटा प्रदर्शन गर्ने<br>- धादिङबेसी फोस्रेटार सडक) ले जनजीवनमा ल्याएको परिवर्तनको सूची बनाउन लगाउने ।<br>- धादिङबेसी -भ-याङभुरुयी सडकहरूले जनजीवनमा पारेको प्रभाव सम्बन्धमा समूहसमूहमा छलफल गर्ने र प्रतिवेदन तयार पार्न लगाउने ।<br>- ती सडकको दीर्घकालीन सुरक्षाको योजना तयार गर्न लगाउने ।<br>- नीलकण्ठ नगरपालिकाका निर्माणाधीन चक्रपथका बारेमा छलफल गराउँदै यसको नाम, लम्बाइ, सेवाक्षेत्र, यसले हाम्रो जनजीवनमा ल्याउने सहजता बताउँदै वर्णन गराउने | १. धादिङबेसी फोस्रेटार सडकले जनजीवनमा पारेको प्रभाव उल्लेख गर्नुहोस् ।<br>२. धादिङबेसी - भऱ्याङभुरुङ सडकको परिचय दिनुहोस्<br>३. नीलकण्ठ नगरपालिकाको चक्रपथको केही भाग यात्रा गरी आफ्नो अनुभूति लेख्नुहोस् । | ११ |

| | | | | |
|---|---|---|---|---|
| १०.स्वस्थ्य नागरिक स्वस्थ्य नीलकण्ठ | • समुह बनाएर तेलकासा खेल्न<br>• समुहमा गिर खेल्न लगाउने<br>• स्थानीय तहका खेलको सूची तयार गर्ने<br>• स्थानीय उल्लेखित खेलहरुको नियम बनाउने<br>• योगासन गराउने<br>• अर्गानिक खानाको महत्व बताउन | • खूल्ला चौरमा विद्यार्थीहरुलाई लिएर जाने<br>• विद्यार्थीहरुलाई आवश्यकता अनुसार समुह बनाउने र आरम्भमा तेलकासाका नियमहरु भनिदिने र खेल्न लगाउने<br>• समुहमा नियम बनाई गिर खेलाउने<br>• अनुलोम, विलोम, प्राणायाम भ्रामरी उद्‌गीत तथा यौगिक जकिङ गराउने<br>• योगाभ्यास सबै आसन तथा प्राणायाम गर्न लगाउने<br>• स्थानीय तहमा खेलिने स्थानीय खेलहरु जस्तै गट्टा, लक्कुढलाइ आदिको विवरण सङ्कलन गरी चार्ट बनाएर टाँस्ने ।<br>• स्थानीय तहमै, आफ्नै करेसाबारीमा, फार्ममा कीटनाशक औषधि, बिषादि, रासायनिक मलको प्रयोग नगरी कम्पोष्ट मलको प्रयोग गरेर बस्तुहरुउब्जाउ गरी उपभोग गर्नुपर्दछ विद्यार्थीहरुका घरमा कस्ता अभ्यास भइरहेका छन् पालैपालो बताउन लगाउने र प्रत्येकले आजैबाट अभ्यास गर्न जोड दिने | १. स्थानीय खेलहरुको सूची बनाउनुहोस् ।<br>२. उद्‌गीन र भ्रामरी प्राणायाम बारे लेख्नुहोस् ।<br>३. तपाइँको घर वरिपरि अर्गानिक खेति कतै गरिएको हुनसक्छ । आफ्ना अभिभावकहरुसँग सोधखोज गरी सो ठाउँ भ्रमण गरी कृषकसँग एक छोटो अन्तरवार्ता तयार पार्नुहोस् । | |
| ११. नीलकण्ठ नगरपालि | आफ्ना पालिकाका केही पर्यटकीय | - जुरेथुम भ्यू टावर अवलोकन गराउने<br>- नीलकण्ठका पर्यटकीय रहेका मुख्य पर्यटकीय स्थलहरूको सूची तयार पार्न लगाउने | १. गुप्तेश्वर गुफाको अवस्थिति र महत्व उल्लेख गर्नुहोस् । | १३ |

| | | | | |
|---|---|---|---|---|
| काका पर्यटकीय र धार्मिक स्थल | गन्तव्यहरूको विशेषता र महत्व खोजी गर्न<br>– चमेरे गुफा<br>– शङ्खादेवी<br>– जुरेथुम बागेश्वरीबारे परिचय दिन | - जुरेथुम बागेश्वरी मन्दिरको अवस्थिति र महत्व सम्बन्धमा चित्र वा फोटो प्रदर्शन गर्ने र छलफलसमेत गराउने<br>- शङ्खादेवी मन्दिरको चित्र प्रदर्शन गरी त्यसको सौन्दर्य, महत्व आदि प्रस्तुत गर्ने<br>- ती मन्दिरहरू रहेकास्थान र पर्यटकीय सम्भावना सम्बन्धमा छलफल गर्ने र सम्भव भए अवलोकन भ्रमणसमेत गराउने<br>- गुप्तेश्वर गुफाको भ्रमण र वर्णन गर्ने | जुरेथुमको पर्यटकीय सम्भावनाबारे लेख्नुहोस् | |
| | | - | | |

## Class 7

**कक्षा७**

| क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | शिक्षणसिकाइ क्रियाकलाप | मूल्याङ्कन | पाठ्यभार |
|---|---|---|---|---|
| १.नीलकण्ठ नगर पालिकाको चिनारी | • नीलकण्ठ नगर पालिकाको गठन प्रक्रिया<br>• नीलकण्ठ नगरपालिकाले दिने सेवाहरू, वडापत्रबारे बताउन र पूर्वाधारहरुको अवस्था बताउन । | - नीलकण्ठ नगर पालिकाको वडापत्र प्रस्तुत गर्ने<br>- पालिकाका गठन प्रक्रिया उल्लेख भएको चार्ट वा तालिका प्रस्तुत गर्ने<br>- नगरपालिको गठन प्रक्रियाको चार्ट वा तालिका तयार पार्न लगाउने<br>- नीलकण्ठ नगर पालिकाकाले दिने सेवाहरूको सूची तयार पारी कक्षामा छलफल गराउने<br>- नीलकण्ठ नगर पालिकाकाले दिने सेवाहरू सम्बन्धमा सम्बन्धित नगरपालिका कार्यपालिका | १. नीलकण्ठ नगर पालिकाको गठन प्रक्रिया उल्लेख गर्नुहोस् ।<br>२. नीलकण्ठ नगर पालिकाले प्रदान गर्ने सेवाहरूको सूची तयार पार्नुहोस् ।<br>३. नगरपालिकाभित्र रहेको कुनै एक सामाजिक संस्था | १५ |

| | | | | |
|---|---|---|---|---|
| | • नीलकण्ठ नगरपालिकाभित्रका सामाजिक संस्थाहरुको विवरण बताउने । | कार्यालयमा कर्मचारी वा जनप्रतिनिधिलाई भेटी वा उनीहरूलाई कक्षामा बोलाई छलफल गर्न लगाउने<br>- नीलकण्ठ नगर पालिका रहेका स्वास्थ्यचौकी, अस्पताल, तिनले प्रदान गरेका सेवा सम्बन्धमा छलफल गराउने<br>- नीलकण्ठ नगर पालिकाबाट प्रकाशित र प्रशारित पत्रपत्रिका, एफ.एम. स्थानीय टेलिभिजन आदिको नाम र स्थानीय समाचारका प्रकृति सम्बन्धमा छलफल गराउने<br>- नीलकण्ठ नगरपालिकाभित्रका सामाजिक संस्थाहरुको सूची तयार गर्न लगाई आफ्नो वडामा रहेका सामाजिक संस्थाहरु भ्रमण गराउने र त्यसको उद्धेश्य र कार्यक्रमबारे छलफल गराउने<br>- नगरपालिकाको भौतिक पूर्वाधार हेर्न इन्जिनियरलाई बोलाई वा पालिकामा लगेर भौतिक पूर्वाधार निर्माणबारे अन्तरक्रिया गराउने । | भ्रमण गरी सो संस्थाको परिचय दिनुहोस् ।<br>३. नीलकण्ठ न.पा.को भौतिकपूर्वाधार विकासको सूची तयार गर्नुहोस् । | |
| २.नीलकण्ठ नगरपालिका भित्रका उत्पादन, पेशा व्यवसाय र | • स्थानीय कला र सिप<br>– सुकुल मान्द्रो<br>– डोको डालो नाम्लो<br>– हलो<br>– घुम | - विभिन्न स्थानीय कला र सिपको नाम भन्न लगाउने<br>- स्थानीय कला र सिप झल्कने विभिन्न विभिन्न चित्र वा फोटा सङ्कलन गरी कक्षामा प्रदर्शन गर्ने<br>- सकुल, मान्द्रो, डोको, डालो, हलो, आरन | १. हलो बनाउने स्थानीयसिपको महत्व उल्लेख गर्नुहोस् ।<br>२. आरनको आवश्यकता सम्बन्धमा चर्चा गर्नुहोस् । | १५ |

| | | | | |
|---|---|---|---|---|
| बजार | – आरन<br>● सहकारिको परिचय<br>● उद्यमशीलता कार्यक्रमको परिचय | आदिको चित्र प्रदर्शन गर्ने<br>- चकटी, गुन्द्री, स्याखु, घुम, ढकी, छत्री, हलो, जुवा, दुनाटपरी, मुडेघार, माटाका भाँडा आदिका चित्र प्रदर्शन गर्ने<br>- यी सिप भएका व्यक्तिलाई कक्षामा बोलाई सो सिप प्रदर्शन गर्न लगाउने<br>- स्थानीय सहकारी अभ्यासका नमूनालाई कक्षामा छलफल गराउने<br>- उद्यमशीलता कार्यक्रम के हो र यसका उद्धेश्यहरु के के हुन् छलफल गराउने | ३. सहकारी के हो र किन स्थापना गरिन्छ ?<br>४. नगरपालिकाबाट उद्यमशीलता कार्यक्रममा संलग्न भई तालिमपछि व्यवसाय संचालन गरेका व्यवसायीहरुको सूची तयार पार्नुहोस् । | |
| ३.आफ्नो विगत तथा नगरपालिकाको इतिहास र महत्वपूर्ण गतिविधि | – आफ्नो पालिकाका ऐतिहासिक व्यक्तित्व र सम्पदाहरू परिचय<br>– लेखक (बद्री दाहाल)<br>– पत्रकार (सीताराम वर्मा)<br>– समाजसेवी ( भूमिरमण नेपाल)<br>– थप स्थानीय व्यक्तित्वहरुको सूची<br>– नगरपालिकाभित्रका योजनाबद्ध विकासका परियोजनाहरुको | - सम्भव भए व्यक्ति उपस्थित गराइ अन्तरक्रिया गर्ने ।<br>- नीलकण्ठ नगरपालिकाकाका ऐतिहासिक सम्पदा एवम् व्यक्तित्वको चित्र वा फोटो प्रदर्शन र छलफल गराउने<br>- ती व्यक्तिहरूले देश  र समाजका लागि गरेका उल्लेखनीय योगदानको खोजी गर्न लगाउने<br>- उनीहरूको योगदानको सम्मान झल्कने गरी संवाद तयार गर्न लगाउने र संवादसमेत गर्न लगाउने<br>- नगरपालिकाको योजनाबद्ध विकासका परियोजनाहरु विशेष गरी खासगरी खानेपानी र शिक्षाका सवालमा छलफल गराई यसका प्रभावको खोजी गर्न लगाउने | १. आफ्नो गाउँपालिकाका ऐतिहासिक व्यक्तित्वहरूको नाम र योगदानको तालिका निर्माण गर्नुहोस् ।<br>२. तपाइँको क्षेत्रमा भएको महत्वपूर्ण व्यक्तिहरुको जीवनी लेख्नुहोस् ।<br>३. आफ्नो वडामा भएका विकासका परिवर्तनहरुको सूची बनाउनुहोस् । | १५ |

| | | | | |
|---|---|---|---|---|
| | जानकारी | | | |
| ४.पर्यावरण संरक्षण र प्राकृतिक सम्पदा,स्रोत सुरक्षा | प्राकृतिक सम्पदा र वातावरण संरक्षणका स्थानीय अभ्यासहरू<br>- खोला नदी किनाराको अतिक्रमणमा रोक<br>- वृक्षरोपण<br>- बीउ सुरक्षा भण्डारण<br>- वातावरण सम्बन्धी काम गर्ने संघसंस्था भ्रमण र तिनका कार्य अवलोकन<br>- घरबाट र कारखानाबाट निस्किएका फोहोरमैला व्यवस्थापनका कार्यहरु | - आफ्नो समुदायमा वातावरण संरक्षणका लागि गरिएका अभ्यासहरूको पालैपालो भन्न लगाउने<br>- वातावरण संरक्षणका स्थानीय अभ्यासको सूची तयार पार्न लगाउने<br>- वातावरण संरक्षणमा संलग्न स्थानीय अगुवालाई स्रोत शिक्षकका रूपमा कक्षामा आमन्त्रण गरी स्रोत कक्षा सञ्चालन गर्ने<br>- नदी प्रदूषण विरुद्धको अभियानसँग सम्बन्धित चेतनामूलक कार्यक्रमगीत, पोस्टर, र्‍याली, वक्तृत्वकला आदि सञ्चालन गर्न लगाउने<br>- विद्यालयको खाली जग्गा वा समुदायका खाली चउरमा वृक्षरोपण गर्न लगाई संरक्षणका उपायहरूसमेत अवलम्बन गर्न लगाउने<br>- घरबाट र कारखानाबाट कस्ता प्रकारका फोहोरमैला निस्किएका हुन्छन् भन्ने विषयमा छलफल चलाउने<br>- विद्यालय नजिक रहेको फोहोरमैला संकलन केन्द्र भ्रमण गराई उनीहरुको अनुभूति प्रस्तुत गर्न लगाउने<br>- सफा नगर कार्यक्रमका लागि आवश्यक नारा लेखेर सरसफाइ कार्यक्रम सञ्चालन गर्ने | १. नदी किनारालाई अतिक्रमण गर्न किन रोक लगाउनु पर्दछ ?<br>२. वृक्षरोपणको महत्व उल्लेख गर्नुहोस् ।<br>३. फोहोरमैला व्यवस्थापनमा स्थानीय टोलवासीको भूमिका कस्तो हुनुपर्दछ ?लेख्नुहोस् । | १५ |

| | | | | |
|---|---|---|---|---|
| ५. नीलकण्ठ नगरपालिकाका सामाजिक मान्यता,समन्वय र सांस्कृतिक पक्ष | • ब्राम्हण जातिको कुलपूजा र न्वागी संस्कार<br>विवाह तथा मृत्यु संस्कार,<br>धार्मिक स्थलहरू<br>• स्थानीय धार्मिक स्थलहरू: कोटको ,रामकोट, भैरवीकोट | - स्थानीय समुदायमा रहेका विभिन्न जातिहरूको सूची तयार पार्न लगाउने<br>- समुदायमा रहेका विभिन्न जातिमध्ये ब्राम्हण जातिको न्वागी र विवाह, जन्म, मृत्यु संस्कारको खोजी गरी कक्षामा प्रस्तुत गर्न लगाउने<br>- विद्यार्थीलाई समुदायमा अध्ययन गर्न पठाई ब्राम्हण जातिको संस्कार सङ्कलन गर्न लगाई कक्षामा प्रतिवेदन प्रस्तुत गर्न लगाउने<br>- स्थानीय धार्मिक स्थल जस्तै रामकोट र भैरवीकोटको चित्र, फोटो, भिडियो प्रदर्शन वा स्थलगत भ्रमण गराई जानकारी प्रदान गर्ने | - ब्राम्हण जातिको विवाह संस्कार उल्लेख गर्नुहोस् ।<br>- रामकोट कहाँ पर्दछ र त्यसको महत्व के छ ?<br>- भैरवीकोटको किन चर्चा गरिन्छ ? | १५ |
| ६. नीलकण्ठ नगरपालिका भित्रका जनशक्ति र मानव संसाधन | स्वास्थ्य विशेषज्ञहरु नर्स,डाक्टर हेल्थ असिसेन्ट, भेटनरी विज्ञसँग अन्तक्रिया गराउने<br>चित्र कोर्ने<br>चित्रकारहरुलाई कक्षामा बोलाएर चित्रकलाका विभिन्न विषयमा प्रशिक्षण गराउने<br>वाद्यवाधक विशेषज्ञका मुरली,बाँसुरी, मादलका बारेमा जानकारी दिएर | - स्वास्थ्य विशेषज्ञहरु नर्स,डाक्टर स्वास्थ्य क्षेत्रका भिडियो प्रदर्शन गर्ने गराउने<br>- चित्र कोर्ने चित्रकारहरुलाई कक्षामा बोलाएर चित्रकलाका विभिन्न विषयमा प्रशिक्षण गराउने<br>- चित्रकारिताका विविध विषयहरु तरिकाहरु प्रस्तुत गर्ने<br>- वाद्यवाधक विशेषज्ञका मुरली,बाँसुरी, मादलका बारेमा जानकारी दिएर प्रशिक्षण समेत गराउने<br>- पञ्चेबाजा बजाउन जान्नेलाई बोलाई प्रदर्शन गर्ने<br>- कुनै सामाजिक काम गरेको अनुभव कक्षामा बताउन लगाउने ।<br>- फरक फरक पेशा र यी बीचको अन्तरसम्बन्ध | १. स्वास्थ्य परीक्षण गर्न कहाँ जानुपर्दछ ?<br>२. नर्सको काम के हो ?<br>३. चित्रकलाको महत्व लेख्नुहोस्<br>४. पञ्चैबाजाबारे लेख्नुहोस् ।<br>५. हामी अन्य पेशाका मानिसबाट कसरी सहयोग लिन सक्दछौ ? लेख्नुहोस् ।<br>६) भेटेनरी विज्ञले के के काम गर्दछन् ? | |

| | | | | |
|---|---|---|---|---|
| | प्रशिक्षण समेत गराउने<br>• पञ्चेबाजा प्रशिक्षण चलाउन | बताउन हामीले अरुबाट लिएका सहयोग बताउँदै उनीहरुका विचार प्रस्तुत गर्न लगाउने | | |
| ७.नीलकण्ठ नगरपालिकाका भौगोलिक र जनसाङ्ख्यिक अध्ययन | - नगरपालिकाको भूगोल र यसका प्रमुख नदी, बन, खानी, टार, डाँडाको परिचय बताउने<br>- नीलकण्ठ नगरपालिकाको जनसङ्ख्या(जाति, भाषा, लिङ्ग, धर्म) अनुसार नक्सा र बारग्राफ देखाउने | - नगरपालिकाको भूगोल र यसका प्रमुख नदी, बन, खानी, टार, डाँडा नक्साको प्रयोग गरी विद्यार्थीहरु कुन कुन ठाउँ घुमेका छन् भनी सोध्दै वस्तुगत विवरण बताइदिने<br>- नीलकण्ठ नगरपालिकाको जनसङ्ख्याको चार्ट प्रस्तुत गर्ने<br>- नीलकण्ठ नगरपालिका रहेका महिला, पुरुष, विभिन्न जातिहरू र भाषागत जनसङ्ख्या विवरण सङ्कलन गर्न लगाउने<br>- ती विवरणलाई स्तम्भ रेखाचित्र, वृत्त चित्र आदिमा प्रस्तुत गर्न लगाउने | नगरपालिकाका नक्सा बनाई यसमा मुख्य नदी, बन, टार, डाँडा भर्नुहोस् ।<br>विद्यार्थीले तयार पारेको स्तम्भ रेखाचित्र, वृत्तचित्र आदिलाई निम्नलिखित आधारमा मूल्याङ्कन गर्ने<br>- विषयवस्तुको प्रस्तुति<br>- ढाँचा<br>- उपयुक्तता | १५ |
| ८. विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन | • विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापनका चरणहरुमा (विपद् पूर्व, विपद्को समय, विपद् पश्चात) गर्ने कार्यहरु | - नेपालमा भएका विपद्हरुका बारेमा जानकारी दिने (भुकम्प-२०७२, कोभिड-१९, सप्तकोशी नदीको बाढी)<br>- विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनका ३ चरणहरु गरिने कृयाकलापहरु (१)**विपद् पूर्वतयारी**: आपतकालीन योजना, दक्ष जनशक्तिका लागि आवश्यक तालिम, खोज, | १. विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनका चरणहरु के के हुन् ? बताउनुहोस ?<br>२ विपद् पूर्वतयारीका कार्यहरु के के हुन् ?<br>३. बातावरण प्रदुषणका | १५ |

| | | | | |
|---|---|---|---|---|
| | • प्रकोपलाई विपद्‌मा परिवर्तन हुन नदिनका लागि अवलम्बन गर्ने उपायहरु<br>• विद्यार्थीहरुको अगुवाईमा संचेतना कार्यक्रम संचालन<br>• वातावरण प्रदुषणका कारण तथा वच्ने उपाय<br>• नेपालमा हुने मुख्य मूख्य महामारीहरुलाई सूचीकृत गर्ने र यसका कारण, असर तथा प्रभाव र रोकथामका उपायहरु | उद्दार र राहत वितरणका लागि आवश्यक साम्रगी, जनचेतना कार्यक्रम(२)**विपद्‌को समयः** खोज, उद्दार तथा राहत कार्य (३)**विपद्‌ पश्चात** पुनस्थापना जस्ता कृयाकलापहरुका बारेमा जानकारी दिने<br>- विपद्‌ जोखिम न्यूनिकरण गर्ने उपायहरु बताईदिने जस्तैः पहिरो रोकथामका क्रियाकलापहरु, आगलागी तथा बाढी नियन्त्रण, सडक बनाउँदा अपनाउनु पर्ने सावधानी, घर बनाउँदा पालना गर्नुपर्ने मापदण्ड आदि<br>- विपद्‌ जोखिम न्यूनिकरणका लागि विभिन्न प्रकारका प्रकोप तथा विपद्‌ सम्बन्धी भिडियो प्रर्दशन गर्ने ।<br>- विद्यार्थीहरुको अगुवाईमा सचेतना कार्यक्रम संचालन गर्ने जस्तै विभिन्न सूचना लेखिएका पोष्टर, पम्पलेट सार्वजनिक स्थलमा टाँस्ने, र्‍याली निकाल्ने, सडक नाडक देखाउने<br>- वातावरण प्रदुषणका कारण तथा यसबाट वच्ने उपायहरु जसमध्ये प्लाष्टिक जन्य वस्तुहरु जलाउँदा यसबाट वातावरण तथा मानव स्वाथ्यमा पर्ने असरहरु, वन डढेलाले वातावरणमा पुराउने असर, फोहोरमैला व्यवस्थापन, पेटोल, डिजल जस्ता इन्धनको प्रयोगबाट हुने प्रदषण र ठूला गाडीहरु चलाउँदा आउने आवजबाट ध्वनि प्रदुषण आदि हुने र | कारणहरु के के हुन्‌ ?<br>४. नेपालमा भएका मूख्य माहामारीहरु कुन कुन हुन्‌ ? | |

| | | | | |
|---|---|---|---|---|
| | | यसलाई रोकथाम गर्ने उपायहरुको बारेमा चर्चा गर्ने<br>- नेपालमा हुने मुख्य मूख्य महामारीहरुलाई सूचीकृत गर्ने र यसका कारण, असर तथा प्रभाव र रोकथामका उपायहरुबारे व्याख्या | | |
| ९. स्थानीय विकास निर्माण गोरेटो घोडेटो, पुल पुलेसा र सडकहरु | ● स्थानीयग्रामीण सडक (धादिङ-आरुघाट सडक परिचय र त्यसले आयआर्जनमा पारेको प्रभाव<br>● नीलकण्ठ नगरपालिकाका सञ्चरको अवस्था र महत्व<br>● नीलकण्ठ नगरपालिकाको समाजसेवाको परिचय र महत्व<br>● यातायातमा पारेको प्रभाव<br>● विकास निर्माणमा जनसहभागिताको महत्व बताउन | - आफ्ना समुदायमा भएका सडकहरूको नाम पालैपालो भन्न लगाउने<br>- धादिङ-आरुघाट मार्गको परिचय उल्लिखित चार्ट वा तालिका प्रस्तुत गर्ने<br>- सरकारी र नीजि समाजसेवी संस्थाहरुको परिचय दिने, अवस्था बताइदिने, प्रदान गर्ने सेवाहरुको सूची प्रस्तुत गर्ने<br>- सो मार्गले समग्र पालिकाको विकास र त्यहाँका जनताको आयआर्जनमा पारेको प्रभाव सम्बन्धमा संवाद प्रस्तुत गर्न लगाउने<br>- विकास निर्माण कार्य भैरहेको स्थलमा लेजाने र जनसहभागिताबारे प्रष्ट पार्ने ।<br>- स्थानीय सडक र आयआर्जन सम्बन्धमा कुनै स्थानीयपत्रिकामा छाप्न मिल्ने समाचारको नमुना तयार पारी कक्षामा प्रस्तुत गर्न लगाउने<br>- स्थानीय तहमा भएका विकास निर्माणमा सहभागिता गर्न लगाई अनुभव बताउने | १. धादिङबेंसी आरुघाट मार्गले त्यस क्षेत्रका मानिसको आयआर्जनमा पारेको प्रभावको समीक्षा गर्नुहोस् ।<br>२. . नीलकण्ठ नगरपालिकाको केन्द्र साथै धादिङ जिल्लाको सदरमुकाम धादिङबेंसीमा रहेका समाजसेवा गर्ने संस्थाहरुले के के गरेका छन् लेख्नुहोस्<br>३. जनसहभागिता किन आवश्यक पर्छ ? | १४ |

| | | | | |
|---|---|---|---|---|
| | • आफ्नो क्षेत्रमा भएका विकास निर्माणका बारेमा सहभागिता | | | |
| १०.स्वस्थ्य नागरिक सभ्य नीलकण्ठ | स्थानीय खेलकुदहरुको समुहगत अभ्यास ( हनुमान नाच, टाकटुके नाच, कवाज), योगासनहरु शरीरिक व्यायाम गर्न हामीले दैनिक प्रयोग गर्ने भान्छाको प्रकार र प्रकृतिले हाम्रो स्वास्थ्यमा पार्ने प्रभावको बारेमा बताउने सदाचार र शिष्टाचारको व्यवहार सदाचारका शिष्टाचारका नीति श्लोकहरु | - स्थानीय खेलकुदहरुको समुहगत अभ्यास गराउने जस्तै हनुमान नाच, टाकटुके नाच, कवाज, योगासन बारे बताउने ।<br>- विद्यार्थीहरुलाई उनीहरुको घर घरमा प्रयोग गरिने भान्छाको बारेमा सोध्ने, कस्ता परिकार बन्दछन्, खानाको तालिका कस्तो हुन्छ जस्ता विषयमा कुराकानी गरी खाद्यपदार्थ र अखाद्यपदार्थको सूची बनाउन लगाउने<br>- विद्यालयको चमेना गृहमा विद्यार्थीहरुलाई लगेर प्रयोगात्मक रुपमा सिक्ने र सिकाउने वातावरण गर्ने<br>- सदाचार तथा शिष्टाचारको व्यवहार तथा गुणहरु बारेमा चर्चा गर्ने<br>- पारदर्शिता बारेमा चर्चा गराउने<br>- सदाचार सिकाउने केही नीति श्लोकहरु लेखाएर तिनका मर्म प्रष्ट बनाउने | १.हनुमान नाच केलाई भनिन्छ ?<br>२.योगासन भनेको के हो र योगिक जकिङ कसरी गरिन्छ ?<br>३.खाद्यपदार्थ र अखाद्यपदार्थको सूची बनाउनुहोस् ।<br>४.सदाचार केलाई भनिन्छ ?<br>५. पारदर्शिता किन आवश्यक पर्दछ ? | ११ |
| ११. नीलकण्ठ | स्थानीय पर्यटनका सम्भावनाहरूको खोजी | - नीलकण्ठका नगर पालिकामा रहेका मुख्य पर्यटकीय स्थलहरूको सूची तयार पार्न लगाउने | १.रक्तकाली मन्दिरको धार्मिक महत्व उल्लेख | १३ |

| | | | | |
|---|---|---|---|---|
| नगरपालिकाका पर्यटकीय र धार्मिक स्थल | गर्न<br>– रक्तकाली मन्दिर<br>– मालिका मन्दिर | - रक्तकाली मन्दिरको अवस्थिति र महत्व सम्बन्धमा चित्र वा फोटो प्रदर्शन गर्ने<br>- रक्तकाली तथा मालिका मन्दिर र यहाँको सांस्कृतिक तथा प्राकृतिक महत्वसमेत छलफल गराउने<br>- पालिकाको मालिका मन्दिरको अवस्थिति र महत्व एवम् यसको प्राकृतिक सौन्दय सम्बन्धमा छलफल र अन्तरक्रिया गर्ने र त्यहाँ लाग्ने मेलाको समयमा विद्यार्थीलाई अवलोकन भ्रमण गराई छलफल गराउने | गर्नुहोस् ।<br>२. मालिका मन्दिरको चित्र बनाई वर्णन गर्नुहोस् । | |
| | | - | | |

## Class 8

**कक्षा ८**

| क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | शिक्षणसिकाइ क्रियाकलाप | मूल्याङ्कन | पाठ्यभार |
|---|---|---|---|---|
| १.नीलकण्ठ नगर पालिकाको चिनारी | • नीलकण्ठ नगरपालिकाको शिक्षा र साक्षरता<br>• नीलकण्ठ | - आफले अध्ययन गरेको विद्यालय कहिले स्थापना भएको हो, पत्ता लगाउन लगाउने<br>- नीलकण्ठ नगरका रहेका क्याम्पस र माध्यमिक विद्यालयको नाम र स्थान खोजी गर्न लगाउने<br>- नीलकण्ठ नगरको साक्षरता अवस्था खोजी गर्न लगाई कक्षामा चार्ट वा ग्राफमा प्रस्तुतीकरण गर्न लगाउने | १. नीलकण्ठ नगर पालिकामा रहेकाविद्यालय, क्याम्पसहरूको नाम लेख्नुहोस् ।<br>२. नीलकण्ठ | १५ |

| | | | | |
|---|---|---|---|---|
| | नगरपालिकामा रहेका गैससको जानकारी<br>• आफू बसेको नगरपालिकाको नक्सामा प्राकृतिक, भौगोलिक र राजनीतिक विभाजन गर्न | - विद्यार्थीले आफू बसोबास गर्ने क्षेत्रमा रहेको अध्ययन केन्द्र, पुस्तकालय, वा सरकारी कार्यलय भ्रमण गराई त्यसको बस्तुगत विवरण सहित प्रतिवेदन तयार गर्न लगाउने<br>- आफू रहेको जिल्ला र प्रदेशको नाम, स्थानीय तहको सङ्ख्या, नामकरण, नक्सा, भौगोलिक, प्राकृतिक, राजनीतिक अवस्था आदि खोजी गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउने | नगरको साक्षरता अवस्थालाई वृत्तचित्रमा देखाउनुहोस् ।<br>३. पुस्तकालयको महत्व उल्लेख गर्दै पुस्तकालय भ्रमणको आफ्नो अनुभव लेख्नुहोस् । | |
| २.नीलकण्ठ नगरपालिका भित्रका उत्पादन, पेशा व्यवसाय र बजार | • नीलकण्ठ नगरका मुख्य व्यापारिक केन्द्रको परिचय र महत्व<br>- धादिङ बेसी, ज्यामिरे<br>- सुनौला बजार<br>- टारी बेसी<br><br>नीलकण्ठ नगरमा भएका उद्यमशीलता व्यक्तिहरु र | - विद्यार्थीहरूलाई आफ्नोनजिकको बजार कुन हो भनी प्रश्न गर्ने र प्राप्त उत्तरका आधारमा निम्नलिखित पूरक प्रश्नहरू पनि गर्ने,<br>जस्तै :<br>(क) त्यो बजारमा के के किनमेल गर्न जाने गर्नुभएको छ ?<br><br>(ख) त्यहाँ कुन कुन वस्तुहरू वढी मात्रामा पाइन्छन् ?<br>(ग) त्यहाँ तपाईंको गाउँबाट कुन सामानहरू बिक्रीका लागि लैजाने गरिन्छ?<br>- नीलकण्ठ नगर पालिकामा पर्ने थाहा भएका बजारहरूको नाम भन्न लगाउने<br>- नीलकण्ठ नगर पालिकाका मुख्य बजारहरूको छोटो परिचय दिने र ती बजारका विशेषताहरू र त्यहाँ हुने गतिविधिहरू खोजी गर्न लगाई कक्षामा प्रस्तुत गर्न | १. नीलकण्ठ नगरका मुख्य व्यापारिक केन्द्रको नाम र त्यहाँ हुने आर्थिक गतिविधिको चर्चा गर्नुहोस् ।<br>२. मेयर उद्यमशीलता कार्यक्रम अन्तर्गत व्यवसाय सञ्चालन गरेका व्यक्तिसँग अन्तर्वार्ता लिनुहोस् । | १५ |

| | | | | |
|---|---|---|---|---|
| | तिनका कार्यक्रमको महत्व बताउन | लगाउने ।<br>- बजारहरूको अवलोकन भ्रमण गराई त्यहाँ हुने आर्थिक क्रियाकलाप सम्बन्धमा त्यहाँका व्यापारीलाई सोध्ने प्रश्नावलीको नमुना तयारी र प्रश्न सोध्न लगाउने र प्राप्त उत्तरलाई समेटी प्रतिवेदन तयार पार्न लगाउने<br>- उद्यमशीलता कार्यक्रममा संलग्न भई व्यवसाय नै गरेका व्यक्तिहरुसँग अन्तरक्रियामार्फत् छलफल चलाउने | | |
| ३.आफ्नो विगत तथा नगरपालिकाको इतिहास र महत्वपूर्ण गतिविधि | नीलकण्ठ नगरपालिकाका ऐतिहासिक घटना तथा व्यक्तित्वहरु र जिल्लालाई पुऱ्याएको योगदान<br><br>नीलकण्ठ नगरपालिकाको विकासका आधारहरुको परिचय | - नीलकण्ठ नगरका क्षेत्रभित्र गतविगतमा घटेका विभिन्न ऐतिहासिक घटनाहरू, जस्तै : राजनीतिक घटना, सामाजिक सुधारका घटना आदि सङ्कलन गर्न लगाउने<br>- यी घटनासँग सम्वन्धित जानकार व्यक्तिहरूलाई स्रोतशिक्षकका रूपमा कक्षामा आमन्त्रण गरी छलफल गर्न लगाउने<br>- ती घटनाले यस ठाउँको मानव जनजीवनमा पारेको प्रभावको खोजी गर्ने लगाई छलफल गर्न लगाउने<br>- प्रजातान्त्रिक आन्दोलनमा यहाँबाट योगदान पुऱ्याउनेहरुको जीवनी बताउने<br>- साहित्यिक सामाजिक क्षेत्रहरुमा योगदान दिने व्यक्तिहरुको जीवनी लेख्न लगाउने<br>- नगरका महत्वपूर्ण व्यक्तित्व, लेखक, पत्रकार, राजनैतिक व्यक्तित्वहरुको जीवन र व्यक्तिवृत्त भन्न लगाउने ।<br>- नीलकण्ठ नगरपालिकाको मुख्य परियोजना स्थलहरु | नीलकण्ठ नगर पालिकामा घटेका कुनै दुई ऐतिहासिक घटनाको वर्णन गर्नुहोस् ।<br><br>नीलकण्ठ नगरपालिकाको परियोजनामा केन्द्रित रही एक स्थानीय समाजसेवीसँग गरिएको एक संवाद तयार पार्नुहोस् । | १५ |

| | | | | |
|---|---|---|---|---|
| | | भ्रमण गराउने, परियोजनासँग सम्वध्द व्यक्तिहरुसँग अन्तरक्रिया गराउने, | | |
| ४.पर्यावरण संरक्षण र प्राकृतिक सम्पदा,स्रोत सुरक्षा | प्राकृतिक सम्पदा र वातावरण संरक्षणमा स्थानीय सरकार र संघसंस्थाबाट भएका कार्यहरूको लेखाजोखा गराउने<br>वातावरणविद् भूमिरमण नेपालको चिनारी | - प्राकृतिक सम्पदा र वातावरण संरक्षणमा स्थानीय स्तरमा भएका प्रयासको अनुभव आदानप्रदान गराउने<br>- स्थानीय सरकारले प्राकृतिक सम्पदा र वातावरण संरक्षणमा पुऱ्याएको योगदानको खोजी गर्न लगाउने<br>- वातावरण संरक्षणमा गैर सरकारी संघ संस्थाबाट गरिएका योगदानको खोजी गर्न लगाउने<br>- विद्यालयमा प्राकृतिक सम्पदा र वातावरण संरक्षणकाका लागि योजना तयार पारी कार्यान्वयन गर्ने, जस्तै : विद्यालयमा फुलवारी निर्माण गर्ने, विद्यालय आसपासको खाली चउरमा वृक्षरोपण गर्ने आदि ।<br>- वातावरण संरक्षणमा कार्यहरूमा विद्यालयबाट सहभागिता जनाउन अभिप्रेरित गर्ने<br>- वातावरणविद् भूमिरमण नेपालसँग अन्तक्रिया र उनले गरेका संरक्षण कार्य बारे जानकारी गराउने | १.प्राकृतिक सम्पदा र वातावरण संरक्षणमा स्थानीय सरकारबाट भएका कार्यहरूको सूची तयार पार्नुहोस् ।<br>२.वाातावरण संरक्षणमा आफ्नो टोलबाट संचालन भएका कुनै क्रियाकलापमा सहभागी हुँदाको घटना बताउनुहोस् ।<br>३ वातावरणविद् भूमिरमण नेपालको परिचय गराउनुहोस् | १५ |
| ५. नीलकण्ठ नगरपालिकाका सामाजिक मान्यता,समन्वय र सांस्कृतिक | • स्थानीय स्तरमा हुने जात्रा र पर्व<br>• नीलकण्ठ नगरको पशुपति | - स्थानीय स्तरमा हुने विभिन्न जात्राहरूको नाम भन्न लगाई ती जात्राहरूमा के के हुन्छ, भन्न लगाउने<br>- माघे सङ्क्रान्ति तथा भैरवी जात्राको सामान्य जानकारी, जात्रा लाग्ने समय, त्यहाँ हुने मुख्य मुख्य क्रियाकलापहरू प्रश्नोत्तर गर्दै स्पष्ट पारिदिने<br>- नेवार तथा तामाङ जातिको जन्म, विवाह र मृत्यु | - नीलकण्ठ नगर क्षेत्रमालाग्ने भैरवी मन्दिरका सामाजिक सांस्कृतिक महत्व उल्लेख | १५ |

| | | | | |
|---|---|---|---|---|
| पक्ष | मन्दिरमा शिवरात्री, सत्बीज छर्ने मेला<br>• भैरवी मन्दिरमा दशै माघे सक्रान्तिको मेला<br>• गुप्तेश्वर मेला<br>• भुलभुले कालिका मेला तथा जुरेथुमको बागेश्वरी पूजा<br>• सोह्रघरको घाटुनाच<br>• स्थानीय नेवार तथा तामाङ जातिका फरक संस्कार (जन्म, विवाह, मृत्यु) | संस्कारसँग सम्बन्धित रही प्रश्नोत्तर गराउने<br>- नेवार तथा तामाङ जातिका पनि केही फरक संस्कारहरूमा छलफल गराउने<br>- सो जातिका अगुवालाई कक्षामा आमन्त्रण गरी उनीहरूको संस्कार सम्बन्धमा छलफल गराउने<br>- ल्होसार र सो पूजा गर्ने जाति र पूजा गर्दाका क्रियाकलाप चित्र वा भिडियो देखाउँदै स्पष्ट पार्ने<br>-<br>- नेवारहरुको लाखेनाच, म्हपूजा आदिको भिडियो प्रदर्शनी र प्रत्यक्ष अवलोकन गराउने<br>- नेवार तथा तामाङ जातिको जन्म तथा टाक्चे, विवाह, मृत्यु सँस्कारको चर्चा गराउने | गर्नुहोस् ।<br>- नेवार जातिको विवाह संस्कार लेख्नुहोस् ।<br>- सोह्रघरको घाटुनाचका बारेमा लेख्नुहोस्<br>- नेवार तथा तामाङ जातिको बारेमा लेख्नुहोस् | |
| ६. नीलकण्ठ नगरपालिका भित्रका | • समाजसेवा<br>• जनस्वास्थ्य<br>• सरसफाइकर्मी | - विभिन्न राष्ट्रिय, अन्तराष्ट्रिय, गैह्रसरकारी क्षेत्रमा काम गर्ने व्यक्तिहरुलाई बोलाइ कक्षामा आफ्नो पेशा तथा अध्ययनको बारेमा छलफल गराउने | १. समाजसेवा कतिकिसिमका हुन्छन् ? | |

| | | | | |
|---|---|---|---|---|
| जनशक्ति र मानव संसाधन | • इन्जिनियर<br>• कवि, लेखक<br>माथिका पेशाकर्मीहरुबारे बताउन | - वैतनिक तथा अवैतनिक समाजसेवाको चिनारी गराउने<br>- जनस्वास्थ्यविज्ञहरुको काम तथा अध्ययनका बारेमा नजिक रहेको जनस्वास्थ्य कार्यालयमा लगेर परिचय गराउने<br>- सरसफाइकर्मीका काम र यसले पुर्‍याएको सहयोगको चर्चा गराउने<br>- भवन पुल पुलेसा सडक सिञ्चाइ क्षेत्रमा का मगर्ने इन्जिनियरहरुका पेशा, सेवा तथा अध्ययनका बारेमा छलफल गराउन<br>- नीलकण्ठ नगरपालिका क्षेत्रमा मा भएका निम्न जनशक्तिको अध्ययन<br>- समाजसेवाहरुसँग अन्तरक्रिया गरी उनीहरुको काम बताउने ।<br>- जनस्वास्थ्य कार्यालय भ्रमण गराई सेवाबारे छलफल गराउने ।<br>- इन्जिनियरिङ विषय र उनीहरुले गर्ने कामबारे जनशक्तिसँग अन्तरक्रिया गराउने ।<br>- कवि लेखकले कस्ता विषयमा लेख्छन् र कसरी समाजलाई योगदान गर्छन् भन्ने विषयमा कवि लेखकलाई नै कक्षामा उपस्थित गराएर छलफल गराउने<br>- लेखकहरु,गाउँले बलदेव, डा.नवीनबन्धु पहाडीका कृतिगत विशेषता बताइदिने तथा स्थानीय गायक गायिकाहरुसँग अन्तक्रिया गराउने | २. जनस्वास्थ्य क्षेत्रका कामहरु के के रहेछन् ?<br>३. सरसफाइकर्मी हामीलाई किन आवश्यक पर्दछ ?<br>४. इन्जिनियरहरुले के कस्ता सेवा दिने रहेछन् ?<br>५. नगरपालिकाभित्रका कुनै एक कवि वा लेखकको जीवनी तयार पार्नुहोस् । | |

| | | | | |
|---|---|---|---|---|
| ७.नीलकण्ठ नगरपालिकाका भौगोलिक र जनसङ्ख्यिक अध्ययन | • नगरपालिकाको खानी भएका ठाउँहरुको पहिचान र यसका संरक्षणका उपायहरू<br>• नीलकण्ठ नगरपालिकाको जनसाङ्ख्यिक अवस्था र बसाइँसराइ | - नगरपालिकाभित्र भएका विभिन्न खानीहरूको नाम र स्थान खोजी गर्न लगाउने, जस्तै :स्टोन खानी,बालुवा खानी<br>- ती खानीहरूको संरक्षण र सुरक्षाका उपायहरूसम्बन्धमा समूहसमूहमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्न लगाउने<br>- ती खानी भएका ठाउँको संरक्षणमा स्थानीय सरकारले गरेका कार्यहरू खोजी गर्न लगाउने<br>- नगरपालिकाको जनसाङ्ख्यिक अवस्थालाई चार्ट, तालिका वा बारग्राफमा प्रस्तुत गर्ने<br>- नगरपालिकाको बसाइँसराइको अवस्था र त्यसले त्यहाँको सामाजिक आर्थिक क्षेत्रमा पारेको असर खोजी गर्न लगाउने | नगरपालिकाभित्र भएका खानीहरूको नाम र उत्पादित कच्चा पदार्थका विषेशता लेख्नुहोस् ।<br>विद्यार्थीहरूले तयार पारेको चार्ट, तालिका वा बारग्राफलाई निम्नानुसार मूल्याङ्कन गर्नुहोस् :<br>- विषयवस्तु<br>- ढाँचा<br>- प्रक्रिया<br>- प्रस्तुतीकरण | १५ |
| ८. विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन | • विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन चक्र<br>• विपद् जोखिम न्यूनिकरण | - विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनका चक्र ( पूर्वतयारी, प्रतिकार्य, पुनःस्थापना, पुनर्निर्माण, रोकथाम र अल्पीकरण) बारे बताउने<br>- विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनका लागि केन्द्र देखि स्थानीय स्तरमा सम्म स्थापना गरिएका संरचना बताउने ।<br>- स्थानीय स्तरमा विपद् व्यवस्थापनका लागि भएका | १. विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन चक्रहरु के के हुन् ?<br>२. विपद् जोखिम न्यूनकिरण तथा | १४ |

| | | | | |
|---|---|---|---|---|
| | तथा व्यवस्थापनका लागि केन्द्र देखि स्थानीय तह सम्मका संरचना बताउन<br>• स्थानीय स्तरमा विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनका लागि भएका संस्थागत व्यवस्थाहरु<br>- जिल्ला, स्थानीय, वडा र समूदाय स्तरीय विपद् व्यवस्थापन समिति<br>- वन बातावरण | प्रयासहरु बारे बताउने । जस्तैः (१) जिल्ला, स्थानीय, वडा र समूदाय स्तरीय विपद् व्यवस्थापन समिति (२) जिल्ला तथा स्थानीय स्तर आपत्कालीन सञ्चालन केन्द्र (३) वन बातावरण तथा विपद् व्यवस्थापन शाखा वा ईकाई (४) बारुण नियन्त्रक ईकाई (fire brigade unit)आदि बारे जानकारी दिने र यसले गर्ने प्रमुख कार्यहरु बारे पनि बताईदिने<br>- नगरपालिका स्तरमा विपद् जोखिम न्यूननिकरण तथा व्यवस्थापनका लागि गरिएका कामहरु बारे जानकारी दिन वन, वातावरण तथा विपद् व्यवस्थापन शाखा र आपत्कालीन सञ्चालन केन्दको भ्रमण गराउने ।<br>- आपतकालीन अवस्थामा सुरक्षा निकाय, बारुणयन्त्र नियन्त्रक ईकाई, नेपाल रेडक्रस सोसाइटी, स्काउट लगायत संस्थाहरुले सहयोग गर्ने तथा यिनीहरुको भूमिका बारे बताईदिने<br>- आपतकालीन अवस्थामा सुरक्षा निकाय, बारुण नियन्त्रक ईकाई, नेपाल रेडक्रस सोसाइटी, एम्बुलेन्स, नगरप्रहरीहरुले सहयोग गर्दछन् भनि बताउने उनीहरुले दिने सेवाप्रवाहका बारेमा छोटकरीमा जानकारी दिई फोन नं. उपलब्ध गराईदिने<br>- भौगलिक अवस्था अनुसार प्रकोपको प्रकारबारे जानकारी दिने जस्तै हिमाली भेगमाः हिँम पहिरो, भुकम्प, पहाडी भेगमाः पहिरो, आगलागी, भुकम्प, सडक दुर्घटना, महामारी, खडेरी जनावार आतंक, चट्याङ्ग र तराईमाः बाढी, हावाहुरी, जंगलीजनावर | व्यवस्थापनका लागि नगर स्तरीय संयन्त्रहरु के के हुन्?<br>३. भौगोलिक अवस्था अनुसार पहाडमा हुने प्रकोपहरु के के हुन् ?<br>४. विपद्बाट सवै भन्दा जोखिममा पर्ने वर्ग तथा समुदायहरु कुन कुन हुन् ? | |

| | | | | |
|---|---|---|---|---|
| | तथा विपद् व्यवस्थापन शाखा वा ईकाइ<br>- जिल्ला तथा स्थानीय स्तर आपत्कालीन सञ्चालन केन्द्र<br>- सुरक्षा निकाय<br>- बारणयन्त्र नियन्त्रण ईकाई<br>- नेपाल रेडक्रस सोसाइटी<br>● नगरपालिका भित्र जोखिममा रहेका वडाहरुको पहिचान र न्यूनीकरण गर्ने | आतंक, शीतलहर, भुकम्प, सडक दुर्घटना र लु आदिबाट बढी प्रभावित हुन्छन् भन्ने बताईदिने<br>- विपद्का समयमा विशेष ध्यान दिनुपर्ने वर्ग तथा समुदायबारे छलफल गराउने। जस्तैः महिला, बालबालिका, ज्येष्ठ नागरिक, पिछडिएका वर्ग आदि | | |

| | | | | |
|---|---|---|---|---|
| | उपायहरु<br>● विपद् व्यवस्थापनमा काम गर्ने सहयोगी निकायहरुको सूची<br>• नेपालको भौगोलिक अवस्था अनुसार प्रकोपको जोखिमबारे बताउने ।<br>• विपद्बाट सबैभन्दा बढी प्रभावित हुने वर्ग तथा समुदाय र व्यवस्थापनका कृयाकलापहरु | | | |
| ९. स्थानीय विकास निर्माण गोरेटो घोडेटो, | स्थानीय सडकले समग्र पालिको आर्थिक तथा | - आफ्नो स्थानीय स्तरमा भएका सडकले त्यहाँको जनजीवनमा पारेको प्रभाव पालैपालो भन्न लगाउने<br>- स्थानीय सडक (धादिङबेंसी-कर्णेश्वर) ले गाउँबस्तीको | १.स्थानीय सडकले त्यस क्षेत्रको सामाजिक र | ११ |

| | | | | |
|---|---|---|---|---|
| पुल पुलेसा र सडकहरु | सामाजिक विकासमा पारेको प्रभावबारे वर्णन गर्ने<br>नीलकण्ठ नगरपालिका भित्र रहेका उच्च शिक्षा प्रदायक संस्थाहरुको परिचय र महत्व बताउन | सामाजिक र आर्थिक क्षेत्रमा पारेका सकारात्मक प्रभावहरू उल्लिखित चार्ट प्रदर्शन गरी छलफल गर्ने<br>- स्थानीय सडकले त्यस क्षेत्रको सामाजिक र आर्थिक क्षेत्रममा पारेको प्रभाव सम्बन्धमा प्रश्नोत्तर गर्ने<br>- स्थानीय सडक निर्माण र पर्यावरण संरक्षण आजको आवश्यकता सम्बन्धमा वक्तृत्वकला प्रतियोगिता सञ्चालन गर्ने<br>- स्थानीय सडक सुरक्षा र सम्बर्द्धनबारे समूह कार्य गराउने<br>- नीलकण्ठ नगरपालिका भित्र रहेका उच्च शिक्षा प्रदायक संस्थाहरु कुन कुन हुन् कस्ता विषयहरु अध्ययन अध्यापन गरिन्छ त्यहाँबाट कस्ता प्रकारका जनशक्ति उत्पादन हुन्छ र त्यसले समाज विकासमा कसरी योगदान दिन्छ भन्ने सन्दर्भमा स्रोत शिक्षक व्यवस्था गरी अन्तरक्रिया गराउने | आर्थिक क्षेत्रममा पारेको प्रभाव उल्लेख गर्नुहोस् ।<br>२. आफ्नो स्थानीय स्तरमा भएका सडकले त्यहाँको जनजीवनमा पारेको प्रभावको सूची तयार पार्नुहोस् ।<br>३. तपाइँका अग्रजहरु नीलकण्ठ नगरपालिका भित्र रहेका क्याम्पसमा अध्ययन गर्नुभएको हुन सक्छ, उहाँहरुको सहयोग लिई क्याम्पसको परिचय लेख्नुहोस् । | |
| १०.स्वस्थ्य नागरिक सभ्य नीलकण्ठ | स्थानीय खेलकुदहरु कवाज योगासनहरु<br>उमेरको बृद्धिसँगै | –स्थानीय खेलकुदहरु सूची टिपोट गरी अभ्यास गराउने ।<br>– लोकनृत्यहरुको अभ्यास -कौडा, मारुनी, सोरठी, घाटु, खैजडी भजन<br>– समूहमा कवाज खेलाउने | १. मारुनी नाच के हो, बताउनुहोस् ।<br>२. योगासन किन आवश्यक पर्छ ? लेख्नुहोस् । | - |

| | | | | |
|---|---|---|---|---|
| | आइपर्ने समस्याहरुको व्यवस्थापनको परिचय र महत्व<br><br>वृध्दवृध्दाहरुसँगको व्यवहार र हेरचार<br><br>हाम्रो संस्कार र हाम्रो सभ्यता | – योगासनका सबै आसनहरु गराउने<br>स्वस्थता आहार विहारका साथसाथै आध्यात्मिकता, भावनात्मकतासँग पनि अन्तरसम्बन्धित हुने हुँदा विद्यार्थी घरबाट विद्यालय हुँदै समाज त्यसैगरी बाल्यवस्थाबाट किशोरावस्था हुँदै अगाडि बढ्दा आउन सक्ने तनाब, चिन्ता, दुख, समस्याहरुलाई सम्बोधन गरी सकारात्मक र रचनात्मक बन्न सहजता हुनेगरी छलफल गराउने<br>विद्यार्थीहरुकै अनुभवलाई आधार लिई स्वस्थ रहने उपायहरुको खोजी गर्न लगाउने<br>वृध्दवृध्दाहरुको हेरचाह कसरी गर्ने ,कस्तो व्यवहार गर्ने भन्ने बारेमा जानकारी गराउने<br>हाम्रो परम्परा र नीति शास्त्रमा भएका गुरु वन्दना नीति वन्दना श्लोकहरु बारे जानकारी गराउने<br>सभ्य नागरिकले पालन गर्नुपर्ने आचरण प्रस्तुत गर्ने | ३. शारीरिक स्वस्थताको साथसाथै मानसिक स्वस्थताको पनि आवश्यक छ ? आफ्नो बिचार गर्नुहोस् ।<br>४.गुरु वन्दना लेख्नुहोस्<br>५.सभ्य नागरिकले देखाउने आचरण लेख्नुहोस् | |
| ११. नीलकण्ठ नगरपालिकाका पर्यटकीय र धार्मिक स्थल | स्थानीय पर्यटनका सम्भावना र चुनौती र प्रवर्धन<br>– भैरवी<br>– वागेश्वरी मन्दिर<br>– शङ्खादेवी मन्दिर<br>– पशुपति | - आफ्नो स्थानीय तहका सम्भाव्य पर्यटकीय क्षेत्रहरूको नाम भन्न लगाउने<br>- ती पर्यटकीय क्षेत्रहरूको सामान्य परिचय दिने<br>- ती पर्यटकीय क्षेत्रहरूको फोटो वा भिडियो प्रस्तुत गर्ने<br>- भैरवी, बागेश्वरी मन्दिर र ि शंखादेवी मन्दिरको परिचय, महोव र सम्भावनाका सम्बन्धमा जानकारी प्रस्तुत गर्ने<br>- यी स्थानहरूको पर्यटन स्थानका रूपमा विकास गर्न के के चुनौती छन्, छलफल गर्ने | १.पशुपति मन्दिरको धार्मिक पर्यटन प्रवर्धनका उपायहरू उल्लेख गर्नुहोस् ।<br>२.भैरवी मन्दिरको एतिहासिक महत्व लेख्दै यसको पर्यटकीय लेख्नुहोस<br>४.वागेश्वरी | १३ |

| | | | | |
|---|---|---|---|---|
| | | - विद्यार्थीहरूलाई यी स्थानहरूको अवलोकन भ्रमण गर्न लगाई सम्भावना, चुनौती र प्रवर्धनका उपायहरू सोधखोज गर्न लगाउने<br>- यी ठाउँको पर्यटन प्रवर्धनमा स्थानीय सरकारले गरेका कामहरू खोजी गर्न लगाउने | मन्दिरको सांस्कृतिक महत्व उल्लेख गर्नुहोस् ।<br>३. खाल्टे कालिका मन्दिरको धार्मिक पर्यटन प्रवर्धनका उपायहरू सुझाउनुहोस् । | |
| | | - | | |